
सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

६ साउन २०८३, बुधबार (22 July 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक १०० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

शिक्षा र स्वास्थ्यको ३% कर हटाएको फेसबुकबाट घोषणा



Balen
7h ·

निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको ३% समता कर अहिले भने बमोजिम नै कार्यान्वयन गर्दा आममानिसले थप खर्च र निराशा भोग्नु पर्ने देखियो यसैले माननीय अर्थमन्त्री स्वर्णिम वाग्लेसँगको परामर्शपछि हालका लागि शिक्षा समता शुल्क र स्वास्थ्य समता शुल्क लागू नगर्ने निर्णय गरिएको छ ।

■ प्रधानमन्त्री बालेन्द्र शाहले फेसबुकबाट घोषणा गर्दैमा कर हट्दैन, यसका लागि मन्त्रिपरिषद्ले निर्णय गरेर राजपत्रमा प्रकाशित गर्नुपर्छ, जुन अहिलेसम्म भएको छैन

यस्तो छ कर हटाउने कानुनी प्रक्रिया

करका दरहरू संसद्बाट पारित गरेर कार्यान्वयन भए पनि छुट दिन सक्ने अधिकार सरकारसँग हुन्छ । आर्थिक ऐन, २०८३ को दफा १८ मा सरकारले करका दर घटाउन, बढाउन वा छुट दिन सक्ने अधिकार छ । 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यकताअनुसार यो ऐन र अन्य प्रचलित कानुनबमोजिम लगाइएका दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ,' उक्त ऐनको दफा १८ को उपदफा १ मा भनिएको छ । तर, यसको प्रक्रिया भने पुऱ्याउनुपर्छ । मन्त्रिपरिषद्बाट निर्णय गरेर राजपत्रमा प्रकाशित गरेपछि मात्रै कार्यान्वयनमा आउने करविज्ञ शेषमणि दाहाल बताउँछन् । 'आर्थिक ऐनको दफा १८ ले करका दरहरू हेरफेर गर्ने अधिकार सरकारलाई दिएको छ । मन्त्रिपरिषद्ले निर्णय गरेर राजपत्रमा सूचना प्रकाशन गरेपछि निजी शिक्षा र स्वास्थ्य सेवामा लगाइएको ३% प्रतिशत शुल्क हटाउने घोषणा कार्यान्वयनमा आउनेछ,' उनले भने ।

शिवहरि घिमिरे / नयाँ पत्रिका

संविधानमै मौलिक हकअन्तर्गत राखिएको शिक्षा र स्वास्थ्यमा सरकारले लगाएको ३% समता शुल्क (कर)को चौतर्फी विरोध भएपछि प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले फेसबुकमार्फत हटाएको घोषणा गरेका छन् । तर, सरकारले आर्थिक ऐनमै किटान गरेर संसद्बाटै पारित भई कार्यान्वयनमा आइसकेको कर सामाजिक सञ्जालबाट प्रधानमन्त्रीले घोषणा गर्दैमा स्वतः हट्दैन । मन्त्रिपरिषद्ले निर्णय गरेर राजपत्रमा सूचना प्रकाशित गरेपछि मात्रै यस्तो कर खारेज हुन्छ ।

सरकारले शिक्षा र स्वास्थ्यमा लगाएको समता शुल्क १ साउनदेखि कार्यान्वयनमा आएको थियो । निजी शिक्षण र स्वास्थ्य संस्थामा अध्ययन र उपचार गर्दा लाग्ने खर्चको ३% समता शुल्क उठाउन सुरु भइसकेको थियो । बिरामीबाट टिकट, एम्बुलेन्स, शववाहन र रगतको प्रयोगदेखि डायलाइसिस र क्यान्सरको उपचारसम्म मात्रै होइन, मृत्युपछि शवगृह शव राखेबापत पनि कर उठाउन थालेपछि नयाँ पत्रिकाले सोमबार 'रोगमा मात्रै होइन, शवमा पनि कर' शीर्षकमा मुख्य समाचार प्रकाशित गरेको थियो ।

प्रधानमन्त्री शाहले मंगलबार फेसबुक स्टाटस लेखेका छन्, 'निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको ३% समता कर अहिले भनेबमोजिम नै कार्यान्वयन गर्दा आममानिसले थप खर्च र निराशा भोग्नुपर्ने देखियो । यसैले माननीय अर्थमन्त्री स्वर्णिम वाग्लेसँगको परामर्शपछि हालका लागि शिक्षा समता शुल्क र स्वास्थ्य समता शुल्क लागू नगर्ने निर्णय गरिएको छ ।'

अर्थमन्त्रीसँग परामर्श गरेर नै उक्त कर हटाएको प्रधानमन्त्रीले बताएका छन् ।

» पृष्ठ २ मा क्रमशः

विद्युत्मा लगाएको ५% भ्याट पनि फिर्ता गर्नुपर्ने आवाज

इन्धनमा परनिर्भरता हटाउन र वार्षिक करिब तीन खर्ब बाहिरिनबाट रोक्न देशभित्रै विद्युत् उत्पादन बढाउनुपर्ने र आमउपभोक्ताकालाई सवारीसाधनदेखि भान्सासम्म विद्युत् प्रयोगमा आकर्षित गर्नुपर्ने विज्ञहरू सुझाइरहन्छन् । तर, सरकारले उल्टै मासिक ५० युनिटमाथि विद्युत् उपभोग गर्दा ५% भ्याट लगाएको छ । सरकारको यो निर्णयको चौतर्फी आलोचना भइरहेको छ । तर, सरकारले शिक्षा र स्वास्थ्यको समता शुल्क हटाउने कदम लिए पनि विद्युत् भ्याट यथावत् राखेको छ ।

मंगलबार प्रमुख प्रतिपक्षी दल काग्रेसका सभापति गगन थापाले विद्युत्मा लगाएको भ्याट फिर्ता लिन सामाजिक सञ्जालमार्फत माग गरे । 'सरकारको निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको ३% समता कर लागू नगर्ने निर्णयको स्वागत छ । उक्त निर्णयलाई कार्यान्वयनमा लैजान आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पनि रितपूर्वक पूरा होस्,' उनले भने, 'साथै, सरकारले बिजुलीमा लगाइएको भ्याटजस्ता अन्य अव्यावहारिक कर तथा नीतिगत त्रुटिहरू पनि सच्याउँदै आमनागरिकको मर्म बुझोस् ।' त्यस्तै काग्रेस संसदीय दलका नेता भीष्मराज आडदेम्बेले पनि विद्युत् विलासिताको वस्तु मात्र नभई आधारभूत आवश्यकता भएकाले ५% भ्याट हटाउन माग गरेका छन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

दुई वर्षपछि सत्ता सहकार्यको तयारीमा ओली-प्रचण्ड

प्रदेशमा सर्वदलीय सरकार बनाउन काग्रेस सहमत नभए एमाले-नेकपा मिलेर सरकार बनाउने समझदारी

शुरोजंग पाण्डे / नयाँ पत्रिका

दुई वर्षअघि सत्ताकै झिनाझप्टीमा सहकार्य तोडेर दुई किनारा लागेका एमाले अध्यक्ष केपी ओली र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल प्रचण्ड फेरि प्रदेश सत्ताका लागि नजिकिएका छन् । एमाले र रास्वपाको समर्थनमा १८ महिनासम्म संघ सरकारको नेतृत्व गरेका तत्कालीन नेकपा (माओवादी केन्द्र)का अध्यक्ष प्रचण्ड ०८१ असारमा एमालेले समर्थन फिर्ता लिएपछि पदमुक्त भएका थिए । त्यतिवेलै संघदेखि प्रदेशसम्म सत्ता सहकार्यका लागि ओली र काग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवाबिच भएको सहमति कार्यान्वयनमा अहिले विवाद भएपछि प्रदेशमा एमाले-नेकपा मिलेर सरकार बनाउने समझदारी गरेका हुन् ।

१७ असार ०८१ मा ओली र देउवाबिच भएको सहमतिअनुसार ओली प्रधानमन्त्री बनेका थिए । प्रदेशहरूमा पनि सहमतिअनुसार नै नेतृत्व बाँडफाँट गरेका थिए । तर, प्रधानमन्त्रीमा देउवाको पालो आउन नपाउँदै जेन-जी आन्दोलनले देशको सत्ता उलटफेर गरिदिएको थियो ।

निर्वाचनमा नराम्रोसँग पराजित ती दल केन्द्रीय सत्ताको घेराबाहिर पुगेका छन् । तर, प्रदेशहरूमा दुवै दलको सहकार्यमा सरकार चलिरहेकामा काग्रेसमा आएको नयाँ नेतृत्वले १७ असार ०८१ को सहमतिअनुसार नेतृत्व फेरबदलको आवाज उठाएपछि एमालेसँग सम्बन्ध चिसिन सुरु भयो । त्यसपछि प्रदेश सभाहरूमा सरकार निर्माणका लागि 'म्याजिक नम्बर' रहेको नेकपासँग काग्रेस र एमाले दुवैले संवाद चलाए । संवादले एमाले र नेकपालाई नजिक्याएको हो ।

» पृष्ठ २ मा क्रमशः





■ ओलीसँग गुन्डुमा भेटेलगत्तै जनकपुर पुगेर प्रचण्डले भने-

अहिले देशको राजनीतिक घटनाक्रमले वाम शक्तिबिच सहकार्य बढिरहेको छ, त्यसका लागि एमालेसँग कुराकानी चलिरहेको छ ।

● नेकपा प्रवक्ता प्रकाश ज्वाला भन्छन्-

हाम्रो संयोजकले सर्वदलीय सरकारको प्रस्ताव राख्नुभयो



हाम्रोतर्फबाट प्रचण्ड कमरेडले संविधान बनाउने, लोकतन्त्र र संघीयता पक्षधर प्रमुख तीन पार्टी मिलेर प्रदेशहरूमा चुनावी सर्वदलीय सरकार बनाउने प्रस्ताव राख्नुभयो, यही प्रस्ताव उहाँले काग्रेस सभापतिलाई पनि राख्नुहुन्छ । अहिलेका लागि यो प्रस्ताव नै उपयुक्त भए पनि काग्रेस सभापतिको कस्तो रेस्पोन्स आउँछ, त्यस आधारमा नै एमालेसँग अलग्गै सहकार्य हुन्छ कि हुँदैन टुंगो लाग्छ ।

● एमाले सचिव पद्मा अर्याल भन्छिन्-

दुई नेताबिच सम्भावित सहकार्यबारे छलफल भएको छ



देशको अहिलेको अवस्था वाम-लोकतान्त्रिक शक्तिबिच सहकार्यको आवश्यकता छ, प्रदेशहरूमा पनि त्यसरी नै जाँदा उपयुक्त हुन्छ भन्ने पार्टीको निष्कर्ष हो । दुई नेताबिच भएका कुराकानीको औपचारिक जानकारी नभए पनि उहाँहरूबिच त्यस्तै संवाद भएको बुझिन्छ ।

बागमती : **आज बाहिरिँदै एमाले मन्त्रीहरू**

एमाले मन्त्रीहरूले बुधबार बिहान मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई राजीनामा बुझाउने तयारी छ । प्रदेश सरकारमा सहभागी एमालेका ६ मन्त्रीको मंगलबारको बैठकले बुधबार बिहान मुख्यमन्त्रीसमक्ष सामूहिक रूपमा राजीनामा बुझाउने र सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको हो । एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले पार्टीको केन्द्रीय निर्देशनअनुसार सरकारबाट बाहिरिने निर्णय भएको बताए । 'केन्द्रको निर्णयअनुसार सरकारबाट बाहिरिने प्रक्रिया अघि बढेको छ । मन्त्रीहरूले सामूहिक रूपमा राजीनामा बुझाउनेछन् र सरकारलाई दिएको समर्थन पनि फिर्ता लिइनेछ,' उनले भने ।

सुदूरपश्चिम : **केन्द्रको निर्णय कुर्दै दलहरू**

एमाले मन्त्रीहरू बाहिरिएपछि काग्रेस नेतृत्वको सुदूरपश्चिम सरकार अल्पमतमा छ । नयाँ सरकार गठनका लागि प्रदेश सभाकै सबैभन्दा ठुलो नेकपाले नेता खगराज भट्टको नेतृत्वमा समिति नै गठन गरेर एमाले र काग्रेस दुवैसँग समानान्तर रूपमा छलफल गरिरहेको छ ।

कर्णाली : **अविश्वासको प्रस्ताव नै अलमलमा**

कर्णालीमा मुख्यमन्त्री यामलाल कँडेलविरुद्ध काग्रेस र नेकपाले अविश्वासको प्रस्ताव दर्ता गराएका छन् । गत बिहीबार अविश्वासको प्रस्ताव दर्ता गरे पनि त्यसयता प्रक्रिया अगाडि बढेको छैन । काग्रेसका ११ र नेकपाका पाँचसहित १६ सांसदले अविश्वासको प्रस्ताव दर्ता गर्दै मुख्यमन्त्रीमा काग्रेसका जीवनबहादुर शाहीको नाम प्रस्ताव गरेका थिए ।

कोशी : **पर्ख र हेरको स्थिति**

एमाले नेता हिक्मत कार्की नेतृत्वको सरकार नछाडेको काग्रेसले आफू नेतृत्व गर्न चाहिरहेको छ । यसअघि आफ्ना मन्त्री फिर्ता बोलाउने तयारी गरे पनि केन्द्रको निर्णय कुर्ने भन्दै काग्रेस प्रदेश संसदीय दल ब्याक भएको थियो ।

● काग्रेसले नेतृत्व गरेको मधेश र गण्डकी तथा एमालेले नेतृत्व गरेको लुम्बिनीमा अहिलेसम्म अविश्वासको प्रस्ताव लैजाने वा मन्त्री फिर्ता बोलाउने कुनै पनि प्रक्रिया चलेको छैन ।

नागरिक उड्डयनका पूर्वमहानिर्देशक अधिकारीविरुद्ध छैटौं मुद्दा दायर

ठेक्का दिलाएबापत श्रीमतीको नाममा लिएका थिए पौने दुई करोडको जग्गा

नयाँ पत्रिका

ठेक्कामा सहजीकरण गरिदिएबापत ठेकेदारसँग एक करोड ७१ लाख रुपैयाँ घुस लिएको अभियोगमा नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक प्रदीप अधिकारीविरुद्ध घुस र सम्पत्ति शुद्धीकरणको मुद्दा दायर भएको छ । हाल पुर्पक्षका लागि थुनामा रहेका अधिकारीविरुद्ध यसअघि नै पाँच मुद्दा दायर भइसकेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मंगलबार अधिकारीविरुद्ध मुद्दा दायर गरेको हो । उनले श्रीमतीको नाममा ललितपुरमा ११ आना जग्गा घुसबापत लिएको अख्तियारले पत्ता लगाएको छ । घुस लुकाउने, रूपान्तरण र हस्तान्तरणको कामसमेत गरेको भन्दै आयोगले सम्पत्ति शुद्धीकरणको मुद्दा पनि

» पृष्ठ २ मा क्रमशः



● गायत्री निर्माण सेवालाई नागरिक उड्डयन प्राधिकरणअन्तर्गतका विभिन्न ठेक्काहरू दिलाएका थिए । त्यसबापत ठेकेदार प्रेमप्रकाश ढकालसँग एक करोड ७१ लाख घुस लिएका थिए । सो रकमले ललितपुरमा श्रीमतीको नाममा जग्गा खरिद गरेको अख्तियारले जनाएको छ ।

प्रहरी दमनले थप क्रुद्ध भारतका जेन-जी प्रदर्शनकारी

● सोमबारको दमनका बाबजुद मंगलबार पनि ठुलो संख्यामा विद्यार्थी तथा युवाहरू संसद् चलो मार्चका लागि पुनः जम्मा भए ।

● प्रदर्शन आह्वान गरेका सिजेपी नेता अभिजित दिपकेले अब आफूहरू सरकारसँग वार्ता गर्न नजाने, सरकारले वार्ता चाहे जन्तरमन्तरमा आउनुपर्ने बताए । (समाचार पृष्ठ ५)



दुई चिरा भएर बिपीलाई सम्झँदै काग्रेस



जिल्ला र निर्वाचन क्षेत्रस्तरमा समेत समानान्तर कार्यक्रम (विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



नागरिकताको पर्खाइमै ८२ वर्ष

नागरिकता नहुँदा अँध्यारोमा रात काट्दै रामदेवका तीन पुस्ता, ट्युबवेलको पानीको भर

झापामा **चिरञ्जीवी घिमिरे**

झापा दमक नगरपालिका- ८, विरानटोलको एउटा कुनामा जस्ताले बारेर बनाइएको चिसो र साँघुरो झुप्रो छ । साँझ पर्नेबित्तिकै आसपासका घर झिलिमिली उज्यालोले जगमगाउँछन्, तर त्यो झुप्रो भने अन्धकारमा डुब्छ । न त त्यहाँ बिजुलीको लाइन छ, न खानेपानीको धारा नै ।

झापाको गौरीगन्ज गाउँपालिका- ३ मा जन्मिएका ८२ वर्षीय रामदेव महतो आफ्नै देशभित्र 'अपरिचित' भएर जीवनको उत्तरार्ध काट्न बाध्य छन् । कारण एउटै छ, उनको हातमा नेपाली नागरिकता छैन ।

नागरिकता नभएकै कारण न त उनले बिजुलीको मिटर जोड्न पाएका छन्, न खानेपानीको सुविधा । अरूको ट्युबवेलबाट मागेर पानी पिउनुपर्ने बाध्यता छ । सहरमा सडकबत्ती बलेपछि त्यसैको उज्यालोको सहारामा परिवारले रातको खाना खान्छन् ।

'ठुलो पानी पर्दा टिनको छाप्रोले छेक्दैन, रातभरि भिजेरै बस्छौं,' रामदेवकी छोरी

» पृष्ठ २ मा क्रमशः



नागरिकताको पर्खाइमा रहेका ८२ वर्षीय रामदेव र उनकी छोरी वसन्ती महतो

'म गौरीगन्जमै जन्मिएको हुँ । बुबाआमा पनि सुकुमवासी हुनुहुन्थ्यो । केही नभएपछि दमक आएर बसेको हुँ । म नेपाली नै हो । तर, मेरो नागरिकता अझै बनेन,' गहभरि आँसु पार्दै रामदेव आफ्नो पीडा पोख्छन्, 'वडा जाँदा प्रमाण मागिन्छ, सानैमा बुबाआमा बितेका हुन्, कहाँबाट ल्याउनु प्रमाण ? सिडिओ कार्यालय जाँदा काम हुँदैन । 'तिम्रो मात्र कुरा सुन्ने फुर्सद छैन, अब नआउनू ।'

LG
CG ELECTRONICS

LG Essential Series

हरेक घरको खुशी
घर घरमा LG



No Cost EMI*
नागरिकता भए पुग्छ !

*For more information, please visit www.lg.com/np. T&Cs Apply.
Creative Visualization. Images are for representation purpose only, actual product may vary from model to model.

CG Lifestyle cglifestyle CG Lifestyle @cglifestyle official CG Lifestyle

For ONLINE PURCHASE
Visit Nearest LG AUTHORIZED DEALER

CG ELECTRONICS
CUSTOMER CARE: TOLL FREE NO. 166 00 100 211, 9851202211
FOR DEALERSHIP ENQUIRY: KATHMANDU VALLEY: 9851211064 OUTSIDE VALLEY: 9855020900, 9854022560
FOR CORPORATE ENQUIRY 9851047729, 9851012539

दुई वर्षपछि...

पृष्ठ १ बाट क्रमशः

कांग्रेससहित तीनै ठुला दल मिलेर प्रदेशमा चुनावी कांग्रेससहित तीनै ठुला दल मिलेर प्रदेशमा चुनावी सरकार बनाउन चाहिरहेका ओली र प्रचण्डले कांग्रेस नमाने दुई दलको सहकार्य अघि बढ्ने समझदारी गरेका हुन् । एमालेसँग सहकार्य गर्न अनिच्छा देखाउँदै कांग्रेस सभापति थापाले बरु प्रतिपक्षमा बस्ने बताइसकेका छन् । आइतबार श्रीलंकाबाट फर्किएका प्रचण्ड मंगलबार ओलीलाई भेट्न गुन्डुस्थित निवासमा पुगेका थिए । ओलीसँग छलफलपछि उनी पार्टी कामको सिलसिलामा जनकपुर पुगेका थिए । जनकपुरधाममा सञ्चारकर्मीसँग कुरा गर्दै प्रचण्डले पछिल्लो राजनीतिक घटनाक्रमले वाम शक्तिहरूबिच सहकार्यको वातावरण बनेको र एमालेसँगको सहकार्य अगाडि बढिरहेको बताए ।

'अहिले देशको राजनीतिक घटनाक्रमले वाम शक्तिबिच सहकार्य बढिरहेको छ, त्यसका लागि एमालेसँग कुराकानी चलिरहेको छ,' प्रचण्डले भने । ओलीसँगको भेटलगत्तै आएको उनको यो अभिव्यक्तिले दुई पार्टी प्रदेशमा सरकार बनाउन नजिकिएको खुलेको छ ।

नेकपा प्रवक्ता प्रकाश ज्वालाले ओलीसँगको भेटवार्तामा सकारात्मक कुराकानी भए पनि मिलेर जाने विषय निष्कर्षमा नपुगेको बताए । 'हाम्रोतर्फबाट प्रचण्ड कमरेडले संविधान बनाउने, लोकतन्त्र र संघीयता पक्षधर प्रमुख तीन पार्टी मिलेर प्रदेशहरूमा चुनावी सर्वदलीय सरकार बनाउने प्रस्ताव राख्नुभयो, यही प्रस्ताव उहाँले कांग्रेस सभापतिलाई पनि राख्नुहुन्छ,' उनले भने, 'अहिलेका लागि यो प्रस्ताव नै उपयुक्त भए पनि कांग्रेस सभापतिको कस्तो रेस्पोन्स आउँछ, त्यस आधारमा नै एमालेसँग अलग्गै सहकार्य हुन्छ कि हुँदैन टुंगो लाग्छ ।' ज्वालाले सहसंयोजक माधवकुमार नेपालसँगको परामर्शपछि एउटा निष्कर्षका आधारमा संयोजक प्रचण्डले अब कांग्रेस सभापति थापासँग कुराकानी गर्ने बताए ।

ओली पनि प्रदेशमा कांग्रेससहित चुनावी सरकार बन्ने अवस्था नरहे नेकपासँग मिलेर सरकार बनाउने निचोडमा पुगेका निकट नेताहरू बताउँछन् । एमाले सचिव पद्मा अर्यालले दुई नेताबिच सम्भावित सहकार्यकै विषयमा कुराकानी भएको बताइन् । 'देशको अहिलेको अवस्थाले वाम-लोकतान्त्रिक शक्तिबिच सहकार्यको आवश्यकता छ, प्रदेशहरूमा पनि त्यसरी नै जाँदा उपयुक्त हुन्छ भन्ने पार्टीको निष्कर्ष हो,' उनले भनिन्, 'दुई नेताबिच भएका कुराकानीको औपचारिक जानकारी नभए पनि उहाँहरूबिच त्यस्तै संवाद भएको बुझिन्छ ।'

ओलीसँगको संवादपछि प्रचण्डले काठमाडौं आएका पार्टीका कोशी प्रदेशका नेता इन्द्र आङ्बो र पूर्वमुख्यमन्त्री राजेन्द्र राईलाई कांग्रेस आफ्नो अडानबाट पछि नहटे प्रदेशहरूमा वाम शक्तिबिचकै सहकार्यको सम्भावना हुने भनेपछि उनीहरूले आन्तरिक छलफल चलाइरहेका छन् । त्यस्तै, सुदूरपश्चिम, बागमती र कर्णालीमा पनि एमाले र नेकपाका नेताहरू प्रदेशस्तरीय संवादमा बसेका छन् ।

प्रदेश सरकारमा सहकार्य गरेर अघि बढ्दा आगामी स्थानीय तह निर्वाचनमा कार्यगत एकता गरी संयुक्त चुनाव लडेर एकताको तहसम्म जान सकिने गरी ढोका खोल्न सकिने दुवै पक्षका नेताहरूको बुझाइ छ । एमाले उपमहासचिव लेखराज भट्टले पनि कांग्रेससँग भन्दा नेकपासँग सहकार्यको सम्भावना बढेको र प्रदेशस्तरमा पनि त्यसअनुसार नै छलफल चल्न थालेको जानकारी दिए ।

'हाम्रो सहकार्य नेकपासँगै बढेर गएको छ, त्यस दिशामा छलफल सकारात्मक छ,' भट्टले भने, 'सुदूरपश्चिममा कांग्रेसले एमालेलाई सरकारबाट हटाएपछि नेकपासँग मिलेर सरकार बनाउने गरी नै सकारात्मक छलफल भएको छ, अरू प्रदेशमा पनि त्यसरी जान सकिने विषयमा छलफल जारी नै छ । तर, प्रमुख नेताहरूले नै सबै विषय टुंगो लगाउनुहुन्छ ।'

उपमहासचिव भट्टले सुदूरपश्चिममा कांग्रेसले एमालेका मन्त्रीहरूलाई हटाएर तीन दलबिचको सम्भावित सहकार्य टुटाउन खोजे पनि एमालेले संवाद र सहकार्य ढोका खुला राखेरै अझै पनि सहकार्यका लागि कुराकानी गर्ने बताए । 'कांग्रेसले सुदूरपश्चिममा हाम्रा मन्त्रीहरूलाई बर्खास्त गरेर तीन दलको सहकार्यलाई ब्रेक गर्न सुरु गरेको हो । तर, हामी अहिले पनि लोकतन्त्र, संविधान र संसदीय प्रणालीको रक्षार्थ ०६२/६३ लोकतान्त्रिक गणतन्त्र र संघीयताको पक्षमा लडेका शक्तिहरू एक ठाउँमा उभिनुपर्छ र सहकार्य गरेर जानुपर्छ भन्नेमै छौं । कांग्रेसका कारण त्यो सम्भावना अलि कमजोर बनेको छ । तैपनि हामीले हाम्रोतर्फबाट सम्भावनाको ढोका सधैं खुला नै राखेका छौं र राख्छौं,' उनले भने ।

श्रीलंकाबाट आइतबार फर्किएपछि प्रचण्डले पार्टीका नेताहरूसँग विकसित घटनाक्रमबारे छलफल गरेका थिए । अस्वस्थ सहसंयोजक माधवकुमार नेपाललाई उनको निवास कोटेश्वरमै पुगेर छलफल गरेका थिए । त्यसक्रममा प्रदेशहरूमा कांग्रेस, एमाले र नेकपासहित अरू साना दललाई पनि मिलाएर सर्वदलीय सरकार बनाउने पहिलो विकल्पमा छलफल अघि बढाउँदा उपयुक्त हुने निष्कर्ष निकालेका थिए । नेपाललाई भेट्नुअघि प्रचण्डले नेताहरू वर्षमान पुन र प्रमेश हमालसँग पनि ओलीसँग भएको पछिल्लो संवादबारे ब्रिफिङ लिएका थिए ।

अहिले एमालेले कोशी, लुम्बिनी र कर्णालीमा सरकारको नेतृत्व गरिरहेको छ भने कांग्रेसले मधेश, बागमती, गण्डकी र सुदूरपश्चिममा नेतृत्व गरिरहेको छ । अहिले सुदूरपश्चिमको नेतृत्वमा नेकपाले रुचि राखेको छ । कर्णालीमा कांग्रेसका मन्त्रीहरूले राजीनामा दिएपछि एमाले नेतृत्वको सरकार अल्पमतमा परेको छ । जसकारण सुदूरपश्चिम नेकपालाई दिएर एमालेले कर्णाली सरकारमा उसलाई भित्र्याउन पनि सक्छ । केही दिनअघि नेकपाका नेता शक्तिबहादुर बस्नेतले सामाजिक सञ्जालबाटै दुई दलबिच कर्णालीमा सत्ता सहकार्य हुन सक्ने स्पष्ट संकेत दिएका थिए ।

एमाले-नेकपा सहकार्यमा बागमती र गण्डकीमा एक-एक सिट मात्र नपुग्ने भएकाले अरू कुनै एउटा सानो दललाई साथमा लिएर दुई दलले सहकार्य गर्न सक्छन् । लुम्बिनी र कोशीमा पनि दुई दल मिलेर कांग्रेसबाहेकका दललाई साथ लिएर सरकार बनाउन सक्छन् । तर, मधेशमा भने मधेशकेन्द्रित दलहरूसँग नमिलेसम्म सरकार बन्ने अवस्था छैन ।

बागमती सरकारबाट बाहिरिँदै एमाले

एमाले-नेकपा सत्तासमीकरणका लागि २ सिट अपुग, राप्रपा (१२), नेमकिपा (३) वा हाम्रो नेपाल पार्टी (२) निर्णायक

मकवानपुरमा **पोष्टराज अधिकारी**

एमाले मन्त्रीहरूले बुधबार बिहान मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई राजीनामा बुझाउने तयारी छ । प्रदेश सरकारमा सहभागी एमालेका ६ मन्त्रीको मंगलबारको बैठकले बुधबार बिहान मुख्यमन्त्रीसमक्ष सामूहिक रूपमा राजीनामा बुझाउने र एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिने समझदारी गरेको हो ।

एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले पार्टीको केन्द्रीय निर्देशनअनुसार सरकारबाट बाहिरिने निर्णय भएको बताए । 'केन्द्रको निर्णयअनुसार सरकारबाट बाहिरिने प्रक्रिया अघि बढेको छ । मन्त्रीहरूले सामूहिक रूपमा राजीनामा बुझाउनेछन् र सरकारलाई दिएको समर्थन पनि फिर्ता लिइनेछ,' उनले भने ।

बानियाँ नेतृत्वको सरकारमा एमालेका डा. दिनेशचन्द्र देवकोटा भौतिक पूर्वाधार विकास, मधुसूदन पौडेल कृषि, पशुपन्छी, वन तथा वातावरण, जयराम थापा श्रम, रोजगार तथा यातायात, भरतबहादुर केसी वन तथा वातावरण, किरण थापामगर स्वास्थ्य र विन्दु श्रेष्ठ उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री थिए ।

प्रदेश सरकारले १ साउनबाट मन्त्रालयको संख्या १४ बाट घटाएर आठ कायम गर्ने क्रममा एमाले र कांग्रेसका ६ जना मन्त्रीलाई विनाविभागीयमन्त्री बनाइएको छ । जसअनुसार एमालेका ६ मन्त्रीमध्ये रोजगार तथा यातायातमन्त्री जयराम थापा, वन तथा वातावरणमन्त्री भरतबहादुर केसी, स्वास्थ्यमन्त्री किरण थापामगरलाई विनाविभ(ागीयमन्त्री बनाइएको छ । उनीहरूलाई मुख्यमन्त्री बानियाँले उनीहरूले सम्हाल्दै आएका मन्त्रालयअन्तर्गतकै विषयगत जिम्मेवारी दिएका छन् ।

वामगठबन्धनको तयारी

प्रदेश सरकारबाट बाहिरिए पनि केन्द्रमा एमाले र नेकपाबिच वामगठबन्धनको सम्भावनाबारे छलफल भइरहेको बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपालियाले बताए । 'अहिले एमाले सरकारबाट बाहिरिए पनि बागमतीमा वामगठबन्धनको सरकार बन्न सक्छ,' उनले भने, 'यसका लागि केन्द्रीय तहमा छलफल चलिरहेको छ ।'

यद्यपि, बागमती प्रदेशमा वामगठबन्धनका लागि अंकगणितले उनीहरूलाई सहज बहुमत नदिने देखिन्छ । बागमती प्रदेश सभामा कुल ११० सदस्य भए पनि हाल ६ पद रिक्त रहेकाले कार्यरत सदस्य संख्या १०४ छ । सरकार गठनका लागि कम्तीमा ५३ सांसदको समर्थन आवश्यक पर्छ । हाल प्रदेश सभामा कांग्रेसका ३६, नेकपाका २६, एमालेका २५, राष्ट्रिय प्रजातन्त्र पार्टीका १२, नेपाल मजदुर किसान पार्टीका तीन र हाम्रो नेपाली पार्टीका दुई सांसद छन् ।

यहाँ कांग्रेस र नेकपा मिल्दा ६२ सांसद पुग्ने भएकाले सहज बहुमत बन्छ । तर, एमाले र नेकपा मिल्दा ५१ सांसद मात्रै पुग्ने भएकाले सरकार गठनका लागि थप दुई सांसद आवश्यक पर्छ । बागमती प्रदेश सभामा १२ सांसद रहेको राप्रपाले एकपटक एमाले र तत्कालीन माओवादीसँगको गठबन्धनमा सरकारमा सहभागिता जनाए पनि त्यसयता बाहिर बस्दै आएको छ । अहिले पनि राप्रपाले कुनै पनि गठबन्धनलाई समर्थन गर्ने संकेत दिएको छैन । यद्यपि, राप्रपाका संसदीय दलका नेता उद्धव थापाले परिस्थितिलाई मूल्यांकन गरेर मात्रै अगाडि बढ्ने बताएका छन् । तीन सांसद रहेको नेपाल मजदुर किसान पार्टीले परम्परागत रूपमा प्रतिपक्षमै बस्ने नीति लिँदै आएको छ ।

यही कारण दुई सांसद रहेको हाम्रो नेपाली पार्टी अहिले बागमतीको नयाँ सत्तासमीकरणको निर्णायक शक्ति बनेको छ । यद्यपि, राप्रपा पनि अहिलेको अवस्थामा बागमती प्रदेशमा निर्णायक शक्ति हो ।

हाम्रो नेपाल पार्टीलाई सरकारमा आउन प्रस्ताव

वामगठबन्धनको सम्भावना बढेसँगै एमाले र नेकपाले हाम्रो नेपाल पार्टीसँग औपचारिक रूपमा सहकार्यको प्रस्ताव गरेका छन् । हानेपाका बागमती प्रदेश संसदीय दलका नेता शैलेन्द्रमान बज्राचार्यले एमाले र नेकपाले सरकारमा सहभागी हुन तथा नयाँ समीकरणमा साथ दिन प्रस्ताव गरेको पुष्टि गरे । उनका अनुसार दुवै दलले विगतको सहकार्यलाई निरन्तरता दिन आग्रह गरेका छन् । 'हामी सधैं संवादका लागि तयार छौं । तर, नागरिकमा व्यवस्थाप्रति वितृष्णा बढ्ने गरी सत्ता परिवर्तनको खेल मात्रै हुनुहुँदैन । जनताको आवश्यकता र हितलाई केन्द्रमा राखेर मात्रै कुनै निर्णय हुनुपर्छ,' उनले भने ।

शिक्षा र स्वास्थ्यको...

पृष्ठ १ बाट क्रमशः

कर फिर्ताको घोषणा गर्दै उनले सरकारको उद्देश्य भने गलत नभएको दाबी पनि गरेका छन् । '३% समता कर ल्याउनुको उद्देश्य दुर्गम र पछाडि परेका क्षेत्रका नागरिकलाई राम्रो शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराउनु, दलित, सीमान्तकृत तथा विपन्न बालबालिकालाई सहयोग गर्नु, स्वास्थ्य बिमा विस्तार गर्नु र त्यसका लागि आवश्यक आर्थिक स्रोत जुटाउनु थियो,' उनले लेखेका छन्, 'साथै, करको दायरा विस्तार गरेर अर्थतन्त्रलाई अझ व्यवस्थित बनाउने लक्ष्य पनि थियो, तर नागरिक तहमा देखिएको समता करप्रतिको प्रतिक्रियाले सरकारको गम्भीर ध्यानाकर्षण गरेको छ ।'

प्रधानमन्त्री शाहले समता शुल्कबापत उठाइसकेको कर सम्बन्धित पक्षलाई नै फिर्ता गर्ने पनि जानकारी गराएका छन् । विपन्न र गरिब नागरिकले सहज शिक्षा र स्वास्थ्य सेवा पाउन् भनेर निजी अस्पतालमा १०% बेड र निजी क्याम्पस तथा विश्वविद्यालयमा १०% सिट पारदर्शी र न्यायोचित रूपमा उपलब्ध गराउने नीति कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेकोसमेत बताएका छन् ।

हाल सरकारी अस्पतालमा सहज रूपमा सेवा नपाउँदा विपन्न बिरामीसमेत ऋण काढेर भए पनि निजी अस्पतालमा उपचार गराउन बाध्य छन् । तर, यस्तो अवस्थामा पनि सरकारले उल्टै करको भार थपेको थियो ।

यसअघि बाबुराम भट्टराई अर्थमन्त्री हुँदा समतामूलक स्वास्थ्य र शिक्षामा ५% शुल्क लगाएका थिए । त्यसको चर्को आलोचना भयो । त्यसपछि सुरेन्द्र पाण्डे अर्थमन्त्री हुँदा उक्त शुल्क घटाएर १% मा झारेका थिए । र, युवराज खतिवडा अर्थमन्त्री हुँदा यो शुल्क नै हटाएका थिए । अहिले फेरि सरकारले त्यही शुल्क ३% का दरले उठाउने व्यवस्था बजेटमार्फत ल्याएर लागू गरेको थियो ।

■ **निजी स्कुलका प्रतिनिधिसँग शिक्षामन्त्रीको छलफल**

छात्रवृत्ति वितरण प्रणालीलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउन निर्देशन

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले मंगलबार संस्थागत विद्यालयका प्रतिनिधिसँग छलफल गरी छात्रवृत्ति वितरण प्रणालीलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउन निर्देशन दिएका छन् । प्याब्सन, एनप्याब्सन र हिसानसहितका निजी विद्यालयका सञ्चालकसँग भएको छलफलमा मन्त्री पोखरेलले शुल्कमा पारदर्शिता हुनुपर्ने पनि बताए ।

शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाका अनुसार पाठ्यक्रममा थप सुधार गर्ने र जीवनोपयोगी बनाउने विषयमा पनि छलफल भएको छ । 'समता कर, पाठ्यक्रम कस्तो बनाउने, कसरी अघि बढ्ने भन्नेमा निजी स्कुलसँग छलफल भयो,' सापकोटाले भने, 'निजी र सरकारी विद्यालयका लागि कानुन बनाउने विषयमा पनि छोटो छलफल भयो, निजी स्कुलहरूले व्यावसायिक वातावरण तय गरिदिन र आफूहरूका समस्यामा ध्यान दिन मन्त्रीज्यूसमक्ष आग्रह गरे ।'

बैठकमा शिक्षामन्त्री पोखरेलले कर हटाउने निर्णय भएकाले उक्त कर विद्यार्थी र अभिभावकले नै फिर्ता पाउने बताए । 'त्यो रकम फिर्ता दिनुहोला,' उनले भने, 'आमअभिभावकको गुनासो नआउने गरी निजी स्कुलले भूमिका निर्वाह गर्नुपर्छ, शुल्क र स्टेसनरीबारे अभिभावकलाई भार हुने गरी शुल्क नलिनुहोला ।'

प्याब्सन महासचिव आरबी कटुवालले मन्त्रालयले तीन प्रतिशत समता शिक्षा शुल्क लागू नगर्ने जानकारी गराएको बताए । विद्यालय शिक्षा ऐन, पाठ्यक्रम प्रारूप, निर्माणाधीन शिक्षा विधेयक, हालै जारी शिक्षा नियमावली, छात्रवृत्ति व्यवस्था तथा सर्वोच्च अदालतको ४५ प्रतिशत आरक्षण छात्रवृत्तिसम्बन्धी निर्देशनात्मक फैसलालगायत विषयमा पनि छलफल भएको थियो । त्यसक्रममा हाल १०, १२ र १५ प्रतिशतका रूपमा रहेको छात्रवृत्ति व्यवस्थालाई १० प्रतिशतमा कायम गर्ने प्रस्तावबारे पनि मन्त्रालयसँग सकारात्मक छलफल भएको प्याब्सनले जनाएको छ । शिक्षा मन्त्रालयका सल्लाहकार शैलेन्द्र झाले विद्यालय शिक्षा ऐन शीघ्र ल्याउन निजी क्षेत्रको रचनात्मक सहयोग आवश्यक रहेको बताए ।

ठेक्का दिलाएबापत...

पृष्ठ १ बाट क्रमशः

दायर गरेको हो । अख्तियारका अनुसार अधिकारीले गायत्री निर्माण सेवालाई नागरिक उड्डयन प्राधिकरणअन्तर्गतका विभिन्न ठेक्काहरू दिलाएका थिए । त्यसबापत ठेकदार प्रेमप्रकाश ढकालसँग एक करोड ७१ लाख घुस लिएका थिए । सो रकमले ललितपुरमा श्रीमतीको नाममा जग्गा खरिद गरेको अख्तियारले जनाएको छ । ९१ लाख थैली राखेर जग्गा पास गरिएको थियो । ९१ लाख अधिकारी र श्रीमतीकै खाताबाट जग्गा बिक्रेतालाई दिए पनि स्वाभाविक देखाउने कलुषित मनसाय राखेर खरिद-बिक्री गरिएको आयोगको दाबी छ । सो जग्गाको सबै पैसा ठेकदारले नै भुक्तानी गरेको आरोपपत्रमा उल्लेख छ । यसरी खरिद गरिएको जग्गासमेत जफतको माग पनि अख्तियारले गरेको छ ।

यसअघि नै अधिकारीविरुद्ध पोखरा विमानस्थलको निर्माणसम्बन्धी तीनवटा र भक्तपुरको हेलिपोर्ट निर्माणमा अनियमिततासम्बन्धी एउटा मुद्दा विशेष अदालतमा विचाराधीन छन् । त्यस्तै, अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राईलाई आपराधिक समूह प्रयोग गरी मार्ने धम्की दिएको र त्यसका लागि दुई करोड रुपैयाँ फिरौती दिएको विषयमा पनि प्रहरीमार्फत मुद्दा दायर भएको थियो । अकुत सम्पत्ति आर्जनलगायतका विषयमा अख्तियारले उनीविरुद्ध थप अनुसन्धान जारी राखेको छ ।

नागरिकताको...

पृष्ठ १ बाट क्रमशः

वसन्ती भन्छिन्, 'भिजेर रात कटाउनुपर्दा र यो उमेरमा वृद्ध बुबाआमा पानीले भिजेको देख्दा मन साह्रै रुन्छ ।' रामदेवको यो नियति अहिले उनको एकजनाको मात्र रहेन । एउटा नागरिकता नहुँदा त्यसको मार तीन पुस्ताले भोगिरहेका छन् । ८२ वर्षीय रामदेव र ७५ वर्षीया श्रीमती देवी कवाडी संकलन गरेर जसोतसो जीवन धान्दै आएका छन् । नागरिकता नहुँदा राज्यले दिने वृद्धभत्ता र अन्य सामाजिक सुरक्षाबाट पनि यो दम्पती वञ्चित छ ।

बुबाको नागरिकता नभएकै कारण छोरी वसन्तीको पनि नागरिकता बन्न सकेको छैन । घरबार बिग्रिएपछि माइत फर्किएकी उनी ठेलामा चिया बेचेर परिवार सम्हाल्दै छिन् । वडा कार्यालयको सहयोगमा मुस्किलले कक्षा १२ मा पढ्दै गरेकी उनलाई नागरिकता अभावमा भविष्य डामाडोल हुने चिन्ताले सताएको छ । त्यति मात्र होइन नागरिकता अभावको यो चक्र अब वसन्तीका छोरा (रामदेवका नाति) सम्म पुग्ने जोखिम बढेको छ ।

६४ वर्षअघि बुबाआमाको निधनपछि दमक आएका रामदेवका आफन्त सबैको नागरिकता छ । तर, सानैमा अभिभावक गुमाए । उनै बुबाआमाले पनि नागरिकता नबनाएका कारण रामदेवले पनि नागरिकता बनाएनन् । पछि नागरिकताको महत्व बुझे । सरकारी अड्डा धेरैपटक धाए । तर, रामदेवको नागरिकता बनेन । रामदेव प्रमाण जुटाउन नसक्दा प्रशासनको ढोकाबाट बारम्बार रित्तो हात फर्किनुपरेको छ ।

वडा कार्यालय जाँदा पुरानो प्रमाण ल्याऊ भनेर फर्काइन्छ भने जिल्ला प्रशासन कार्यालय पुग्दा सुनिने रुखो शब्दले उनको मन झनै दुखाउँछ ।

'म गौरीगन्जमै जन्मिएको हो । बुवाआमा पनि सुकुमवासी हुनुहुन्थ्यो । केही नभएपछि दमक आएर बसेको हुँ । म नेपाली नै हो । तर, मेरो नागरिकता अझै बनेन,' गहभरि आँसु पार्दै रामदेव आफ्नो पीडा पोख्छन्, 'वडा जाँदा प्रमाण मागिन्छ, सानैमा बुबाआमा बितेका हुन्, कहाँबाट ल्याउनु प्रमाण? सिडिओ कार्यालय जाँदा काम हुँदैन । 'तिम्रो मात्र कुरा सुन्ने फुर्सद छैन, अब नआउनु,' भन्छन् ।

तर, झापाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले तीनपुस्तेभित्रको आधार हेरेपछि थाहा हुने बताए । 'बुवाआमा पनि छैनन् भनेपछि नेपाली हुन् कि हैनन् नबुझी भन्न सकिँदैन । केही कागज छैन भने हामीले केही गर्न सक्ने अवस्था हुँदैन । ०६३ मा जन्मको आधारमा वा वंशजको आधारमा सहज तरिकाले नागरिकता बन्दा उनी कहाँ थिए ?' सिडिओ गेलालले भने, 'उनीसँग केही कागजात छ कि छैन हेर्नुपर्छ । उनको तीनपुस्तेभित्र केही आधार छ भने हेर्नुपर्छ ।'

'नेपाली भएरै मर्न पाऊँ'

रामदेवको झुप्रो रहेको जग्गा पनि उनको होइन । मासिक १५ सय रुपैयाँ भाडा तिरेर जग्गा लिएका छन् । झुप्रोमा बसिरहेका रामदेवलाई अब धनसम्पत्तिको लोभ छैन । उनलाई केवल आफ्नो गुमेको पहिचान चाहिएको छ । 'नागरिकता भएको भए भत्ता पाउँथेँ होला, त्यसैले घर चलाउन अलि सजिलो हुन्थ्यो,' जीवनको उत्तरार्धमा पुगेका रामदेव भावुक सुनिन्छन्, 'मेरो जीवन त यसै बित्ने भयो, छोरीनातिको के होला ? तर मलाई जीवनको अन्तिम क्षणमा भए पनि म नेपाली नागरिक हुँ भनेरै मर्न मन छ ।'

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाडौं
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/०६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
बोलपत्र पेश गर्ने अन्तिम मिति २०८३/०४/२६ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ । तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे सम्बन्धित शाखा कार्यालयमा खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण	जमानतकर्ताको विवरण
१. ऋणीः युनिक मोबाईल सेन्टर दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दाङ्ग दर्ता नं. : २०३३/७/२०६७/०४/०५ दर्ता मिति : २०६७/०४/०५ पान नं. ३०४१९२१४२ फर्मको ठेगाना : चौलाही -०२, दाङ्ग **प्रोप्राईटर/जमानतकर्ताको नामः लुमाकान्त बोहरा** बाबुको नाम : तुला वहादुर वोहरा बाजेको नामः मान सिं वोहरा ठेगानाः चैलाही -०२, दाङ हालः लमही -०५, दाङ ना.प्र.नं. : ३७७२, जारी मिति : २०६२/०२/२३ जारी गर्ने कार्यालय : जि.प्र.का., दाङ्ग **कर्जा लिएको शाखा : गढवा, दाङ**	**क) नामः विमला शर्मा** बाबुको नाम : पाराश्वर शर्मा पतिको नामः लुमाकान्त बोहरा ससुराको नाम : तुला वहादुर वोहरा ठेगानाः गढवा-०४, दाङ्ग, हालः लमही-०५, दाङ ना.प्र.नं.: ५२२००३/४२२, जारी मितिः २०६६/०७/११ जारी गर्ने कार्यालय : जि.प्र.का., दाङ्ग **सुरक्षणमा रहेको धितोको विवरणः** १) श्री मालपोत कार्यालय दाङमा लुमाकान्त बोहराको नाममा दर्ता कायम रहेको दाङ्ग जिल्ला, चैलाही-०२/२घ स्थित कि.नं. ११६९ को क्षेत्रफल ७४.०० व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । २) श्री मालपोत कार्यालय दाङमा विमला बोहराको नाममा दर्ता कायम रहेको दाङ्ग जिल्ला, चैलाही-०२/२घ स्थित कि.नं. ११५१, ११५४, ११६४, र १५८८ को क्षेत्रफल क्रमशः १७.००, १८.१६, १७.२० र ८१.३५ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणीको विवरण	जमानतकर्ताको विवरण
२. ऋणीः रमा खतिवडा बाबुको नामः राजाराम सुवेदि पतिको नाम : राजु खतिवडा ससुराको नामः खिस प्रसाद खतिवडा ठेगाना : गल्छी-०१, धादिङ ना.प्र.नं.: १६२५०, जारी मितिः २०६०/१०/१४ जारी गर्ने कार्यालयः जि.प्र.का., धादिङ **कर्जा लिएको शाखाः मलेखु, धादिङ्ग** **जमानतकर्ताको विवरण** **क) नाम : राजु खतिवडा** बाबुको नाम : खिस प्रसाद खतिवडा बाजेको नामः तोयानाथ खतिवडा ठेगानाः कल्लेरी-०३, धादिङ हालः गल्छी-०१, धादिङ ना.प्र.नं.:३७६९६ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ जारी मिति : २०५७/०३/२०	**ख) नामः विशाल खतिवडा** बाबुको नामः राजु खतिवडा बाजेको नामः खिस प्रसाद खतिवडा ठेगानाः गल्छी-०१, धादिङ ना.प्र.नं.:२६-०१-७७-०१०८७, जारी मितिः २०७७/०६/२९ जारी गर्ने कार्यालयः जि.प्र.का., धादिङ **ग) नाम : दिल बहादुर माझी** बाबुको नाम : दलबहादुर माझी बाजेको नामः मईते माझी ठेगानाः कल्लेरी-०२, धादिङ, हालः गल्छी-०१, धादिङ ना.प्र.नं.:२/४५९६, जारी मिति : २०६०/०१/२४ जारी गर्ने कार्यालयः जि.प्र.का., धादिङ **घ) नाम : जयराम अधिकारी** बाबुको नाम : लेखराज अधिकारी बाजेको नामः तारानाथ अधिकारी ठेगाना : पिंडा-०३, धादिङ, हालः गजुरी-०६, धादिङ ना.प्र.नं.:३६६६, जारी मिति : २०५०/०९/१९ जारी गर्ने कार्यालयः जि.प्र.का., धादिङ

सुरक्षणमा रहेको धितोको विवरणः श्री भूमिसुधार तथा मालपोत कार्यालय धादिङमा श्री राजु खतिवडाको नाममा दर्ता कायम रहेको धादिङ जिल्ला कल्लेरी-०२ स्थित कि.नं. ६४४ र ६५० को क्षेत्रफल क्रमशः २८८.१० र ३९५.४० व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणीको विवरण	जमानतकर्ताको विवरण
३. ऋणी : तेज कुमारी श्रेष्ठ बाबुको नाम : मान बहादुर श्रेष्ठ पतिको नामः किरण के.सी. ससुराको नामः ढाका मोहन खत्री ठेगाना : बागेश्वरी-०५, बाँके, हालः खजुरा-०४, बाँके ना.प्र.नं. १०६५०, जारी मिति :२०५८/०८/२८ जारी गर्ने कार्यालय : जि.प्र.का., बाँके **कर्जा लिएको शाखा : खजुरा, बाँके**	**क) नामः किरण के.सी.** बाबुको नाम : ढाका मोहन खत्री बाजेको नामः राम बहादुर खत्री ठेगाना : तारातल-०४, बर्दिया हालः खजुरा-०४, बाँके ना.प्र.नं. ६५१००३–१६ जारी गर्ने कार्यालय : जि.प्र.का.बर्दीया जारी मिति : २०६४/०१/०९

सुरक्षणमा रहेको धितोको विवरणः श्री भूमिसुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेमा तेज कुमारी श्रेष्ठको नाममा दर्ता कायम रहेको बाँके जिल्ला बागेश्वरी-०६ स्थित कि.नं. ६७६ को क्षेत्रफल ३३८.६३ व.मि. रहेको घर/जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणीको विवरण	जमानतकर्ताको विवरण
४. ऋणीः कुलसिं पोर्तेल बाबुको नामः गोठे कामी बाजेको नामः जसराम कामी ठेगाना : लुङ्ग्री-०१, रोल्पा ना.प्र.नं.:३७१०, जारी मिति :२०५०/०३/१७ जारीगर्ने कार्यालय : जि.प्र.का., रोल्पा **कर्जा लिएको शाखा : सुलिचौर, रोल्पा**	**क) नामः मीना पोर्तेल** बाबुको नाम : मनवहादुर गुरुङ पतिको नाम : कुलसिं पोर्तेल ससुराको नाम : गोठे कामी ठेगाना : लुङ्ग्री-०१, रोल्पा ना.प्र.नं.: ५४-०१-७५-०४०८०, जारी मिति : २०७५/११/२६ जारी गर्ने कार्यालय : जि.प्र.का., रोल्पा

सुरक्षणमा रहेको धितोको विवरण : श्री मालपोत कार्यालय रोल्पामा कुलसिं पोर्तेलको नाममा दर्ता कायम रहेको रोल्पा जिल्ला पाङ -०१, स्थित कि.नं. ७७२, १०२८, १५३१, १५३३, १५३५, १५३७ र १५३९ को क्षेत्रफल क्रमश : १४५.००, २०५०.००, २८५०.००, ३६००.००, ६५५.००, ३३०.०० र ५८५०.०० व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

ऋणीको विवरण	जमानतकर्ताको विवरण
५. ऋणीः रमजान सप्लायर्स फर्मको ठेगाना : सिसहनीया-०९, दाङ जारी गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, दाङ प्रा.फ.र.नं.: ५९२४/३७१ दर्ता मितिः २०७१/०१/०४, पान नं.: ३०५८४२७३६ **प्रोप्राइटर/जमानतकर्ताको नामः रमजान अलि** बाबुको नाम : अव्वास अलि मुसलमान बाजेको नाम : हजरत अलि मुसलमान ठेगाना : सिसहनिया-०९, दाङ, हालः राप्ती-०६, दाङ ना.प्र.नं. : ५२३००८/१९, जारी मिति : २०६३/११/१३ जारी गर्ने कार्यालय : जि.प्र.का., दाङ **कर्जा लिएको शाखा : घोराही, दाङ**	**क) नाम : हलिमा खातुन** बाबुको नाम : अब्दुल असार पतिको नाम : राम जान अलि ससुराको नाम : अव्वास अलि मुसलमान ठेगानाः सिसहनिया-०९, दाङ, हालः राप्ती-६, दाङ ना.प्र.नं. : ५२३००८/१६३७ जारी मिति : २०६३/११/२८ जारी गर्ने कार्यालय : जि.प्र.का., दाङ **सुरक्षण रहेको धितोको विवरणः** श्री मालपोत कार्यालय दाङमा श्री रमजान अलिको नाममा दर्ता कायम रहेको जिल्ला दाङ, सिसहनिया वडा नं.-०८/घ स्थित कि.नं. ७१३ को क्षेत्रफल १६९३.१५ (०-५-०) व.मि./(बि.क.धु) को घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको आधारमा भर्नु पर्नेछ ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन । उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन ।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन ।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ ।

लिलाम बिक्रीको सूचना

दोश्रो पटक सूचना प्रकाशित मिति २०८३/०४/०६

यस सा व उ स वाट संकलित साल गोलिया काठ २३७.२९ क्यू फिट र साल दाउरा ०.५ चट्टा लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

कुसुण्डे पन्नेभिर छाँगापानी सा. वन उपभोक्ता समूह, भानु ७, तनहूँ ।

लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०४/०६

यस सा व उ स वाट संकलित खयर काठ २१९.२१ क्यू फिट (हर्ट उड) र साल चिरान काठ ७५७.५९ तिन लटमा लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

सारङघाट ठूलोपाखा सा. वन उपभोक्ता समूह, देवघाट ३ तनहूँ ।

दुई चिरा भएर बिपीलाई सम्झँदै कांग्रेस

जिल्ला र निर्वाचन क्षेत्रस्तरमा समेत समानान्तर कार्यक्रम

पार्टीका मूर्धन्य नेताहरूले समयको यो आह्वानलाई बुझ्नुहुन्छ

● **गगन थापा**, सभापति

हामी आशा र अपेक्षा गर्छौं, पार्टीका मूर्धन्य नेताहरूबाट प्रत्यक्ष रूपमा दीक्षित भएर आउनुभएका नेताहरूले समयको यो आह्वानलाई बुझ्नुहुन्छ र कांग्रेसलाई नयाँ बनाउने, नवीकरण गर्ने यो अभियानमा एक ठाउँ जुटेर सबैलाई समेटेर लैजाने अभियानबाट आएका छन् भनेर उहाँहरूले पनि सोच्नुहुन्छ भन्ने अपेक्षा छ ।



पाँचबुँदे प्रस्ताव हाम्रो बटमलाइन हो

● **विमलेन्द्र निधि**, नेता



भोलिको कार्यक्रममा राष्ट्रिय भेलाको मिति घोषणा हुन्छ, साउन अन्तिममा भेला हुन्छ, त्यो वेलासम्म सहमति भयो भने सहमतिबमोजिम जान्छौं । सहमति नभए छुट्टै १५औं महाधिवेशनको तयारी गर्छौं । पाँचबुँदे प्रस्ताव हाम्रो बटमलाइन हो । एकता कि नयाँ पार्टी भन्ने विषय उहाँहरूकै हातमा छ । हामी दुवै विकल्पमा तयार छौं ।

प्रेम गौतम/नयाँ पत्रिका

कांग्रेस नेताहरू दुई चिरा भएर संस्थापक बिपी कोइरालालाई सम्झँदै छन् । संस्थापन र इतर समूहले बुधबार बिपी स्मृति दिवस केन्द्रदेखि निर्वाचन क्षेत्रसम्म छुट्टाछुट्टै मनाउँदै छन् ।

संस्थापन पक्षले बिपी स्मृति दिवसको दिन 'ग्रिन रन' प्रतियोगिता, ग्रिन रन टेबुल र जलवायु संकट झल्काउने लाइभ पेन्टिङ कार्यक्रम आयोजनाका साथै जरा अभियान समापन कार्यक्रम आयोजना गरेको छ । इतर पक्षले भने प्रज्ञा भवनमा अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको छ । कार्यक्रमबाट राष्ट्रिय भेलाको मिति तय गर्ने तयारी इतर पक्षको छ । साउनभित्रै राष्ट्रिय भेला सम्पन्न गर्ने तयारी छ । इतर पक्षले पूर्वसभापति शेरबहादुर देउवा नेपाल फर्कने मिति पारेर राष्ट्रिय भेला बोलाउने तयारी गरेको छ । बुधबार प्रज्ञा भवनबाट राष्ट्रिय भेलाको मिति घोषणा हुनसक्ने नेता जितजंग बस्नेतले जानकारी दिए ।

बिपीको ६ साउन ०३९ मा निधन भएको थियो । कांग्रेसले हरेक वर्ष ६ साउनमा बिपी स्मृति दिवस मनाउँदै आएको छ । तर, बिपी स्मृति दिवसकै अवसरमा दुवै समूहले समानान्तर कार्यक्रम गरेर विभाजनको संकेत गरेका छन् । १६५ वटै निर्वाचन क्षेत्रमा बिपी स्मृति दिवस मनाउने इतर पक्षको तयारी छ ।

दुवै पक्षले कार्यक्रमलाई शक्ति प्रदर्शनका रूपमा लिएका छन् । इतर पक्षले गरेको कार्यक्रममा नेता डा. शेखर कोइराला पनि सहभागी हुने भएका छन् । 'डाक्टरसाब कार्यक्रममा जानुहुन्छ,' कोइरालाका स्वकीय सचिव दिनेशचन्द्र थपलियाले भने । कार्यक्रमलाई निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्का, नेता कोइरालालगायतले सम्बोधन गर्ने तयारी छ । शेखरले इतर पक्षको कार्यक्रममा सहभागी हुने विषय मंगलबार दिउँसो मात्र सार्वजनिक गरेका थिए ।

सभापति गगन थापाले ग्रिन रन कार्यक्रममा सहभागी हुन सामाजिक सञ्जालबाटै आह्वान गरेका छन् । कांग्रेस संस्थापन पक्षले कार्यक्रमलाई भव्य बनाउने तयारी गरेको छ । युएन पार्कदेखि जावलाखेलसम्म ग्रिन रन कार्यक्रम आयोजना गरिएको छ । संस्थापन पक्षले बिपी स्मृति दिवसकै अवसरमा ७७ वटै जिल्लामा जरा अभियान समापन कार्यक्रम गर्दै छ । 'साउन ३ गतेभित्र क्रियाशील सदस्यता वितरणलगायतका सम्बन्धित कार्य व्यापक रूपमा सम्पन्न गरी साउन ६ गते जननायक बिपी कोइरालाको ४४औं स्मृति दिवसको अवसरमा व्यापक सहभागितासहित 'जरा अभियान'को समापन कार्यक्रम जिल्ला कार्यसमितिको आयोजनामा गर्नुहुन अनुरोध गरिन्छ,' कांग्रेस महामन्त्री प्रदीप पौडेलले जारी गरेको सर्कुलरमा भनिएको छ ।

गत पुसमा विशेष महाधिवेशनमा सहभागी नरहेको निवर्तमान सभापति देउवा पक्षले चुनदेवीमा सम्पर्क कार्यालय खोलेर समानान्तर गतिविधिलाई तीव्र पारेको छ ।

कार्यसमिति समायोजन मुख्य गाँठो

इतर पक्षले सहमतिका लागि पाँचबुँदे प्रस्ताव अघि सारेको छ । संस्थापन इतर पक्षले १४औं महाधिवेशन निर्वाचित कार्यसमिति र विशेष महाधिवेशनबाट आएको कार्यसमिति समायोजन गर्नुपर्नेबाहेक अन्य मागमा संस्थापन पक्ष सकारात्मक देखिएको छ । सदस्यता अद्यावधिको विषयमा समेत संस्थापन पक्ष लचिलो बन्न तयार भएको छ । १५औं महाधिवेशनको मिति हेरफेर गर्नुपर्ने प्रस्तावमा पनि संस्थापन पक्ष सकारात्मक छ । विभिन्न समितिमा इतर पक्षलाई समावेश गर्न पनि संस्थापन पक्ष तयार देखिएको छ ।

कांग्रेस सभापति गगन थापाले पार्टी सदस्यता अद्यावधिकको विषय नेताहरूले बुझ्ने विश्वास लिएका छन् । महामन्त्री गुरुराज घिमिरेको पुस्तक 'बुद्ध, बिपी र आजका नेता' र 'लिलिपुटका लघुमानव' विमोचन कार्यक्रममा थापाले भने, 'हामी आशा र अपेक्षा गर्छौं, पार्टीको मूर्धन्य नेताहरूबाट प्रत्यक्ष रूपमा दीक्षित भएर आउनुभएका नेताहरूले समयको यो आह्वानलाई बुझ्नुहुन्छ र कांग्रेसलाई नयाँ बनाउने, नवीकरण गर्ने यो अभियानमा एक ठाउँ जुटेर सबैलाई समेटेर लैजाने अभियानबाट आएका छन् भनेर उहाँहरूले पनि सोच्नुहुन्छ भन्ने अपेक्षा छ ।'

इतर पक्षका नेता विमलेन्द्र निधिले पार्टी एक बनाउने कि अलग भन्ने विषय संस्थापनकै हातमा रहेको बताए । उनले साउन अन्तिमसम्म सहमति नभए १५औं महाधिवेशनको मिति घोषणा गरेर जाने बताए । 'भोलिको कार्यक्रममा राष्ट्रिय भेलाको मिति घोषणा हुन्छ, साउन अन्तिममा भेला हुन्छ, त्यो बेलासम्म सहमति भयो भने सहमतिबमोजिम जान्छौं । सहमति नभए छुट्टै १५औं महाधिवेशनको तयारी गर्छौं । पाँचबुँदे प्रस्ताव हाम्रो बटमलाइन हो । एकता कि नयाँ पार्टी भन्ने विषय उहाँहरूकै हातमा छ । हामी दुवै विकल्पमा तयार छौं,' निधिले भने ।

इतरपक्षले पुनर्गठनपछि बन्ने केन्द्रीय कार्यसमितिको पहिलो बैठकले १५औं महाधिवेशनको कार्यतालिका घोषणा गर्ने, वर्तमान संस्थापन पक्षको बहुमत रहने गरी महाधिवेशनसँग सम्बन्धित विभिन्न समितिहरू बनाउनुपर्ने र शेरबहादुर देउवा कार्यसमितिमा महामन्त्री गगन थापा संयोजक रहेको समितिले टुंग्याएको सबै क्रियाशील सदस्यलाई स्वतः १५औं महाधिवेशनमा सहभागी गराउनुपर्ने प्रस्ताव गरेको छ । यी प्रस्तावमा भने संस्थापन पक्ष लचिलो बनेको छ । 'कार्यसमिति नै समायोजनको विषय विधानले नै गर्न दिँदैन । अन्य विषयलाई सकारात्मक रूपमा लिएका छौं,' महामन्त्री घिमिरेले भने ।

■ विदेशबाट देउवाको सन्देश

नेपाली भूमिमा पुनः पाइला टेक्दै छु, सरकार प्रतिशोधात्मक बन्न सक्छ

काठमाडौं/ पूर्वप्रधानमन्त्री एवं कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवाले आफू स्वदेश फर्कन लागेको जानकारी गराएका छन् । बिपी स्मृति दिवसका अवसरमा मंगलबार सन्देश जारी गर्दै देउवाले देशले प्रतिशोध नभई सहकार्य चाहेको बताएका छन् । उनले सरकार प्रतिशोधात्मक र अलोकतान्त्रिक बन्न सक्ने औंल्याएका छन् । राष्ट्रियता, प्रजातन्त्र र समाजवादका साथै संविधानवादको पक्षमा दृढतापूर्वक उभिन सम्पूर्ण राजनीतिक शक्ति, नागरिक समाज, युवा पुस्ता तथा नेपाली जनतासँग आग्रह पनि गरेका छन् ।

'सरकार प्रतिशोधात्मक र अलोकतान्त्रिक बन्न सक्छ । तर, म नेपाली जनताको लोकतान्त्रिक चेतना, राष्ट्रप्रेम र न्यायप्रतिको विश्वासमाथि पूर्ण आस्था र समर्पण भाव राख्छु । राष्ट्रियता, प्रजातन्त्र र समाजवाद साथै संविधानवादको पक्षमा दृढतापूर्वक उभिन सम्पूर्ण राजनीतिक शक्ति, नागरिक समाज, युवा पुस्ता तथा आमनेपाली जनतासँग हार्दिक आग्रह गर्दै आफ्नो निष्ठा, प्रतिबद्धता र समर्पणभावप्रति फेरि एकपटक विश्वास दिलाउँदै म स्वदेश फर्कँदै छु,' देउवाले भनेका छन् । तर, उनले कहिले फर्किने भन्ने प्रस्ट पारेका छैनन् ।



देउवाले देशलाई विभाजन नभई एकता चाहिएको पनि बताएका छन् । 'आज देशलाई विभाजन होइन, एकता चाहिएको छ । अविश्वास होइन, विश्वास चाहिएको छ । प्रतिशोध होइन, सहकार्य चाहिएको छ । त्यसैले इतिहासबाट प्राप्त अनुभव, परिवर्तनको ऊर्जा र प्रविधि तथा ज्ञानले सम्पन्न नयाँ पुस्ताको सिर्जनशील क्षमताबिच मनको एकता, राष्ट्रिय संवाद र साझा सहकार्यको आवश्यकता आज पहिलेभन्दा अझ बढी सान्दर्भिक बनेको छ । प्रतिशोध र निषेधको राजनीतिबाट माथि उठेर राष्ट्र निर्माण अनि साझा भविष्य हाम्रो साझा संकल्प बन्नुपर्छ,' उनले भनेका छन् ।

केही महिनादेखि स्वास्थ्य उपचारका सिलसिलामा परिवारसहित विदेशमा रहे पनि मन, सोच र चिन्ता निरन्तर देश, जनता, लोकतन्त्र र राष्ट्रिय हितमै केन्द्रित रहेको देउवाले बताएका छन् । 'नेपालमा विकसित पछिल्ला राजनीतिक घटनाक्रमलाई मैले गम्भीर चासो र जिम्मेवारीका साथ निरन्तर नियालिरहेको छु । आज फरक विचारप्रतिको असहिष्णुता, राज्यशक्तिको प्रतिशोधपूर्ण प्रयोग, राजनीतिक पूर्वाग्रहका आधारमा हुने दमन, साथै भौतिक र मनोवैज्ञानिक त्रास सिर्जना गरेर प्रतिपक्षलाई दबाउने प्रवृत्ति कुनै पनि लोकतान्त्रिक समाजका लागि स्वीकार्य हुन सक्दैन,' उनले भनेका छन् ।

देउवाले आफ्नो नेतृत्वमा विगतमा समानता, सामाजिक न्याय र समावेशितालाई संस्थागत गर्ने दिशामा महत्त्वपूर्ण निर्णयहरू गरेको र ती निर्णयहरू कांग्रेसले निर्धारण गरेका प्राथमिकताअनुरूप नै रहेको बताएका छन् । उनले वर्तमान परिस्थितिले अझ व्यापक दृष्टिकोण, अझ गहिरो सहकार्य र अझ दृढ राष्ट्रिय संकल्पको आवश्यकता महसुस गराएको औंल्याएका छन् ।

देउवाले सरकारले प्रतिपक्षप्रति प्रतिशोधको राजनीति अघि बढाउँदै स्वतन्त्र न्यायपालिका, संवैधानिक संस्थाहरू तथा लोकतान्त्रिक प्रणालीमाथि नै दबाब सिर्जना गर्ने संकेत देखिन थालेको दाबी गरेका छन् । न्यायपालिका र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई कार्यकारी नियन्त्रणमा राखी प्रतिपक्षलाई आतंकित गर्ने औजार बनाउन खोजिएको देउवाको दाबी छ । यस्तो परिस्थितिमा कांग्रेसमाथि केवल प्रतिपक्षको भूमिका निर्वाह गर्ने मात्र होइन, लोकतन्त्र, संविधान, राष्ट्रियता र आमजनतामा सुरक्षाको अनुभूतिसँगै मुलुकको भविष्य रक्षा गर्ने ऐतिहासिक जिम्मेवारी पनि थपिएको उनले औंल्याएका छन् ।

'दुर्भाग्यवश सरकारले प्रतिपक्षप्रति प्रतिशोधको राजनीति अघि बढाउँदै स्वतन्त्र न्यायपालिका, संवैधानिक संस्थाहरू तथा लोकतान्त्रिक प्रणालीमाथि नै दबाब सिर्जना गर्ने संकेत देखिन थालेका छन् । न्यायपालिका र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई कार्यकारी नियन्त्रणमा राखी प्रतिपक्षलाई आतंकित गर्ने औजार बनाउन खोजिँदै छ । यस्तो परिस्थितिमा नेपाली कांग्रेसमाथि केवल प्रतिपक्षको भूमिका निर्वाह गर्ने मात्र होइन, लोकतन्त्र, संविधान, राष्ट्रियता र आमजनतामा सुरक्षाको अनुभूतिसँगै मुलुकको भविष्य रक्षा गर्ने ऐतिहासिक जिम्मेवारी पनि थपिएको छ,' देउवाले भनेका छन् ।

गत फागुनमा सम्पन्न निर्वाचन हिंसा, त्रास र असहज राजनीतिक वातावरणको पृष्ठभूमिमा सम्पन्न भए पनि जनताले, विशेषगरी युवा पुस्ताको हातमा नयाँ जनादेश सुम्पिएको यथार्थलाई सम्मान गरेको उनले उल्लेख गरेका छन् । प्रतिपक्षको जिम्मेवार भूमिकाबाट लोकतन्त्र, सुशासन र राजनीतिक स्थिरतालाई बलियो बनाउन रचनात्मक सहयोग गर्ने प्रतिबद्धता उनले स्मरण गरेका छन् ।

देउवाले विगतको त्याग, यातना र प्रजातन्त्रका लागि गरेको योगदानको स्मरणसमेत गरेका छन् ।

संक्षेप

प्रस्तावित प्रमुख निर्वाचन आयुक्त र आयुक्तको सुनुवाइ १२ र १३ साउनमा

काठमाडौं/ प्रस्तावित प्रमुख निर्वाचन आयुक्त र आयुक्तको संसदीय सुनुवाइ १२ र १३ साउनमा हुने भएको छ । मंगलबार बसेको संसदीय सुनुवाइ समिति बैठकले १२ साउनमा प्रस्तावित आयुक्तहरू र १३ गते प्रस्तावित प्रमुख आयुक्तको सुनुवाइ गर्ने निर्णय गरेको सभापति बोधनारायण श्रेष्ठले बताए । संवैधानिक परिषद्ले १९ असारमा प्रमुख निर्वाचन आयुक्त पदमा मानबहादुर कार्की तथा निर्वाचन आयुक्त पदमा डा. राजीव सुब्बा र गुरुप्रसाद वाग्लेलाई नियुक्तिका लागि सिफारिस गरेको थियो । सिफारिसपछि सुनुवाइ समितिले २६ असारमा उजुरी आह्वान गरेको थियो । सभापति श्रेष्ठका अनुसार समितिमा एउटा उजुरी र एउटा सुझाव प्राप्त भएको छ । पाल्पाको तानसेन नगरपालिका- ९ का भेषराज लुइँटेलले कार्कीलाई प्रमुख निर्वाचन आयुक्तमा अनुमोदन नगर्न, सिफारिस अस्वीकृत गर्न तथा विस्तृत छानबिन गर्न माग गर्दै उजुरी दर्ता गराएका हुन् । त्यसैगरी, ललितपुरका उज्ज्वलकृष्ण श्रेष्ठले सुनुवाइ प्रक्रियामा बहुमत-अल्पमतको सट्टा गोलाप्रथाबाट निर्णय गर्न सुझाव दिएका छन् ।

आफ्ना सांसदहरूलाई रास्वपाको पाँचबुँदे निर्देशन

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सांसदहरूलाई निर्वाचन क्षेत्र भ्रमण गर्दा पार्टीसँग अनिवार्य समन्वय गर्न निर्देशन दिएको छ । पार्टीले सांसदहरूको जनसम्पर्क गतिविधि व्यक्तिगत भेटघाटमा सीमित नभई संगठन विस्तार र जनताका मुद्दा संसद्मा उठाउने माध्यम बन्नुपर्ने जनाएको छ । महामन्त्री विपिनकुमार आचार्यले मंगलबार प्रतिनिधिसभामा पार्टीका १८२ सांसदलाई निर्देशन सर्कुलर गर्दै क्षेत्र तथा जिल्ला भ्रमणलाई राजनीतिक रूपमा प्रभावकारी, संस्थागत र परिणाममुखी बनाउन 'रणनीतिक समन्वय' आवश्यक रहेको उल्लेख गरेका छन् ।

रास्वपाले स्थानीय समस्या पहिचान, सांगठनिक अपनत्व, जनपरिचालन, मितव्ययिता र जनताबाट प्राप्त सुझावलाई नीतिमा रूपान्तरण गर्ने प्रणाली विकास गर्न सांसदहरूलाई सचेत गराएको छ । पार्टीले सुशासन र नागरिककेन्द्रित राजनीतिको आधार मजबुत बनाउन संघीय संसद् र नागरिकबिचको संवादलाई प्राथमिकता दिएको जनाएको छ । निर्देशनको पहिलो बुँदामा संस्थागत समन्वय र पूर्वसूचना छ । दोस्रो बुँदामा स्थानीय मुद्दाको प्राथमिकीकरण रहेको छ । तेस्रो निर्देशनमा सांगठनिक अपनत्व र जनपरिचालन रहेको छ । चौथोमा मितव्ययिता र सुशासन छ । पाँचौंमा नीतिगत पृष्ठपोषण प्रणाली रहेको छ । निर्वाचन क्षेत्रका नागरिकमाझ जाने क्रममा प्राप्त जनसुझाव, गुनासा र स्थानीय समितिका वस्तुगत रिपोर्टिङलाई लिपिबद्ध गरी संसदीय दलमा संस्थागत रूपमा पेस गर्न भनिएको छ ।

खोलाले बगाउँदा १२ वर्षीया बालिकाको मृत्यु

संखुवासभा/ सभापोखरी गाउँपालिका- ६ स्थित सभाखोलाले बगाउँदा एक बालिकाको मृत्यु भएको छ । मंगलबार दिउँसो करिब २:५० बजे सभाखोलामा नुहाउने क्रममा स्थानीय तुलबहादुर लिम्बूकी १२ वर्षीया छोरी जानकी लिम्बूलाई बेपत्ता बनाएको थियो । स्थानीय र प्रहरी टोलीको खोजतलासपछि लिम्बूको शव फेला परेको जिल्ला प्रहरी कार्यालय संखुवासभाका डिएसपी कुमारप्रसाद मैनालीले बताए । पाँचखपन नगरपालिका- १ मा निर्माणाधीन दिव्यश्वरी हाइड्रोपावरको ड्याममा अड्किएको अवस्थामा शव फेला परेको उनको भनाइ छ । सभाखोलामा जानकी र उनका साथी १० वर्षीया रेशु लिम्बू नुहाउन गएका थिए । रेशु भने सकुशल छिन् । जानकीलाई खोलाले बगाएको रेशुले नै खबर गरेका थिए । घटना भएको खबर प्राप्त हुना साथ बाह्रबिसे प्रहरी चौकीबाट प्रहरी सहायक निरीक्षक देवनारायण माझी नेतृत्वको टोली खटिएको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ ।

आफ्नै कारभित्र जलेर व्यवसायीको मृत्यु

नयाँ पत्रिका

आफ्नै कारभित्र जलेर कीर्तिपुरमा औषधि व्यवसायीको मृत्यु भएको छ । कीर्तिपुरको चाँदनी चोकस्थित खाली जग्गामा पार्किङ गरिएको बा.५च ३०३८ नम्बरको कारभित्र जलेर ७० वर्षीय सुरेशचन्द्र श्रेष्ठको मंगलबार दिउँसो मृत्यु भएको हो ।

काठमाडौंको नरदेवी स्थायी घर भएका उनी कीर्तिपुरकै ग्रिन उड भिल्लामा बस्दै आएका थिए । पछिल्ला वर्ष उनको व्यवसाय खस्किएको परिवारले जनाएको छ । कारमा आगो सल्किएपछि स्थानीय र प्रहरी निभाउन पुगेका थिए । तर, उद्धार नहुँदै कारभित्रै जलेर उनको मृत्यु भइसकेको थियो । कार पूर्ण रूपमा जलेको छ । घटना सम्बन्धमा विस्तृत अनुसन्धान अघि बढेको जिल्ला प्रहरी परिसर, काठमाडौंका एसपी पवन भट्टराईले बताए । पोस्टमार्टमका लागि श्रेष्ठको शव त्रिवि शिक्षण अस्पतालमा पठाइएको छ ।



मंगलबार दिउँसो आगलागीबाट जलेको सुरेशचन्द्र श्रेष्ठ सवार कार

घ्याम्पेडाँडामा युवकको हत्या, १८ जना पक्राउ

भक्तपुरको घ्याम्पेडाँडामा एक युवकको हत्या भएको छ । हत्या आरोपमा १८ जनाविरुद्ध प्रहरीले मुद्दा प्रक्रिया अघि बढेको छ । आइतबार राति घ्याम्पेडाँडाको श्री इडियट्स गेस्टहाउसमा भएको विवादमा बर्दिया घर भई सल्लाघारी बस्ने राज कार्कीको हत्या भएको हो ।

जिल्ला प्रहरी कार्यालय, भक्तपुरका डिएसपी दीपक कार्कीका अनुसार सामान्य भनाभनबाट विवाद भएकामा पछि कुटाकुट भएको देखिन्छ । झगडा बढेपछि होटेलमा ४०-५० जना जम्मा भएका थिए । झगडामा प्रत्यक्ष रूपमा संलग्न देखिएकालाई थुनामा राखेर मुद्दा प्रक्रिया अघि बढाइएको डिएसपी कार्कीले बताए । विश्वकप फुटबलको फाइनल खेलका वेला घटना भएको हो ।

पैसा चोरेको रिसमा गोंगबुमा युवतीको हत्या

काठमाडौंको गोंगुबमा एक युवतीको हत्या भएको छ । हत्यामा संलग्न दुईजना पक्राउ परेका छन् । गत ३२ असारमा गोंगबुस्थित मित्रनगरमा रहेको माउन्टेन एक्सेल्सिभा होटेल कैलालीको धनगढी उपमहानगरपालिका- ७ स्थायी घर भई हाल काठमाडौंको माछापोखरी बस्ने २५ वर्षीया निशा सुनारको हत्या भएको हो । हत्यामा संलग्न दैलेखको डुंगेश्वर गाउँपालिका- ६, लटाली स्थायी घर भई हाल काठमाडौं महानगरपालिका- ३ चक्रपथस्थित साम्बाला होटेलआसपास बस्ने २७ वर्षीय रमेश बुढा र जुम्लाको चन्दननाथ नगरपालिका- २ घर भई काठमाडौं बस्ने ३८ वर्षीय दानबहादुर शाहीलाई प्रहरीले पक्राउ गरेको हो ।

प्रहरी अनुसन्धानअनुसार रमेश र ती युवती सहमतिमै होटेलमा गएका थिए । रमेश नुहाउन शौचालय छिरेको मौकामा युवती उनको झोलामा रहेको एक लाख लिएर भागेको खुलेको छ । भोलिपल्ट सडकमा खोजेर तिनै युवतीसँग डिल गरेर उनी होटेलमा लैजान्छन् । होटेलमा गएपछि मात्र युवतीले रमेशलाई चिन्छिन् । पैसा फिर्ता माग्दै रमेशले झगडा सुरु गर्छन्, पछि झगडा हुँदा बियरको बोतलले हानेर उनको हत्या गरेको अनुसन्धानमा खुलेको छ ।

पूर्वमन्त्री महतको मुद्दा मुल्तबीमा राख्न अदालतद्वारा अस्वीकार

काठमाडौं/ पूर्वअर्थमन्त्री तथा कांग्रेस नेता रामशरण महतको हकमा मुद्दा मुल्तबीमा राख्न अदालतले अस्वीकार गरेको छ । मंगलबार विशेष अदालतले भ्रष्टाचारको मुद्दामा अनुमति नहुने आदेश गरेको हो । विशेषका न्यायाधीशहरू हेमन्त रावल, डिल्लीरत्न श्रेष्ठ र उमेश कोइरालाको इजलासले महतकी श्रीमती रोशना महतको निवेदनमाथि अनुमति नहुने आदेश गरेको हो । महत श्रीमती रोशनाका साथ अदालतमा उपस्थित भएका वेला उनको स्वास्थ्य अवस्थासमेतलाई दृष्टिगत गरी इजलासबाट कानुनबमोजिम हुने भन्दै मुल्तबी राख्न नमिल्ने आदेश विशेषले गरेको हो ।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजनामा भ्रष्टाचार भएको गैरकानुनी लाभको मुद्दामा महत पनि प्रतिवादी छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २१ मंसिर ०८२ मा मुद्दा दर्ता गरेको थियो । तर, उनको हकमा मुद्दा मुल्तबीमा राख्नुपर्ने मागसहित उनकी श्रीमती रोशना महतले गत १७ चैतमा निवेदन दिएकी थिइन् ।

मुद्दामा महतका नाममा पनि समाह्वान जारी भएपछि श्रीमती रोशना अदालत पुगेकी थिइन् । महत फ्रन्टल टेम्पोरल डिमेन्सिया रोगबाट गम्भीर रूपमा मानसिक तथा शारीरिक रूपमा अशक्त भई स्मरण शक्ति हराएकाले बयानका लागि उपस्थित हुन नसक्ने निवेदनमा थियो । विशेषले निवेदनपछि नेपाल मेडिकल बोर्डबाट स्वास्थ्य जाँच प्रतिवेदन झिकाउन आदेश गरेको थियो । त्यसैअनुसार विशेषले यस्तो आदेश गरेको हो । तत्कालीन अर्थमन्त्रीका हैसियतले विशेषमा महतमाथि मुद्दा चलेको हो । आठ अर्ब ३६ करोड रुपैयाँ बिगो मागदाबी रहेको यस मुद्दामा तीन दर्जनभन्दा बढी प्रतिवादी छन् ।

■ सिराहाको त्रिशूला खोलाको पुल चार वर्षदेखि अलपत्र

वारपार गर्न प्रहरी र स्थानीयले बनाए अस्थायी पुल

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको बरियारपट्टी गाउँपालिका वडा नम्बर २ र ३ जोड्ने त्रिशूला खोलाको पुल निर्माण करिब चार वर्षदेखि अलपत्र परेपछि प्रहरी र स्थानीय बासिन्दा मिलेर अस्थायी पुल बनाएका छन् । इलाका प्रहरी कार्यालय महेशपुर पतारका प्रमुख प्रहरी निरीक्षक विशाल मल्लको प्रयासपछि प्रहरी र स्थानीयको सहकार्यमा अलपत्र छोडिएको पुलका निर्माण सामग्री प्रयोग गरेर सोमबार अस्थायी पुल तयार गरी आवागमन सहज बनाइएको हो ।

बरियारपट्टी-मेदिनीपुर भित्री सडकखण्डअन्तर्गत बरियारपट्टी- २ श्रीपुर र ३ नं. बलुवा गाउँको बिचमा पर्ने खोलामा मनसुनका वेला आउने बाढीले आवतजावतमा कठिनाइ भएपछि अस्थायी पुल बनाएर सहज बनाइएको सिराहा प्रहरीका प्रमुख प्रहरी उपरीक्षक वासुदेव पाठकले बताए । महेशपुरपतार प्रहरी प्रमुख प्रहरी निरीक्षक मल्लका अनुसार आइतबार राति सुरक्षा गस्तीका लागि बरियारपट्टीतर्फ जाँदै गर्दा खोलामा आएको बाढीले पार गर्ने नसकेपछि फर्किएर पतारी बजार, सुखीपुर हुँदै करिब १५ किलोमिटर फन्को मारेर जानुपरेको थियो । 'सुरक्षा गस्तीमा निस्किएका प्रहरीलाई त समस्या भयो, दैनिक ओहोरदोहोर गर्नुपर्ने स्थानीय बासिन्दाले कति सास्ती झेलेका होलान् ?' उनले भने,



'त्यसको भोलिपल्ट नै स्थानीय बासिन्दासँग सहकार्य गरी दिनभरमा अस्थायी पुल बनायौं ।'

खोलामा पुल नहुँदा निरन्तर वर्षाका कारणले त्रिशूला खोलामा बाढी आएपछि मेदिनीपुर पतारी, ब्रह्मपुरी, हरिपुर, बलुवा गाउँ हुँदै हुलाकी सडकखण्डको बरियारपट्टीसम्म आवतजावत गर्न स्थानीय बासिन्दाले सास्ती झेल्दै आएका थिए । अस्थायी पुल निर्माण गरिएपछि वर्षा लागेसँगै ठप्प रहेको सडक नियमित भएको छ ।

२० महिनाको ठेक्का, चार वर्षसम्म लम्बियो

मधेश प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयमातहत पूर्वाधार विकास कार्यालय सिराहामार्फत २० महिनामा निर्माण सम्पन्न हुने गरी २१ असार ०७८ मा ६ करोड ९१ लाख ८६ हजार २३६ रुपैयाँमा रसुवा रोशन जेभी जनकपुरले ठेक्का लिएको पुल चार वर्ष बित्दै गर्दा पनि अलपत्र छ । सिंगल स्पान रहेको ४५ मिटर लामो पुलको करिब तीन महिनाअघि स्ल्याब ढलान गरिएको भए पनि त्यसपछि निर्माण व्यवसायीले नदी नियन्त्रण र एप्रोच सडकको कामसमेत नथालेको स्थानीय बासिन्दाको गुनासो छ । 'पुलको शिलान्यास गर्ने क्रममा २० महिनामा पुलबाट गाडी गुड्ने दाबी गर्ने निर्माण व्यवसायी चार वर्ष बित्दै गर्दा किस्ताकिस्तामा काम गरिरहेका छन्,' बरियारपट्टी- ३ का वडाध्यक्ष विनोदकुमार यादवले भने, 'त्यसको मार सर्वसाधारणले भोगिरहेको छौं ।'

बिपीको नजरमा कांग्रेसका 'लरेल-हार्डी'

बिपी कोइरालाको सांगठनिक शैलीको सुन्दरता नै विरोधी र असन्तुष्ट पक्षलाई समेत आदरपूर्वक समेटेर लैजानुमा थियो



● डा. राजेश्वर कुशवाहा

अग्रलेख

आज साउन ६ गते, जननायक विश्वेश्वरप्रसाद कोइराला (बिपी) को ४४औँ स्मृति दिवस। हरेक वर्ष आजको दिनलाई नेपाली राजनीतिक वृत्तमा वैचारिक मन्थन र ऐतिहासिक सिंहावलोकनको पर्वका रूपमा मनाइन्छ। बिपीको स्मृति दिवसको यो घडी केवल श्रद्धासुमनको औपचारिक कार्यतालिका मात्र होइन र त्यस्तो हुनुहुँदैन पनि। बरु नेपालको लोकतान्त्रिक आन्दोलनको समग्र यात्रा, यसको वर्तमान अवस्था र भविष्यको मार्गचित्रलाई कसीमा राखेर हेर्ने आत्मसमीक्षाको दिन बन्नुपर्छ। आजको दिन बौद्धिक बहस सञ्चालन हुन्छन् र पत्रपत्रिका बिपीको बहुआयामिक व्यक्तित्वका विविध पाटा पहिल्याउन केन्द्रित रहन्छन्। यही वैचारिक सन्दर्भमा जब हामी बिपीको साहित्य र राजनीतिक दर्शनको गहिराइलाई नियाल्छौँ, तब इतिहासको एउटा अत्यन्तै घतलाग्दो र विम्बात्मक प्रसंग समकालीन राजनीतिको यथार्थसँग जोडिन आइपुग्छ।

नेपाली राजनीतिका अग्रणी व्यक्तित्व, साहित्यमा सिद्धहस्त र मानव स्वभावका कुशल पारखी बिपी कोइरालाले आफ्नो 'आत्मवृत्तान्त'मा राणाकालीन बन्दीगृहको एउटा रोचक संस्मरण उल्लेख गर्नुभएको छ। २००५ सालमा दोस्रोपटक राणाशासनको कालकोठरीमा थुनिएर २३ दिन लामो अनशनरत रहँदा उहाँलाई हेर्न र पहरा दिन सेनाका मेजर चन्द्रबहादुर थापा र सरदार उपेन्द्रपुरुष ढकाल सधैँ सँगै आउने गर्थे। उनीहरू बिपीलाई फकाउने र धम्क्याउने दुवै गर्थे। उनीहरू सुनाउँथे, 'मरेर के भयो त, राजकाजमा कति मर्छन्, मर्छन्। मरेर भन् सजिलो, कुचोले बढार्नुपर्ने धुलो हावाले आफैँ उडाएर लैजान्छ।'

ती दुई पात्रका विपरीत शारीरिक बनोट, कार्यशैलीको असमञ्जस्य र तत्कालीन शासकको कडा दबाबबिच उत्पन्न हुने हडबडाहटपूर्ण व्यवहारलाई 'आत्मवृत्तान्त'मा बिपीले निकै विनोदपूर्ण शैलीमा चित्रण गर्नुभएको छ। उनीहरू कोठामा प्रवेश गर्दा र संवाद गर्दाको दृश्य ठ्याक्कै हलिउडका प्रसिद्ध क्लासिक कमेडियन जोडी 'लरेल र हार्डी'को 'साइलेन्ट' मुभीको प्रहसनजस्तो देखिन्थ्यो भनी बिपीले अत्यन्त रोचक तरिकाले वर्णन गर्नुभएको छ।

जीवन-मरणको त्यो गम्भीर अवस्थामा पनि व्यवस्थाको विरोधाभासलाई ठट्टाको बिम्बमा ढाल्न सक्ने बिपीको त्यो चेत आज समकालीन कांग्रेसको सांगठनिक द्वन्द्व र नीतिगत विचलन बुझ्नका लागि एउटा सार्थक ऐना बन्न सक्छ। आजको यो लेख नेपाली कांग्रेसको निर्माणमा बिपीको योगदान, पार्टीको वर्तमान दसा, दिशा र 'लरेल र हार्डी' पात्रको कार्यशैलीमा केन्द्रित छ।


■ विपरीत विचार र क्षमताको ऐतिहासिक समन्वय

वास्तवमा बिपी कोइरालाको कालखण्डमा पनि नेपाली कांग्रेस विवादरहित थिएन। स्थापनाकालदेखि नै विभिन्न प्रखर व्यक्तित्वबिच नीति, रणनीति र सांगठनिक कार्यदिशालाई लिएर तीव्र मतभिन्नता थिए। २००४ सालको राष्ट्रिय कांग्रेसको विभाजन, ००६ सालमा नेपाली कांग्रेसको स्थापना, ००७ सालको सशस्त्र विद्रोह, ००९ सालको जनकपुर महाधिवेशन, ०१० सालको विशालनगर दरबारको महासमिति बैठक, ०१२ सालको वीरगन्ज महाधिवेशन, ०१४ सालको ऐतिहासिक विराटनगर महाधिवेशन र सुन्दरीजल कारागारबाट मुक्तिदेखि २०३३ सम्म बिपी-सुवर्ण मतभेदका घटनाक्रमले पार्टीको आन्तरिक लोकतन्त्रलाई ठुलो परीक्षामा राखेका थिए। तत्कालीन प्रधानमन्त्री मात्रिकाप्रसाद कोइराला र बिपीबिचको कार्यशैलीगत टकरावले संगठनलाई गम्भीर मोडमा पुऱ्याउँदा पनि पार्टी कहिल्यै नीतिहीन वा दिशाहीन बनेन।

यसको मुख्य कारण थियो, बिपीको समन्वयकारी राजनीतिक शिल्प। सुवर्णशमशेरको आर्थिक दूरदर्शिता र व्यवस्थापकीय सन्तुलन, गणेशमान सिंहको विद्रोही आवेग अनि कृष्णप्रसाद भट्टराईको सन्तभाव र सांगठनिक निष्ठाजस्ता विपरीत स्वभाव र क्षमताका नेतालाई एउटै लयमा हिँडाउने 'किमियागिरी' बिपीमा थियो। दलित समाजका नेता धनमानसिंह परियार, थारू जातिका नेता परशुनारायण चौधरी र तराई-मधेशका महेन्द्रनारायण निधि, काशीप्रसाद श्रीवास्तव, रामनारायण मिश्र तथा शेख इदरिसजस्ता 'कद्दावर' नेताहरूका फरक मतलाई समेटेर नेपाली कांग्रेसलाई सिंगो राष्ट्रको साझा चौतारी बनाउनुभएको थियो बिपीले। विपरीत विचार र फरक स्वभावका पात्र मिलेर कसरी एउटा बलियो इतिहास निर्माण गर्न सक्छन् भन्ने कुराको त्यो अनुपम राष्ट्रिय दृष्टान्त थियो। तर, आज त्यही कांग्रेसको आन्तरिक जीवनलाई नियाल्दा विपरीत विचारको व्यवस्थापन होइन, बरु प्रचारमुखी प्रवृत्तिको हालिमुहाली देखिन्छ।

■ समकालीन नेतृत्वमा 'लरेल-हार्डी' शैलीको प्रतिबिम्ब

हलिउडको क्लासिक रंगमञ्चमा लरेल र हार्डीको मुख्य आकर्षण नै उनीहरूको विपरीत स्वभाव र कार्यशैली थियो। स्टेन लरेल अत्यन्तै चञ्चल, भावुक, ऊर्जावान् र तुरुन्तै प्रतिक्रिया जनाउने चरित्रमा देखिन्थे भने ओलिभर हार्डी गम्भीर, व्यवस्थापकीय धाक देखाउन खोज्ने तर आन्तरिक रूपमा लरेलकै योजनामा निर्भर रहने चरित्रमा



प्रस्तुत हुन्थे। उनीहरू सधैँ समस्या समाधान गर्न खोजेजस्तो गर्थे, तर ठोस नीतिको अभाव र आपसी अलमलका कारण परिस्थिति झन् अमिलिँदो बन्थ्यो। आजको नेपाली कांग्रेसको आन्तरिक द्वन्द्व, सांगठनिक गतिहीनता र विशेषगरी दुई युवा नेताद्वय सभापति गगनकुमार थापा र उपसभापति विश्वप्रकाश शर्माको कार्यशैलीगत रसायनलाई नियाल्दा त्यही लरेल र हार्डी शैलीको झझल्को मिल्छ।

> केवल लोकरिझ्याइँ र सामाजिक सञ्जालको भाषणको जादुले मात्र जीवन्त राजनीतिक संगठन चल्न सक्दैन। राजनीतिक दल एउटा लामो रेसको गतिशील घोडा हो, जसलाई हाँक्नका लागि क्षणिक उत्तेजना होइन, धैर्य र दूरदर्शिता चाहिन्छ।

बाहिरबाट हेर्दा यो जोडी अत्यन्तै आकर्षक, समकालीन सञ्चारमाध्यममा प्रभावशाली र युवापुस्तामाझ लोकप्रिय देखिन्छ। तर, संगठन सञ्चालन र नीतिगत निर्णयको धरातलमा पुग्दा उहाँहरूको स्वभाव र कार्यशैलीमा त्यही शास्त्रीय विरोधाभास प्रकट हुने गरेको छ। गगन थापा संगठनभित्र तीव्र गति, आक्रामकता र 'मास सेन्टिमेन्ट'लाई आत्मसात् गर्दै सीधा प्रहार गर्ने शैलीका लागि परिचित हुनुहुन्छ, जुन लरेलको स्क्रिन ऊर्जासँग ठ्याक्कै मेल खान्छ। अर्कातर्फ, विश्वप्रकाश शर्मा कूटनीतिक, सन्तुलित र ठुला कुरालाई पनि मन्द मुस्कान, मिठो शब्द र बिम्बात्मक भाषाशैलीमा प्रस्तुत गर्न रुचाउनुहुन्छ आफूलाई, जुन हार्डीको गम्भीर देखिन खोज्ने चरित्रसँग मिल्न खोज्छ। तर, जब पार्टीभित्रको आन्तरिक द्वन्द्व व्यवस्थापन, शक्ति संघर्ष र नीतिगत अलमललाई चिरेर स्पष्ट सांगठनिक निकास दिनुपर्ने वेला आउँछ, विशेष महाधिवेशनबाट विछोडिएका नेता-कार्यकर्तालाई समेटेर पार्टीलाई एकढिक्का बनाउने सवाल आउँछ, तब दुई नेताबिचको विरोधाभास र नीतिगत अस्पष्टताले गर्दा निर्णय प्रक्रिया निष्कर्षविहीन प्रहसनजस्तै बनिरहेको छ।

■ लोकरिझ्याइँ भर्सेस सांगठनिक परिपक्वता

कांग्रेसको समकालीन सांगठनिक अभ्यास, विशेष महाधिवेशनको गृहकार्य र आन्तरिक बहसलाई हेर्दा पुस्तान्तरण र रूपान्तरणको बहस त व्यापक रूपमा उठ्यो, तर त्यसलाई संस्थागत र व्यवस्थापन गर्ने सवालमा ठुलो परिपक्वता देखिएन। परम्परागत नेतृत्वलाई चुनौती दिने नाममा जुन प्रकारको हतारो र आक्रामक रणनीति अख्तियार गरियो, त्यसले संगठनलाई जरैदेखि बलियो बनाउनुको साटो आन्तरिक ध्रुवीकरण र व्यवस्थापकीय संकट मात्र बढाउने काम गरेको छ। केवल लोकरिझ्याइँ र सामाजिक सञ्जालको भाषणको जादुले मात्र जीवन्त राजनीतिक संगठन चल्न सक्दैन। राजनीतिक दल एउटा लामो रेसको गतिशील घोडा हो, जसलाई हाँक्नका लागि क्षणिक उत्तेजना होइन, धैर्य र दूरदर्शिता चाहिन्छ। लरेल र हार्डीको सिनेमा जस्तै, ठोस व्यवस्थापकीय शिल्प र सांगठनिक अनुशासनको अभावमा परिणाम

> आजको कांग्रेसको आन्तरिक द्वन्द्व, सांगठनिक गतिहीनता र विशेषगरी दुई युवा नेताद्वय सभापति गगनकुमार थापा र उपसभापति विश्वप्रकाश शर्माको कार्यशैलीगत रसायनलाई नियाल्दा 'लरेल र हार्डी' शैलीको झझल्को मिल्छ

ठ्याक्कै उल्टो र प्रत्युत्पादक निस्कन सक्छ। युवा नेतृत्वले के बुझ्न जरुरी छ भने मिडियामा सेयर र लाइक बटुल्नु र पार्टीका भुइँतहका कार्यकर्ताको मन जित्नु दुई सर्वथा फरक कुरा हुन्।

बिपी कोइरालाको सांगठनिक शैलीको सुन्दरता नै विरोधी र असन्तुष्ट पक्षलाई समेत आदरपूर्वक समेटेर लैजानुमा थियो। तर, समकालीन युवा नेतृत्वमा कताकता आन्तरिक निषेध र प्रतिशोधको भावना हाबी भएको देखिन्छ। पार्टीका पुराना र अनुभवी नेताहरू, शेरबहादुर देउवा, पूर्णबहादुर खड्का, कृष्णप्रसाद सिटौला, डा. शेखर कोइराला, शशांक कोइरालालगायत स्थापित व्यक्तित्वलाई समेट्ने, उहाँहरूसँग सन्तुलित संवाद गर्ने र उहाँहरूको लामो राजनीतिक अनुभवलाई संगठनको पुँजीका रूपमा उपयोग गर्ने न्यूनतम राजनीतिक शिष्टाचार र लचकता युवा नेताद्वयले पूर्ण रूपमा प्रदर्शन गर्न सक्नुभएको छैन। आफ्नै अग्रजलाई पाखा लगाउने र सानो गुटको घेरामा रमाउने कार्यशैलीले आज संगठनभित्र अघोषित फुटको अवस्था सिर्जना गरेको छ।

■ निष्कर्ष

इतिहासको कालखण्डमा मात्रिकाप्रसाद कोइरालासँगको चरम विवादबिच पनि बिपीले कहिल्यै संवादको ढोका बन्द गर्नुभएन। २०१० सालमा मात्रिकाले राष्ट्रिय प्रजा पार्टी गठन गरेर छुट्टिएपछि पनि बिपीले सुवर्णशमशेरमार्फत उहाँसँग संवाद जारी राख्नुभयो। सुवर्णशमशेरलाई वीरगन्ज महाधिवेशनबाट सभापतिमा निर्वाचित गराउनुभयो र अन्ततः मात्रिकालाई कांग्रेसमा फर्काउनुभयो। तर, आजका युवा नेताहरू वैचारिक विमर्श र संवादमा अनुदार देखिनुहुन्छ। यो प्रवृत्तिले अन्ततः पार्टीलाई विचारको मञ्च होइन, गुटहरूको संगठनमा परिणत गर्ने वा फुटको खतरातिर बढाउन सक्छ। साउन ६ गतेको यो पवित्र स्मृति दिवसमा बिपी कोइरालाको नाम जप्दै गर्दा नेतृत्वले आफ्नो कार्यशैलीका त्रुटिको गम्भीर पुनरावलोकन गर्नु अपरिहार्य छ। लोकरिझ्याइँको मोह त्यागेर, आन्तरिक निषेधको राजनीति अन्त्य गरी जबसम्म संगठनलाई नीति र विधिको जगमा एकढिक्का बनाइँदैन, तबसम्म कांग्रेसको वास्तविक पुनरुत्थान असम्भव छ। बोलीको परिष्कारमा मात्र नअल्झिई व्यवहारको कसीमा खरो उत्रिएर सिंगो कांग्रेसलाई एउटै लयमा हिँडाउन सके मात्र बिपीप्रति सच्चा श्रद्धाञ्जली हुनेछ। अन्यथा, यो समकालीन नेतृत्व इतिहासको पानामा 'लरेल र हार्डी'को एक सुमधुर तर सांगठनिक रूपमा असफल राजनीतिक प्रतीकका रूपमा मात्र सीमित रहनेछ।

(भारतका जवाहरलाल विश्वविद्यालयबाट विद्यावारिधि गरेका डा. कुशवाहा नेपाली कांग्रेसका महासमिति सदस्य हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **श्याम श्रेष्ठ**लाई



नेपाली राजनीतिमा बिपी कोइराला र पुष्पलाल श्रेष्ठलाई कसरी सम्झिनु ठिक हुन्छ ?

बिपी कोइराला र पुष्पलाल तत्कालीन नेपाली राजनीतिका दुई फरक-फरक फाँटका शिखर व्यक्तित्व हुनुहुन्थ्यो। बिपीले बुर्जुवा फाँटको नेतृत्व गर्नुभयो भने पुष्पलालले कम्युनिस्ट विचारधाराको नेतृत्व गर्नुभयो। दुवै नेता फरक-फरक राजनीतिक धाराका आदर्श व्यक्तित्व हुनुहुन्थ्यो। पुष्पलाल जीवनभर सामन्तवादसित कहिल्यै झुक्नुभएन भने बिपीचाहिँ कहिले झुक्नुभयो भने कहिले जुध्नुभयो। बिपी र पुष्पलाल नभएको भए अहिले हामीले जुन लोकतान्त्रिक शासन व्यवस्था र स्वतन्त्रता पाएका छौं, त्यो सम्भव नहुन पनि सक्थ्यो। त्यसैले, अहिले हामीले उपभोग गरिरहेको स्वतन्त्रता र आत्मसम्मानका लागि उहाँहरू दुवैलाई सम्मानपूर्वक सम्झनुपर्छ।

आजको नेपाली राजनीतिमा उहाँहरूको विचारको सान्दर्भिकता कति छ ?

विचारको सान्दर्भिकता समयक्रमसँगै बदलिँदै जान्छ। पुष्पलाल समावेशिता र समानताका पक्षमा जीवनभर अडिग रहनुभयो। त्यहींनेर बिपीको योगदान सामन्तवादसित जुधेर स्वतन्त्रता ल्याउनुमा रह्यो। राष्ट्रिय स्वतन्त्रताका हकमा सुरुमा भारतसँग निकै निकट देखिए पनि समयक्रममा बिपी भारतसँग जुधेरै अघि बढ्नुभयो। भारतले उहाँलाई कहिल्यै सुखले बाँच्न दिएन। हामी जहिल्यै आफ्नै बुतामा उभिनुपर्छ, अरूको बुतामा उभिन खोजियो भने देश स्वतन्त्र रहन्न भन्ने उहाँहरू दुवैको विचार आज पनि अत्यन्त सान्दर्भिक छ।

आजको कांग्रेसले बिपीलाई र कम्युनिस्ट पार्टीहरूले पुष्पललाई कदर गरेका छन् त ?

कांग्रेसले बिपीको नाम मात्र जप्छ, उनको विचारलाई रत्तिभर पछ्याउँदैन। बिपीको लोकतान्त्रिक समाजवादको बाटो हिँड्न कांग्रेसले उहिल्यै बिर्सिसक्यो। कम्युनिस्ट पार्टीहरूले ब्यानरमा त पुष्पलालको फोटो राखेको देखिन्छ। उनीहरू पुष्पललले भनेजस्तै जनवादी बाटोबाट हिँड्नुपर्छ भनेर चर्का भाषणचाहिँ गर्छन्, तर त्यो बाटोबाट हिँड्न जरुरी भने कहिल्यै ठान्दैनन्। त्यसैले, कांग्रेसले बिपीलाई र कम्युनिस्टहरूले पुष्पललाई श्राद्ध गरेजस्तो नाम सम्झेर 'तर्पण'चाहिँ दिँदै आएका छन्, तर उनीहरूको विचार र आदर्शलाई भने कहिल्यै पछ्याएका छैनन्।

प्रेरक प्रसंग

ज्योतिषी र व्यापारी

एकपटक सहरमा एक प्रसिद्ध ज्योतिषीको आगमन भयो। उनी देशकै नाम चलेका विद्वान् ज्योतिषी थिए। उनको जिब्रोमा सरस्वती विराजमान भएको विश्वास गरिन्थ्यो। उनले जीवनमा जे-जति भविष्यवाणी गरेका थिए, ती सबै सत्य साबित भएका थिए।



सहरमा उनको आगमन भएपछि उनलाई बस्नका लागि एक सरकारी आवास उपलब्ध गराइएको थियो। उनलाई आफ्ना हात, चिना वा टिपन देखाएर आफ्नो भविष्य जान्न चाहनेको भिड बाक्लो थियो। उनी पालैपालो उपस्थित मानिसको भविष्य बताउँदै थिए।

उनको चर्चा सुनेर बजारका एक धनाढ्य व्यापारी पनि आफ्नो भविष्य जान्न उनीकहाँ पुगे। आफ्नो पालो आएपछि उनले राम्रै भेटी अर्पण गरेर आफ्नो जिज्ञासा ज्योतिषसामु राखे- ज्योतिषी महाराज, मेरो मृत्यु कहिले, कहाँ र कस्तो पस्थितिमा होला ? कृपया प्रस्ट बताइदिनुहोस् न !

ज्योतिषीले गम्भीर हुँदै व्यापारीका हस्तरेखा हेरे। उनको अनुहार र निधार पनि राम्ररी हेरे। स्लेटमाथि केही अंक लेखे र जोडघटाउ पनि मिलाए। त्यसपछि निकै गम्भीर स्वरमा उनले भने- महाशय, तपाईंका हस्तरेखाले तपाईंको भविष्यबारे धेरै कुरा बताएका छन्। यथार्थमा तपाईंका पिताको आयु जति हुनेछ, तपाईंको पनि त्यति नै हुनेछ। जुन परिस्थितिमा जेजसरी तपाईंका पिताको मृत्यु हुनेछ, तपाईंको पनि सोही स्थानमा त्यसरी नै मृत्यु हुनेछ।

ज्योतिषीको भविष्यवाणी सुनेपछि व्यापारी गम्भीर हुँदै उठे। उनी त्यहाँबाट बिस्तारै बाहिर निस्किए। एक घण्टापछि तिनै व्यापारी वृद्धाश्रमबाट आफ्ना पितालाई साथमा लिएर घर फर्किरहेका थिए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

रोजगारी सिर्जना कसरी हुन्छ ?

सरकारले यस वर्ष लोकसेवाको परीक्षाको आवेदन नै खुला नगर्ने तयारी गरेको समाचार पढ्दा लामो समयदेखि लोकसेवाको तयारी गरिरहेका हामी युवालाई तिमीहरू यो देशका लागि योग्य छैनौं, विदेश गएर हामीलाई रेमिट्यान्स पठाओ भन्न खोजिएको हो सरकार ? अझ हामीमध्ये कतिपय त उमेर हदका कारण अन्तिमपटकका लागि प्रयास गर्दै थियौं। हाम्रो त आशाको त्यान्द्रो नै चुँडियो नि सरकार ! एकातिर सरकारी जागिरका लागि आवेदन बन्द गर्ने र अर्कातिर निजी क्षेत्रलाई हतोत्साहित गराउने कार्यले देशमा रोजगारी सिर्जना हुन्छ चाहिँ कसरी ? अनि, कुन्नि कति लाख युवालाई रोजगारी दिने सरकारको घोषणाको भविष्य के हुन्छ ?

● **दिनेश सापकोटा**, बत्तीसपुतली, काठमाडौं

युवालाई निराश नपार सरकार !

देशमा एकातिर सरकारी जागिरमा प्रवेशको अवसर निकै कमजोर छ। थोरै सिटका लागि धेरै प्रतिस्पर्धीबिच तीव्र प्रतिस्पर्धा हुँदा लाखौं युवा यो प्रतिस्पर्धाबाटै बाहिरिन्छन्। अर्कातिर निजी क्षेत्रमा पनि रोजगारीका सम्भावना खासै बढेका छैनन्। निजी क्षेत्र आफैं पनि वर्तमान सरकारबाट सशंकित छ। उता सरकारले लोकसेवा आयोगको आवेदन यस वर्ष खुला नगर्ने भएपछि पनि युवामा निराशा थपिएको छ। युवालाई निराश पार्ने काम नगर सरकार !

● **ब्रिजन कार्की**, सल्लाघारी, भक्तपुर

सडक पार गर्ने कसरी ?

सरकारले पैदलयात्रुलाई पनि जथाभावी सडक पार गरे जरिवाना लगाउने नियम ल्याउने तयारी गरेको सुनिएको छ। यो राम्रो पनि हो। तर, पैदलयात्रीले सुरक्षित ढंगमा सडक पार गर्न उपयुक्त स्थानमा जेब्राक्रस हुनुपर्‍यो। जेब्राक्रसको नियम कडाइसाथ पालना पनि हुनुपर्‍यो। अनि, ठाउँठाउँमा आकासे पुल निर्माण गर्नुपर्‍यो। नत्र त नियम मात्र ल्याएर के गर्ने सरकार ? त्यत्तिकै त सडक कसरी पार गर्नु, सरकार ?

● **सन्तोष चिमोरिया**, बागबजार, काठमाडौं

सरकारको बुद्धि पलाएको हो ?

प्रधानमन्त्री बालेन शाहले शिक्षा र स्वास्थ्यमा सरकारले बजेटमार्फत लगाएको समता शुल्क तत्काल लागू नहुने बताएको समाचारमार्फत सुनियो। यो सरकार गठनदेखि नै हामी आमजनताले यसबाट निकै ठुलो अपेक्षा गरेका थियौं। तर, यो सरकारले हाम्रो अपेक्षामा पटक-पटक तुसारापात गर्दै आएको छ।

झन् अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बजेटमार्फत शिक्षा र स्वास्थ्यमा थप तीन प्रतिशत समता कर लगाउने घोषणा गरेसँगै आमसर्वसाधारणमा यसले तीव्र आक्रोश जन्माएको थियो। झन् सोमबारको नयाँ पत्रिकाले शवमा पनि तीन प्रतिशत समता कर लाग्ने समाचार प्रकाशित गरेपछि भने त्यो आक्रोश विस्फोटको चरणमा पुगिसकेको थियो। अहिले प्रधानमन्त्री बालेनले तत्काल त्यो कर लागू नहुने घोषणा गरेर केही हदसम्म 'ड्यामेज कन्ट्रोल' त गरेका छन्। तर, सरकारको नियत भने बजेटमार्फत शिक्षा र स्वास्थ्यमा लगाएको यो समता करले उदांगो बनाइदिएको छ।

यो सरकारले कर असुल्न सक्ने अनेकौं छिद्र हुँदाहुँदै शिक्षा र स्वास्थ्यजस्तो आमजनता जोडिने उनीहरूको मौलिक हकमाथि नै गम्भीर प्रहार गरेको थियो। सुनजस्तो विलासी वस्तुमा लाग्दै आएको कर हटाएर विपन्नतम नागरिकले पनि सेवा लिनैपर्ने शिक्षा र स्वास्थ्यमा कर थोपर्ने सरकारको नीतिले यो सरकार विपन्न नागरिकका लागि बनेकै होइन भन्ने प्रस्ट भएको छ। अहिले यो गरिब नागरिकमारा कर तत्काल लागू नगर्ने घोषणा गरेका प्रधानमन्त्री बालनले भविष्यमा कुनै छिद्रबाट घुसाएर यो कर लिने गल्ती नगरून्। हामी आमनागरिकको धैर्यको पटकपटक परीक्षा लिने काम नगरियोस्।

● **सपना लिम्बू**, सुनाकोठी, ललितपुर

ठट्टाको विषय होइन भारतको 'साङ्लो राजनीति'

भारतको भिडभाडपूर्ण र अस्थिर राजनीतिमा कक्रोचलाई अब केवल अर्को एउटा 'भाइरल लहर'का रूपमा मात्र हेर्न सकिने अवस्था छैन



देश / विदेश

● उदय चन्द्र
(चन्द्र अशोका विश्वविद्यालयमा राजनीतिशास्त्र अध्यापन गर्छन्)

भारतमा 'कक्रोच जनता पार्टी' (सिजेपी) भाइरल भएको दुई महिनापछि यसका समर्थक जोखिमपूर्ण अवस्थामा पुगे। प्रहरीले दिल्लीको जन्तरमन्तरमा सिजेपीले आयोजना गरेको धर्नास्थलबाट शिक्षाविद् तथा अभियन्ता सोनाम वाङचुकलाई बलपूर्वक हटाएर उनको इच्छाविपरीत अस्पताल पुऱ्यायो। उनी आफ्नो अनिश्चितकालीन अनशनको २१औँ दिनमा थिए।

सोनामलाई हटाएपछि प्रदर्शनकारी सो स्थानमा भेला भए भने सिजेपीका संस्थापक अभिजित दीपकेले आमरण अनशन सुरु गरे। विश्वविद्यालय प्रवेश परीक्षाको प्रश्नपत्र चुहिएका कारण देशभर आक्रोश फैलिएको र भारतको प्रतिस्पर्धात्मक परीक्षा प्रणालीमा व्यापक जवाफदेहिताको अभाव देखिएकाले शिक्षामन्त्री धर्मेन्द्र प्रधानले राजीनामा दिनुपर्ने भन्दै प्रदर्शनकारीले सोमबार भारतीय संसद्तर्फ मार्च गरे। यहाँसम्म कि प्रधानमन्त्री नरेन्द्र मोदीको राजीनामाको मागसमेत उठेको छ।

मुख्य न्यायाधीश सूर्यकान्तले बेरोजगार युवालाई 'साङ्ला' भनी गरेको टिप्पणीले देशभर आक्रोश निम्त्याएपछि मे महिनाको मध्यतिर सिजेपीको उदय भयो। त्यसयता, यस 'पार्टी'ले भारतका युवामाझ ठुलो अनलाइन समर्थन जुटाएको छ र व्यापक विरोध प्रदर्शन आयोजना गरेको छ।

सोनामलाई नियन्त्रणमा लिनुअघिसम्म राज्यको प्रतिक्रिया न खुला स्वीकारोक्तिको थियो, न त पूर्ण दमनको। बरु यो एक सन्तुलित नियन्त्रणको रणनीति थियो, सीमित दायराभित्र विरोध प्रदर्शनलाई अनुमति दिने, उनीहरूको विस्तारलाई प्रहरीमार्फत नियन्त्रण गर्ने र गठबन्धन आफैं टुक्रिने प्रतीक्षा गर्ने। तर, सोमबारको संसद् मार्चले भने सत्तामा रहेकाहरूलाई सशंकित वा विचलित बनाएको देखिन्छ।

भारतको भिडभाडपूर्ण र अस्थिर राजनीतिमा कक्रोचलाई अब केबल अर्को एउटा 'भाइरल लहर'का रूपमा मात्र हेर्न सकिने अवस्था छैन। अर्थात्, सामाजिक सञ्जालबाट उदाएको, सडकमा छोटो समय देखिएको र देखापरेजति नै छिटो ओझेल पर्ने युवा समूहका रूपमा मात्र यसलाई लिन मिल्दैन। कक्रोचले लामो यात्रा तय गरेको छ। यसले समाजमा व्याप्त एउटा भावनालाई प्रतिनिधित्व गर्छ।

साङ्लो भनेको फोहोरी, छिछि तथा दुरदुरको पात्र हो। यो आफैंमा कुरूप र हास्यपूर्ण प्राणी हो। यसलाई मार्न गाह्रो हुन्छ। यो विष, अन्धकार र घृणाबाट बच्छ। जब मालिकले दाबी गरेजस्तो घर सफा हुँदैन, तब कक्रोच देखिन्छ। धेरै युवा भारतीयका लागि (विशेषगरी बेरोजगारी, परीक्षा-पत्र चुहावट र बढ्दो लागतको सामना गरिरहेकाहरूका लागि) साङ्लो प्रतिबिम्ब बनेको छ। साङ्लोले त्यस्तो भारतको प्रतिनिधित्व गर्छ, जहाँ युवाका अनगिन्ती सपना चकनाचुर भएका छन्।

'साङ्लो-राजनीति'को उदय त्यस्तो समयमा भयो, जब मोदीको भारतीय जनता पार्टी (भाजपा) ले विशाल स्रोत-साधन, कल्याणकारी कार्यक्रम, हिन्दु राष्ट्रवाद र विपक्षीको विभाजनलाई मतमा परिणत गर्ने क्षमतासहितको एक सशक्त चुनावी संयन्त्र सञ्चालन गरिरहेको छ। तैपनि, विरोधाभासपूर्ण रूपमा भाजपाको जनमत अझै पनि 'निकै ठुलो अल्पमत'कै रूपमा सीमित छ। सन् २०२४ को आमनिर्वाचनमा यस पार्टीले देशभरका मतदातामध्ये एकतिहाइभन्दा केही बढीको मात्र समर्थन प्राप्त गऱ्यो।

अर्को शब्दमा भन्नुपर्दा मतदान गर्नेमध्ये दुईतिहाइले मोदीको नेतृत्वको भाजपाको पुनः निर्वाचित हुने प्रयासलाई समर्थन गरेनन्। भाजपाको शक्ति कुनै वास्तविक वा तथ्यांकमा बहुमतमा होइन, बरु विभिन्न पक्षको संयोजनमा आधारित छ, क्षेत्रीय तथा जातीय गठबन्धन, विपक्षी दलमा हुने दलबदल र विभाजन।

सिजेपीको उपस्थिति यस्तो समयमा भएको छ, जहाँ माथिल्लो तहबाट हेर्दा चुनावी राजनीति स्थिर देखिए पनि तल्लो तहमा भने यसप्रति अविश्वास व्याप्त छ। रोजगारीको अभाव र परीक्षा व्यवस्थापनमा देखिएको गडबडीका कारण युवा आक्रोशित छन्। साथै, सिजेपीले जनमत त्यस्तो समयमा बटुल्दै छ, जतिबेला जनआक्रोश व्यक्त गर्ने परम्परागत लोकतान्त्रिक माध्यम, जस्तै- राजनीतिक दल, निर्वाचन, सञ्चारमाध्यम र स्वतन्त्र संस्थाहरू विकृतिको चपेटामा पर्ने जोखिममा छन्।

त्यसपछि अर्थतन्त्रको कुरा आउँछ। कोभिड-१९ महामारीले भारतीय अर्थतन्त्रलाई मन्दीतर्फ धकेलेपछि ८० करोडभन्दा बढी भारतीय सरकारबाट प्राप्त हुने खाद्य सहयोगमा निर्भर छन्। बहुसंख्यक गरिब जनताका लागि खाद्य सहयोगले भोक मेटाउने र घरपरिवारको गुजारा चलाउने काम गर्छ, साथै दैनिक जीवनमा राज्यको उपस्थितिलाई महसुस गराउँछ। तर, यस्तो न्यूनतम कल्याणकारी व्यवस्थाले कुनै सामाजिक सम्भौतालाई भने प्रतिबिम्बित गर्दैन। यसले महामारीका वेला उजागर भएका संरचनागत अस्थिरता वा जोखिमलाई सम्बोधन गर्न नसकिएको विफलतालाई नै दर्साउँछ।

भारतले विद्यालय तथा उच्च शिक्षाको दायरा त बढाएको छ, तर शिक्षाका माध्यमबाट स्थिर रोजगारी भने सिर्जना गर्न सकेको छैन। यसैकारण प्रश्नपत्र चुहावट, भर्ना प्रक्रियामा हुने ढिलाइ र परीक्षा रद्द हुने घटनाले यति धेरै आक्रोश पैदा गर्छन्। परीक्षा भनेको केबल एउटा परीक्षा मात्र होइन; मध्यमवर्गीय परिवारका लागि यो सामाजिक स्तर उकास्ने वा जीवनस्तर सुधार्ने एउटा माध्यम वा प्रयास हो। आफ्ना छोराछोरीले राम्रो तलबसहितको सम्मानित जागिर पाउन सकून् भन्ने सम्भावनाका लागि अभिभावकले बचत गर्छन्, ऋण लिन्छन्, जग्गा बेच्छन् र महँगो कोचिङ शुल्कसमेत तिर्छन्। यसैकारण साङ्लोको प्रतीकले धेरै महत्त्व बोकेको छ। यसले आकांक्षा र अवहेलनाबिच फसेकालाई सम्बोधन गर्छ। मोदी युगले सामाजिक मेलमिलापबिनै चुनावी सफलता हासिल गर्ने कलामा निपूणता हासिल गरेको छ। यसले लाखौं भारतीय युवालाई सताइरहने एउटा प्रश्नको भने जवाफ दिएको छैन- एकाधिकारवादी पुँजी वा विश्वव्यापी अवसरको पहुँचबाहिर रहेकाहरूका लागि कस्तो भविष्य बाँकी छ ?

अलजजिराबाट

प्रहरी दमनले थप क्रुद्ध भारतका जेन–जी प्रदर्शनकारी

प्रदर्शन आह्वान गरेका सिजेपी नेता अभिजित दिपकेले अब आफूहरू सरकारसँग वार्ता गर्न नजाने, सरकारले वार्ता चाहे जन्तरमन्तरमा आउनुपर्ने बताए

भित्ताहरूमा रगतका टाटा, पल्टिरहेका ब्यारिकेड र सडकभरि छरिएका फुटेका सिसा र जुत्ताहरू। एकातर्फ अलपत्र फालिएको स्कार्फ अर्कोतर्फ भाँचिएको चस्मा र च्यातिएको सर्ट। यी सबै भारतको राजधानीमा फैलिएको अराजकताका अवशेष थिए। नयाँदिल्लीको मुटु मानिने संसद् मार्ग र औपनिवेशिक कालमै बनेको कन्नोर्ट प्यालेस चोक सोमबार हजारौँ प्रदर्शनकारीमाथि प्रहरीले गरेको दमनको छाप बोकेर बसिरहेका थिए। प्रायः विद्यार्थीको सहभागिता रहेको प्रदर्शनमा मुख्यतः केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग भएको थियो।

सोमबार प्रदर्शनकारीको एक समूह केन्द्रीय संसद्को ढोकासम्म पुगेको थियो। पछि प्रहरीले लाठीचार्ज र अश्रुग्यास प्रहार गरेपछि भिड पछाडि हट्न बाध्य भयो। त्यसक्रममा सयभन्दा बढी विद्यार्थी घाइते भए। 'म अझै पनि दिल्लीमा छु भन्ने मलाई नै विश्वास लागेको छैन,' राजधानीमै हुर्केका १८ वर्षीय अंशुल देवले भने, 'यसरी अश्रुग्यास चलाइएला भन्ने लागेको थिएन।' उनका साथीमध्ये एकजनाको दुवै खुट्टामा पट्टी बाँधिएको थियो। 'हाम्रा अग्रजले मतदान गरेर सत्तामा ल्याएको यो सरकारले हामीलाई आतंककारी र अपराधीजस्तै व्यवहार गरिरहेको छ। यो हाम्रो देश हो र हामी यसलाई उनीहरूको घृणित राजनीतिबाट मुक्त गर्दै छौं,' देवले भने।



● यशराज शर्मा
(शर्मा अलजजिराका नयाँदिल्ली संवाददाता हुन्)

विश्वको सबैभन्दा ठुलो 'जेन-जी' समूह मानिने भारतका युवा विगत दुई महिनादेखि लाखौँ विद्यार्थीलाई असर गर्ने परीक्षाको प्रश्नपत्र बाहिरिएको घटनाप्रति आक्रोश व्यक्त गरिरहेका छन्। घटनापछि २० भन्दा बढी विद्यार्थीले निराशाका कारण आत्महत्या गरे। देशका प्रधानमन्त्री नरेन्द्र मोदी सोमबार संसद्मा देखिए, तर उनले नजिकै भइरहेको विरोध प्रदर्शनबारे केही टिप्पणी गरेनन्।

सोमबारको दमनका बावजुद मंगलबार पनि ठुलो संख्यामा विद्यार्थी तथा युवाहरू संसद चलो मार्चका लागि पुन जम्मा भए। मंगलबारजस्तो दमन नभए पनि प्रहरीले ठुलठुलो ब्यारीकेड राखेर प्रदर्शनकारीलाई संसद्सम्म पुग्न दिएन। सोमबारको दमनका कारण मंगलबार विपक्षी दल, तिनका शिर्ष नेता तथा कैयौँ कहलिएका कलाकारहरूले पनि विद्यार्थीको आन्दोलनमा ऐक्यबद्धता जनाउन जन्तरमन्तर गएका थिए।

दिल्लीको जन्तरमन्तरमा क्रकोच जनता पार्टी (सिपिजे)को विरोध प्रदर्शन मंगलबार पनि रोकिएन। विरोध प्रदर्शनको नेतृत्व गरिरहेका सिपिजे प्रमुख अभिजित दिपकेले मंगलबार आफूहरू अब सरकारसँग वार्ता गर्न नजाने, वार्ता गर्न चाहे सरकार जन्तरमन्तरमा आउनुपर्ने अडान लिए। त्यसअघि अभिजितले संसद् मार्चमा घाइते भएकाहरूसँग माफी मागेका थिए। साथै, उनले प्रहरी हिरासतमा रहेकाहरूलाई कानुनी सहयोग चाहिने भएकाले कानुनी पेसाकर्मीसँग सम्पर्कमा आउन आह्वान गरेका थिए। तथापि, दिल्ली प्रहरीले मंगलबार नै अघिल्लो दिन पक्राउ परेका सबै प्रदर्शनकारीलाई रिहा गरेपछि यस कठिनाइ केही कम भएको छ। योसँगै दिल्ली प्रहरीको मुख्यालयअगाडि विरोध प्रदर्शन गर्ने पूर्वनिर्धारित कार्यक्रम रद्द गरियो।

यसबिच, दिल्ली उच्च अदालतको आदेशपछि, सोनम वाङचुकलाई



गुरुग्रामको मेदान्त अस्पतालमा सारिएको छ। उनी हाल रक्तअल्पताको लक्षण अनुभव गरिरहेका छन्, तर उनको अनशन २४औँ दिनसम्म जारी छ। मंगलबार, धेरै विपक्षी दलका नेताहरू पनि विरोध स्थलमा पुगे। यसमा उद्धव ठाकरे, अखिलेश यादव, शरद पवार, सुप्रिया सुले, अरविन्द केजरीवाल र सञ्जय सिंहजस्ता सांसदहरू थिए। सोमबार प्रहरीले भत्कादिएको विरोधस्थलको मञ्च प्रदर्शनकारीले मंगलबार दिउसोसँग उस्तै बनाएका थिए। योसँगै दिनभरका अवस्था सामान्य रहेको जन्तरमन्तरको विरोधस्थलमा साँझपख भने मानिसको चहलपहल बढेको थियो। अघिल्लो दिन संसद् मार्चको क्रममा प्रहरी लाठीचार्ज र अश्रुग्यासको सिकार भएकाहरू पनि विरोधस्थलमा देखिए।

'प्रदर्शन जारी रहनेछ'

सोमबार साँझ १८औँ शताब्दीमा बनेको वेधशाला जन्तरमन्तरस्थित (जुन अहिले भारतमा विरोध प्रदर्शनको केन्द्र बनेको छ) भत्काइएको मञ्चमा क्रकोच जनता पार्टीका प्रमुख अभिजित दीपके फर्किए। 'दिल्ली प्रहरीले हाम्रा विद्यार्थी र साथीहरूलाई कुटपिट गरेको छ। हामी अत्यन्तै दुःखी छौं,' पछिल्लो प्रदर्शन आह्वान गरेका दीपकेले दमनपछि पनि नभागी बसेका प्रदर्शनकारीलाई सम्बोधन गर्दै भने, 'हामी प्रतिरोध गरिरहनेछौं। सरकारबाट जवाफदेहिताको माग गर्नेछौं। धर्मेन्द्र प्रधानले राजीनामा नदिएसम्म हामी पछि हट्नेछैनौं।' 'यो प्रदर्शन हाम्रो पहिलो आह्वान मात्र थियो, अन्तिम होइन। अझ धेरै हुनेछन्। आशा नहार्नुहोस्,' प्रदर्शनकारीलाई सम्बोधन गर्दै दीपकेले भने। साँझ घर फर्किनुअघि स्वयंसेवकले मञ्च क्षेत्रवरपरको फोहोर उठाउन, पाल बाँध्न र सडक बढार्न सुरु गरे। यो त्यही ठाउँ हो, जहाँ विभिन्न विद्यार्थी संगठनका एक सयभन्दा बढी प्रदर्शनकारी मन्त्री प्रधानको राजीनामा माग्दै भोक हडतालमा बसेका अभियन्ता सोनम वाङचुकलाई साथ दिएर बसेका छन्। सोमबार प्रहरीले विद्यार्थी संगठनले लगाएका त्रिपाल र अन्य सामान पनि फालिदिएको थियो।

सरकारसँगको वार्ता 'समयको बर्बादी'

विद्यार्थीको प्रदर्शनअघि कक्रोच जनता पार्टीका नेताले सरकारले वार्ताका लागि सम्पर्क गरेको जानकारी दिएका थिए। नयाँदिल्लीमा हजारौँ प्रदर्शनकारी भेला हुँदा पार्टीका दुई प्रवक्ताले आन्दोलनका तीन माग स्पष्ट गर्दै केन्द्रीय स्वास्थ्यमन्त्री जेपी नड्डालाई भेटेका थिए। तीन मागमा पहिलो प्रधानको तत्काल राजीनामा थियो भने बाँकी दुईमा वाङचुकलाई अस्पतालबाट डिस्चार्ज गर्नुपर्ने र आत्महत्याबाट मृत्यु भएका विद्यार्थीको परिवारलाई लगभग एक करोड भारु क्षतिपूर्ति दिनुपर्ने विषय थियो।

यद्यपि, साँझतिर वार्तामा गएका विद्यार्थी निराश भएर फर्किए। 'हाम्रो समयको बर्बादी गरिरहेका छन्,' सिजेपीका प्रवक्ता आशुतोष रान्काले भने, 'हामीलाई चार घण्टा पर्खन लगाइयो। अनि मन्त्री आएर हामीलाई जम्मा १० मिनेट मात्र भेटे। नड्डाले प्रवक्तासँग 'सौहार्दपूर्ण वातावरणमा' भेट भएको बताए। साथै उनले अगाडि भने कि 'सबै प्रदर्शनकारीलाई धर्ना अन्त्य गर्न र प्रशासनलाई सामान्य अवस्था पुनर्स्थापित गर्न सहयोग गर्न अनुरोध गर्छौं। सोमबारको वार्ताबाट निराश सिजेपी नेता दीपकेले मंगलबार पत्रकारसँग कुरा गर्दै भने, 'यदि सरकार फेरि वार्ता गर्न चाहन्छ भने उनीहरू नै अब जन्तरमन्तरमा आउनुपर्छ। हामी त्यहाँ जानेछैनौं।' केही विद्यार्थीले विरोध प्रदर्शनको विकेन्द्रीकरणका लागि आह्वान गरिरहेका छन्।

एक 'बलियो नेता'को सामना

प्रहरीले वाङचुकलाई जबर्जस्ती विरोधस्थलबाट हटाएपछि प्रदर्शनकारीले मोदीलाई राजीनामा दिन आह्वान गरेका छन्। सोमबार नयाँदिल्लीको मध्यभागमा प्रधानमन्त्रीलक्षित नारा गुन्जिए। 'दिल्लीमा जुन नसोचेको स्तरमा ठुलो संख्याको प्रदर्शनकारीको उपस्थिति देखियो, त्यसले प्रधानमन्त्रीलाई ठुलो चुनौती दिएको छ,' लेखक तथा मोदी जीवनी लेखक निलान्जन मुखोपाध्यायले भने। 'अहिलेसम्मको अवस्थामा मोदीले प्रदर्शनकारीका कुनै माग पूरा नगरी आफूलाई एक अडिग नेता देखाउने प्रयास गरेजस्तो देखिन्छ,' मुखोपाध्यायले भने।

सोमबारको विरोधपछि भारतीय इन्टरनेट 'मिम्स', अनलाइन आक्रोश र प्रहरीसामु खिचाइएका तस्बिरले भरिएका छन्। उनीहरूले दमनको विरोध गर्दै प्रहरीको कारबाहीको आलोचना गरेका छन्। सोमबार भारतीय संसद्अगाडि हजारौँको भिडमाझ युट्युबर मेघनाद एस पनि थिए। 'तिनले यहाँ पागलपन प्रदर्शन गरे। प्रहरीको कारबाहीका कारणचाहिँ भिड साँच्चै उत्तेजित भएको हो,' उनले सोमबार राति विरोधस्थलबाट बोल्दै भने, 'आन्दोलनहरू सधैँ नै अव्यवस्थित हुन्छन्। यो नियन्त्रण गर्न धेरै गाह्रो छ। आखिर, हामी सबै तिनले भनेजस्तै साइला (कक्रोच) न हौं। हामी अझै पनि यहाँ झुन्डिरहेका छौं।' मंगलबार बिहान फेरि भिड प्रदर्शनस्थलमा फर्कियो। अर्थात् साइलाहरू मौन रहन अस्वीकार गर्दै थिए।

अलजजिराबाट



प्रधानमन्त्रीनिवासनजिकै कंग्रेसको विरोध प्रदर्शन, राहुल गान्धी पक्राउ

नयाँदिल्ली / भारतको राजधानी नयाँदिल्लीमा प्रहरीले मंगलबार देशका प्रधानमन्त्री नरेन्द्र मोदीको लोक कल्याण मार्गस्थित निवासनजिकै विरोध प्रदर्शन गरेको आरोपमा विपक्षी दल कंग्रेसका नेता राहुल गान्धी, मल्लिकार्जुन खर्गे र प्रियंका गान्धी वाड्रालाई हिरासतमा लियो। पक्राउ पर्नुअघि कंग्रेस नेताहरू प्रधानमन्त्रीनिवासबाहिर धर्नामा बसेका थिए। तिनले विद्यार्थीको आन्दोलनमा दमन भएको र विद्यार्थीको परीक्षापत्र लिक भएको मुद्दामा प्रधानमन्त्री मोदी र केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा मागेका थिए।

त्यस्तै, उनीहरूले यो विषयलाई संसदीय बैठकमा छलफल गर्नुपर्ने पनि बताए। विरोध प्रदर्शनका क्रममा दिल्ली प्रहरीले कंग्रेस नेताका अतिरिक्त कैयौँ कार्यकर्तालाई हिरासतमा लिएको थियो। प्रहरीले पक्राउ परेका कंग्रेस नेता तथा कार्यकर्तालाई बसमा राखेर धर्नास्थलबाट अन्यत्र लगेका थिए।

इतिहासमा आज जुलाई २२



सन् १९६९ : स्पेनको संसद्ले तानाशाह फ्रान्सिस्को फ्रान्कोले राजकुमार हुवाँ कार्लोसलाई आफ्ना उत्तराधिकारी घोषणा गर्ने निर्णयलाई अनुमोदन गऱ्यो। यही कदमपछि स्पेनमा पुनः राजतन्त्र फर्किने माहोल बनेको थियो।

● **सन् १९६६** : पहिलोपटक उत्तर र दक्षिण भियतनामको निःशस्त्र क्षेत्रमा बी ५२ बमहरूले हमला गरे।

● **सन् १९७७** : सांस्कृतिक क्रान्तिको समयमा चिनियाँ कम्युनिस्ट पार्टीले उपप्रधानमन्त्रीसहित आफ्ना सबै पूर्वउच्च पद पुनर्स्थापित भएसँगै देङ सियाओपिङ कारबाहीबाट पार्टी काममा फर्किए।

● **सन् २०११** : ओस्लो र नर्वेको उटोया टापुमा एन्डर्स बेहरिङ ब्रेभिक नाम उग्रदक्षिणपन्थी व्यक्तिले आतंकवादी आक्रमण गरेर ७७ जनाको हत्या गरिदिए।

● **सन् २०२२** : द्रौपदी मुर्मू भारतकी राष्ट्रपति बनिन्, उनी सो पद सम्हाल्ने पहिलो आदिवासी महिला हुन्।

ट्रम्पले लगाए क्यानेडियाली सामानमा ५० प्रतिशत भन्सार कर

वासिंटन डिसी / अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कैयन क्यानेडियाली सामानमाथि नयाँ ५० प्रतिशत दरको भन्सार कर लगाउने घोषणा गरेका छन्। अमेरिकी मदिरा, सवारी साधन र दुग्ध उत्पादनमाथि क्यानडाले 'भेदभावपूर्ण व्यवहार' गरिरहेकाले आफू यस्तो कदम चाल्न बाध्य भएको ट्रम्पले स्पष्टीकरण दिएका छन्।



ट्रम्पद्वारा सोमबार घोषणा भएको नयाँ भन्सार कर ३० दिनपछि लागू हुनेछ। अतिरिक्त भन्सार कर लाग्ने क्यानेडेली उत्पादनमा वाइन, हक्की स्टिक र सिमेन्टलगायत उत्पादन समेटिने ह्वाइट हाउसको तथ्यपत्रमा उल्लेख छ। वर्षको सुरुमा सर्वोच्च अदालतले ट्रम्पले अधिकांश देशमाथि लगाएका भन्सार कर खारेज गरिदिएपछि ट्रम्पले अहिले हालसम्म प्रयोगमा नल्याइएको 'ट्रयारिफ एक्ट, १०३०'को धारा ३३८ मा टेकेर भन्सार घोषणा गर्न थालेका छन्। पछिल्लो भन्सार शुल्क ऊर्जा, पोटासजस्ता पहिले नै भन्सार लक्षित क्षेत्रमा भने लागू नहुने ह्वाइट हाउसले बतायो।

महत्त्वपूर्ण रूपमा तिनीहरूले 'अमेरिका-मेक्सिको-क्यानडामुक्त व्यापार सम्झौता (यएसएमसीए)' अन्तर्गत समेटिएका उत्पादनलाई भने असर गर्नेछन्। ट्रम्पद्वारा नयाँ भन्सार दर घोषणा भएपछि टिप्पणी गर्दै क्यानडाका प्रधानमन्त्री मार्क कार्नीले नयाँ करले युएसएमसिएलाई 'प्रत्यक्ष उल्लंघन' गर्ने बताए। अमेरिकासँगको विवाद समाधान गर्न आफूहरू तयार रहेको पनि कानीले बताए। नयाँ कर घोषणा गर्दा ह्वाइट हाउसले गत वर्ष ट्रम्पले भन्सार कर घोषणा गर्दा जवाफी कदम उठाउने जम्मा दुई देशमध्ये क्यानडा (अर्को चीन थियो) रहेको पनि उल्लेख गऱ्यो। त्यस्तै ट्रम्पको भन्सारको धम्की र क्यानडालाई अमेरिकाको '५१औँ राज्य' बनाउने धम्कीपछि क्यानडाले प्रायः अमेरिकी मदिरा खरिद बन्द गरेको कुरा पनि ह्वाइट हाउसले उठाएको छ।

बिजुलीको भ्याट हटाउने ब्रिटिस प्रधानमन्त्रीको निर्णय



लन्डन / बेलायतका नयाँ प्रधानमन्त्री एन्डी बर्नमले मंगलबार देशमा महँगीको मार कम गर्न तत्कालैबाट विद्युत् महसुलमा लाग्दै आएको भ्याट हटाउने निर्णय गरेका छन्। यस निर्णयले बर्सेनि औसतमा एक परिवारले ४५ पाउन्ड कम शुल्क तिर्नुपर्ने हुन्छ।

बर्नम प्रधानमन्त्री बनेको एक दिनपछि यो निर्णय भएको हो, जसले प्रधानमन्त्री भएलगत्तै नीतिगत हस्तक्षेपको शृंखला चलाएर आमनागरिकलाई जीवनयापनको उच्च लागत कम गर्ने वाचा गरेका थिए। 'मैले भनेको थिएँ कि म आममानिसलाई राहतको सास फेर्ने अवस्थामा पुऱ्याउन चाहन्छु। र, अहिले प्रधानमन्त्रीको रूपमा मेरो दोस्रो दिन म यसै दिनमा कदम चाल्दै छु। यो कदम आशा फिर्ता ल्याउन आवश्यक थियो,' बर्नमले एक विज्ञप्ति जारी गर्दै भने।

जापानको नवसैन्यवाद र क्षेत्रीय स्थिरतामा जोखिम

हालैका घटनाक्रमले जापानले बढ्दो रूपमा 'नवसैन्यवाद' अपनाइरहेको र आणविक आकांक्षासमेत पालेको संकेत गर्छन्। देशको सैन्य औद्योगिक संरचनाले क्षेत्रीय शान्ति र स्थिरताका लागि टोकियोले बढ्दो खतरा निम्त्याइरहेको छ।

दोस्रो विश्वयुद्धअघि जापानले आक्रामक रूपमा सैन्य श्रेष्ठता र विस्तारको नीति अपनाएको थियो, जसका कारण उसका छिमेकीले अत्यधिक पीडा भोग्नुपरेको थियो। युद्धमा पराजित भएपछि जापानले सैन्यवादलाई पूर्ण रूपमा अन्त्य गरेन, बरु उसले शीतयुद्धको समयमा एउटा 'सुरक्षा किल्ला'को भूमिका निर्वाह गर्ने बाटो रोज्यो, जसले गर्दा चीन र अन्य छिमेकी मुलुकसँग लामो समयसम्म तनाव कायम रह्यो। सन् १९७० को दशकमा 'निक्सन सक'जस्ता घटनाबाट प्रेरित भई जापानले आफ्ना नीति परिवर्तन गर्न थाल्यो, जसले चीन-जापान सम्बन्धलाई सामान्यीकरण गर्ने बाटो खोलिदियो।

यस परिवर्तनले क्षेत्रीय रणनीतिक वातावरणमा उल्लेखनीय सुधार ल्यायो र एसियामा शान्ति तथा विकासका लागि अनुकूल परिस्थिति सिर्जना गऱ्यो। यसरी जापानले आफ्ना छिमेकीसँग आपसी विश्वास र लाभमा आधारित सम्बन्ध निर्माण गर्ने तथा आफ्नो सुदृढ विकासलाई अघि बढाउने महत्त्वपूर्ण अवसर प्राप्त गऱ्यो। तर, सन् १९९० को दशकमा शीतयुद्धको अन्त्य भएपछि एक प्रमुख शक्ति बन्ने आकांक्षाबाट प्रेरित भई जापानले युद्धपछिका बन्धनबाट मुक्त हुने र आफूलाई 'सामान्य राष्ट्र'का रूपमा पुनः परिभाषित गर्ने प्रयास गऱ्यो। सैन्यवादका अवशेष नयाँ स्वरूपमा पुनरुत्थान भए। अमेरिका-जापान सुरक्षा गठबन्धनमा टोकियोको योगदानलाई उजागर गर्दै र 'अनुकूल अन्तर्राष्ट्रिय व्यवस्था'को रक्षा गर्न विभिन्न बहानामा 'शान्तिमा सक्रिय योगदान'लाई समर्थन गर्दै यी शक्ति फेरि एकपटक विघटनकारी नवसैन्यवादमा एकताबद्ध भए।

फलस्वरूप, ऐतिहासिक धारणा, क्षेत्रीय सार्वभौमसत्ता, समुद्री अधिकार तथा चासो र भूराजनीतिमा जापान र यसका छिमेकीबिचको तनाव तीव्र भएको छ। टोकियोले आफ्नो नवसैन्यवादलाई औचित्य दिन यी मुद्दा विश्वव्यापी विकासको प्रक्षेपणलाई पनि चलाखीपूर्वक शोषण गरेको छ।

युक्रेन संकटपछि जापानले पूर्वी एसियासँग झुटा समानता देखायो र चीनलाई आफ्नो 'सबैभन्दा ठुलो रणनीतिक चुनौती' भनेर दर्ज गऱ्यो। यो बहाना प्रयोग गरेर यसले नयाँ शीतयुद्ध सुरु गर्ने आफ्नो मनसाय प्रकट गर्दै पूर्वप्रहार क्षमतामा प्रतिबन्ध हटाइदियो, बाह्य हस्तक्षेपका लागि योजना तीव्र बनायो र साझेदारसँग गठबन्धन गर्न र आफ्ना छिमेकीलाई नियन्त्रण गर्न आफ्नो आर्थिक सुरक्षा रणनीतिलाई जिद्दीपूर्वक अगाडि बढायो।

अक्टोबर २०२५ मा जापानी प्रधानमन्त्री साने ताकाइचीले पदभार ग्रहण गरेदेखि जापानी सरकारले संविधान संशोधन, सैन्य विस्तार, गठबन्धन निर्माण र हतियार बिक्रीलाई तीव्र बनाएको छ। नवसैन्यवादलाई आफ्नो छिमेकीविरुद्ध युद्ध ब्ल्याकमेलको नयाँ चरणमा धकेल्दै जापानले खुला रूपमा तथाकथित 'अस्तित्व-धम्कीपूर्ण संकट'लाई चीनको ताइबान टापुसँग जोडेको छ।

यी कार्यले जापानको नवसैन्यवादले क्षेत्रीय सुरक्षाका लागि आसन्न खतरा निम्त्याउने देखाउँछ। देशको घरेलु राजनीतिक वातावरण गम्भीर रूपमा असन्तुलित छ, नवसैन्यवादको प्रभावकारी प्रतिरोधको अभाव छ। मार्ग उल्ट्याउने इच्छाशक्तिको त कुरै छोडौँ।

दक्षिणपन्थी सेनाहरू, सैन्य प्रतिष्ठानहरू, मित्सुबिसी र कावासाकीजस्ता रक्षा ठेकेदारहरू र राष्ट्रिय रक्षा अध्ययन संस्थानजस्ता अनुसन्धान संस्थानहरूले एक-अर्कासँग जोडिएका स्वार्थ र मिलेर बनेको संगठित नाफा बाँडफाँडका (नवसैन्यवादको मुख्य चालक) साथ सैन्य औद्योगिकपरिसरको गठनलाई तीव्र बनाएका छन्। साथै, यी शक्तिले जापानको विकास मार्गलाई अपहरण गरेका छन्। सैन्य प्रतिष्ठानले शक्ति र नाफा कब्जा गर्न धम्की उत्पादन गर्छन् र चिन्ता जगाउँछन्, जबकि दक्षिणपन्थी बाजहरूले रक्षा उद्योगलाई आर्थिक स्तम्भको रूपमा राख्छन्, जसले गर्दा सैन्य खर्च र हतियार आदेशबाट हुने नाफा बढ्छ।

उद्योग, शिक्षा र अनुसन्धान क्षेत्र नाफाबाट प्रेरित, दोहोरो प्रयोग हुने वस्तुहरूको अनुसन्धान, विकास र उत्पादनमा गैरआणविक सिद्धान्तहरू'को सीमाहरूको परीक्षण गर्दै छ। विदेशी गुप्तचर घुसपैठलाई बलियो बनाएर र विदेशी सैन्य गतिविधि विस्तार गरेर, जापानले आफ्नो सैन्य निवारण र हस्तक्षेप बढाउन खोज्छ। जापानले युद्धका गल्ती कहिल्यै दोहोऱ्याउनुहुँदैन भन्ने अन्तर्राष्ट्रिय सहमतिलाई चुनौती दिइँदै छ र संयुक्त राष्ट्र संघमा केन्द्रित अन्तर्राष्ट्रिय व्यवस्थालाई गम्भीर रूपमा कमजोर पारिएको छ।

यो बढ्दो सैन्यवादी खतराको प्रतिक्रियामा चीनको वाणिज्य मन्त्रालयले २० जापानी संस्थालाई दोहोरो प्रयोग वस्तुहरूको निर्यात नियन्त्रणमा र २० वटालाई निगरानी सूचीमा वैध रूपमा राखेको छ। प्रतिबन्धले जापानी सैन्य अन्तिम प्रयोगकर्तालाई, सैन्य उद्देश्य र जापानको सैन्य क्षमता बढाउन मद्दत गर्ने अन्तिम प्रयोगकर्तालाई दोहोरो प्रयोग वस्तुहरूको निर्यातलाई लक्षित गर्छ।

अक्टोबर २०२५ मा जापानी प्रधानमन्त्री साने ताकाइचीले पदभार ग्रहण गरेदेखि जापानी सरकारले संविधान संशोधन, सैन्य विस्तार, गठबन्धन निर्माण र हतियार बिक्रीलाई तीव्र बनाएको छ।





● याङ जिउचेङ
जिउचेङ चीनको राष्ट्रिय रक्षा विश्वविद्यालयका सहप्राध्यापक हुन्।

संलग्न छन्। जापानको राजनीति, अर्थतन्त्र र समाज आत्म-सुदृढीकरण गर्ने युद्ध प्रणालीमा तानिएको छ। जापानको आक्रामक हतियारको विकास, घातक हतियार निर्यातमा प्रतिबन्ध हटाउने, केही देशसँग सैन्य सम्झौता र संवेदनशील क्षेत्रमा संयुक्त सैन्य क्षमता निर्माणले क्षेत्रीय रणनीतिक सन्तुलनलाई अवरोध गर्नुका साथै तनाव बढाउँछ।

'छिमेकीहरूको सामना गर्दा टाढाका सहयोगी बनाउने' उसको रणनीतिसँग जोडिएका यी कार्यले हतियार प्रसारको जोखिम बढाउँछन् र क्षेत्रीय शान्ति र स्थिरतालाई जोखिममा पार्छन्। एकै समयमा टोकियोले देशको शान्तिवादी संविधानमा तीव्र परिवर्तन गर्दै 'विशेष रूपमा रक्षाउन्मुख' नीतिको सिद्धान्तलाई खोक्रो पारेर आफ्नो 'तीन मूल कारणलाई लक्षित गरेर यो उपायले नवसैन्यवाद र यसको आणविक महत्त्वाकांक्षाको जापानको लापरबाह खोजीलाई रोक्ने लक्ष्य राखेको छ। यी प्रतिबन्ध केही जापानी संस्थामा मात्र लागू हुन्छन् र दोहोरो प्रयोग वस्तुहरूमा मात्र केन्द्रित हुन्छन्, जसले गर्दा दुई देशबिचको सामान्य आर्थिक र व्यापारिक आदानप्रदान प्रभावित हुँदैन। कानुनको पालना गर्ने व्यवसाय प्रभावित हुनेछैनन्।

टोकियोले महसुस गर्नुपर्छ कि छिमेकी-छिमेकी दृष्टिकोणले अन्ततः यसको आफ्नै भविष्यलाई कमजोर पार्नेछ, किनकि जापानको दिगो विकासका लागि असल छिमेकी सम्बन्ध आवश्यक छ। जापानको महत्त्वपूर्ण छिमेकी, सबैभन्दा ठुलो व्यापारिक साझेदार र आयातको सबैभन्दा ठुलो स्रोतको रूपमा, चीन देशको स्थिरता, आर्थिक पुनरुत्थान र क्षेत्रीय सहयोगका लागि ठुलो महत्व राख्छ। द्विपक्षीय सम्बन्धमा हालका कठिनाइ जापानले आफ्नो नवसैन्यवादी एजेन्डा र चीनको ताइबान टापुबारे गलत शब्द अगाडि बढाएको कारणले उत्पन्न हुन्छन्। इतिहासले देखाएको छ कि हतियार विस्तार र युद्ध तयारी अन्ततः उल्टो हुन्छ। सैन्य उद्योगलाई आर्थिक स्तम्भको रूपमा राख्ने टोकियोको प्रयास एक विनाशकारी कदम हो। नवसैन्यवाद चलाउने सैन्य औद्योगिक जटिलमा राष्ट्रको भाग्य सुम्पनु राष्ट्रको भविष्यका लागि विनाशकारी हुन सक्छ।

चाइना डेलीबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
बुधबार ६ साउन ०८३

■ सरकारको करदाता प्रोत्साहन उपहार कार्यक्रम सुरु

बिल लिने उपभोक्तालाई १० लाखसम्म जित्ने अवसर



नयाँ पत्रिका

■ एक सय रुपैयाँभन्दा बढी मूल्यको वस्तु वा सेवा खरिद गर्ने अन्तिम उपभोक्ता कार्यक्रममा सहभागी हुन सक्ने, दैनिक एक लाख र पाक्षिक १० लाखसम्म जित्ने अवसर

■ राजस्व विभागले इभेन्ट अर्गनाइजरलाई जिम्मा दिन सक्ने, दाबी नपरेको उपहार रकम प्रधानमन्त्री उद्धार कोषमा जम्मा हुने

उपभोक्ताले सरसामान खरिद गर्दा अनिवार्य रूपमा बीजक लिन प्रोत्साहन गर्न सरकारले 'करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन कार्यविधि, २०८३' जारी गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (२) र (४) ले दिएको अधिकार प्रयोग गर्दै अर्थ मन्त्रालयले कार्यविधि जारी गरेको हो। कार्यविधि तत्काल लागू हुने मन्त्रालयले जानकारी दिएको छ।

कार्यविधिअनुसार वस्तु तथा सेवा खरिद-बिक्रीमा बीजक लिने-दिने संस्कृतिको विकास, कर अनुपालन बढाउने, वास्तविक कारोबार अभिलेखीकरणलाई प्रोत्साहन गर्ने तथा उपभोक्तालाई खरिद गर्दा अनिवार्य रूपमा बीजक लिन उत्प्रेरित गर्ने उद्देश्यले यो कार्यविधि लागू गरेको हो।

वार्षिक बजेट तथा कार्यक्रमको अधीनमा रही करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन गर्ने मन्त्रालयले जानकारी दिएको छ। कार्यक्रम सञ्चालनको जिम्मेवारी आन्तरिक राजस्व विभागलाई दिइएको छ। विभागले आवश्यक परे कार्यक्रम आयोजक (इभेन्ट अर्गनाइजर) छनोट गरी सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारीसमेत दिन सक्नेछ।



कार्यक्रममा नेपालभित्र आफ्नै प्रयोजनका लागि एकपटकमा एक सय रुपैयाँभन्दा बढी मूल्यको वस्तु वा सेवा खरिद गर्ने अन्तिम उपभोक्ता व्यक्ति सहभागी हुन सक्नेछन्। प्रत्येक महिनाको १ गतेदेखि मसान्तसम्म विद्युतीय भुक्तानीबाट गरिएका खरिद तथा प्रणालीमा प्रविष्ट भएका बीजक सोही महिनाको कार्यक्रममा समावेश हुनेछन्। प्रत्येक योग्य बीजक वा विद्युतीय भुक्तानीबाट गरिएको प्रत्येक खरिदबापत प्रणालीबाट एउटा उपहार टिकट उपलब्ध हुनेछ। एउटा बीजक वा एउटै विद्युतीय भुक्तानीबाट गरिएको खरिद एकभन्दा बढी पटक समावेश गर्न पाइनेछैन।

तर, व्यावसायिक प्रयोजनका लागि भएका खरिदका बीजक, सरकारी निकाय वा सार्वजनिक संस्थाको नाममा जारी भएका बीजक, टेलिफोन, इन्टरनेट, विद्युत्, सवारी तथा ढुवानीका साधन र हवाई टिकट खरिदका बीजक तथा स्थायी लेखा नम्बर (प्यान) नभएका व्यक्तिबाट खरिद गरिएका बीजक कार्यक्रममा सहभागी हुन योग्य हुनेछैनन्।

भुक्तानी सेवाप्रदायकमार्फत गरिएको विद्युतीय भुक्तानीबाट भएका खरिद स्वतः कार्यक्रममा समावेश हुनेछन्। अन्य योग्य उपभोक्ताले भने बीजक जारी भएको तोकिएको अवधिभित्र विभागको वेबपोर्टल, मोबाइल एप वा अन्य विद्युतीय प्रणालीमा बीजक नम्बर, विक्रेताको प्यान, बीजक जारी मिति, कुल रकम, भुक्तानीको प्रकार (नगद वा विद्युतीय), खरिदकर्ताको नाम र मोबाइल नम्बर प्रविष्ट गर्नुपर्नेछ। प्रणालीमार्फत विवरणको स्वचालित प्रमाणीकरण भएपछि मात्र त्यस्ता बीजक कार्यक्रमका लागि योग्य मानिनेछन्।

विभागले प्रत्येक महिनाको १ गते र १६ गते विजेता छनोट गर्नेछ। महिनाको १ गते अघिल्लो महिनाको १६ गतेदेखि मसान्तसम्मका कारोबारमध्येबाट र १६ गते सोही महिनाको १ गतेदेखि १५ गतेसम्मका कारोबारमध्येबाट विजेता छनोट गरिनेछ। स्वचालित प्रणालीमार्फत प्रत्येक दिन एकजना दैनिक विजेता तथा प्रत्येक पाक्षिक अवधिमा एकजना बम्पर विजेता छनोट गरिने व्यवस्था गरिएको छ। बम्पर विजेता सम्बन्धित पाक्षिक अवधिमा कार्यक्रममा सहभागी भएका उपभोक्तामध्येबाट चयन गरिनेछ। विजेता छनोटका क्रममा उच्चपदस्थ वा ख्यातिप्राप्त व्यक्ति, विभिन्न निकायका प्रतिनिधि तथा सञ्चारकर्मीलाई आमन्त्रण गर्न सकिनेछ। छनोट भएका विजेतालाई मोबाइल नम्बर र इमेलमार्फत जानकारी गराइनेछ भने विभागको वेबसाइट तथा सामाजिक सञ्जालमार्फत नाम सार्वजनिक गर्ने उल्लेख छ।

कार्यविधिअनुसार दैनिक विजेताले एक लाख ३३ हजार तीन सय ३४ रुपैयाँ उपहार प्राप्त गर्नेछन् भने पाक्षिक बम्पर विजेताले १० लाख रुपैयाँ पाउनेछन्। यी दुवै उपहार रकममा आयकर ऐन, २०५८ को दफा ८८क बमोजिम आकस्मिक लाभमा लाग्ने २५ प्रतिशत कर कट्टी गर्ने उल्लेख छ।

उपहार प्राप्त गर्न विजेताले घोषणा भएको मितिले १५ दिनभित्र नजिकको आन्तरिक राजस्व कार्यालयमा आफैं वा वारेसमार्फत निवेदन दिनुपर्नेछ। निवेदनसँग सक्कल बीजक, राष्ट्रिय परिचयपत्र, नागरिकता, राहदानी, सवारीचालक अनुमतिपत्र वा अन्य आधिकारिक परिचयपत्रको प्रतिलिपि, बैंक खाताको विवरण र स्थायी लेखा नम्बर पेस गर्नुपर्नेछ। कार्यालयले पेस भएका कागजात तथा विवरण १० दिनभित्र जाँचबुझ गरी उपहार वितरण गर्नेछ। जाँचका क्रममा झुट्टा, नक्कली वा किर्ते कागजात प्रमाणित भएमा सम्बन्धित व्यक्तिविरुद्ध प्रचलित कानुनबमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा लेखिपठाउने उल्लेख छ। उपहार रकम विभागले विजेताले उपलब्ध गराएको बैंक खातामा सिधै जम्मा गर्नेछ। तोकिएको १५ दिनभित्र आवश्यक कागजातसहित उपहार दाबी गर्न नआएमा त्यस्तो रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिने व्यवस्था गरिएको छ। कार्यविधिमा विभागले मातहतका कार्यालय तथा अन्य सञ्चारमाध्यममार्फत कार्यक्रमको व्यापक प्रचारप्रसार गर्नुपर्ने उल्लेख छ।

रिलायन्स फाइनान्स लिमिटेड, कमलादी, काठमाडौंको न्यूरोड शाखा कार्यालयको लागि आन्तरिक सजावटको कार्य तथा फर्निचर निर्माण/सप्लाई गर्ने बारे १५ दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८३/०३/०५)

यस वित्तीय संस्थाले स्थानान्तर गर्न लागेको का.जि. का.म.न.पा. वडा नं. २२ स्थित न्यूरोड शाखाको लागि आवश्यक पर्ने आन्तरिक सजावटको कार्य तथा फर्निचर निर्माण/खरिद गर्नु पर्ने भएको हुँदा उक्त कार्य गर्न इच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त फर्म, कम्पनी वा सप्लायर्सबाट निम्न बमोजिमको शर्तहरु पालना गर्ने गरि रितपूर्वकको शिलबन्दी बोलपत्र आह्वान गरिन्छ।

१. बोलपत्र फाराम रु. ३०००/- (अक्षरेपी तिन हजार मात्र) मा पछि फिर्ता नहुने गरि यस संस्थाको मुख्य कार्यालय कमलादी स्थित सामान्य प्रशासन विभागबाट खरिद गरि १५ दिन भित्र बोलपत्र पेश गर्नु पर्नेछ। यस प्रयोजनका लागि बोलपत्र बुझाउँदा खाममा शिलबन्दी गरी खामको बाहिर फर्मको नाम र ठेगाना स्पष्ट लेखि दाखिला गर्नु पर्नेछ। बोलपत्रवालाले गर्नु पर्ने कार्य तथा शर्तहरु बोलपत्र फाराम संगै उपलब्ध गराइनेछ।
२. प्राप्त भएका शिलबन्दी बोलपत्रहरु १६ औं दिन दिनको २ बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा यस संस्थाको मूख्य कार्यालय, कमलादीमा खोलिनेछ। तर शिलबन्दी बोलपत्र दाताहरु वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
३. शिलबन्दी बोलपत्र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगतै पछि कार्यालय खोलेको दिन सोही समयमा हुनेछ।
४. बोलपत्र फारामका साथ आफूले कबुल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बित्तिय संस्थाको खातामा नगदै जम्मा गर्नुपर्नेछ वा सो बराबरको विड बण्ड ग्यारेन्टी पेश गर्नुपर्नेछ।
५. बोलपत्रसाथ निम्न कागजातहरु समेत पेश गर्नुपर्नेछ।
(क) अद्यावधिक कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि (ख) मूल्य अभिवृद्धि कर PAN/VAT प्रमाणपत्रको प्रतिलिपि, (ग) कम्पनी/फर्मको संक्षिप्त परिचय तथा कार्यानुभव (Profile), (घ) बैंक/वित्तिय संस्था वा अन्य संस्थामा काम गरेको कार्य अनुभवको प्रमाणपत्र। (ङ) Partnership Deed/AOA & MOA को प्रतिलिपी (च) अधिल्लो आ.ब.को कर चुक्ता प्रमाण पत्र।
६. बोलपत्र पेश गर्ने फर्म/कम्पनीको योग्यता, अनुभव तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछ, रित नपुगेको तथा समयमा प्राप्त नभएको बोलपत्र उपर कुनै कारबाही हुने छैन।
७. प्राप्त बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा कारण जनाई वा नजनाई अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ।


RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu.
Tel: 01-5361104, 5323117, 5361041, 5361167, 5903698 | www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

जलस्रोतको अधिकार बाँडफाँट गरिँदै

चौथो स्ट्रिम अर्डरमाथिका ठुला नदीमा मात्रै केन्द्रीय सरकारको अधिकार, मझौला र साना नदी प्रदेश र स्थानीय सरकारमातहत



के हो स्ट्रिम अर्डर ?

'स्ट्रिम अर्डर' भनेको नदीको तह निर्धारण गर्ने प्रणाली हो, जसले नदी सानो हो कि ठुलो भनेर छुट्याउन सहज हुन्छ। कुनै सहायक नदी नमिसिएको नदीको 'स्ट्रिम अर्डर पहिलो' हुनेछ। दुईवटा पहिलो स्ट्रिम अर्डरका नदी मिल्दा दोस्रो स्ट्रिम अर्डरको नदी हुनेछ। दुईवटा दोस्रो स्ट्रिम अर्डरको नदी मिल्दा तेस्रो स्ट्रिम अर्डरको नदी हुनेछ। यसैगरी, दुईवटा तेस्रो स्ट्रिम अर्डरको नदी मिल्दा चौथो स्ट्रिम अर्डरको नदी बन्नेछ। समान स्ट्रिम अर्डरका नदी मिल्दा मात्रै स्ट्रिम अर्डर एक तह बढ्नेछ। अब नेपालका नदीलाई यहीअनुसार वर्गीकरण गरेर तीन तहको क्षेत्राधिकार बाँडफाँट गर्ने योजना ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको छ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

जलस्रोतको संरक्षण, उपयोग र व्यवस्थापन गर्ने मामिलामा अब संघ सरकारको क्षेत्राधिकारमा चौथो स्ट्रिम अर्डर र सोभन्दा ठुला नदी मात्रै पर्ने भएका छन्। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले तयार गरेको जलस्रोतसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदामा यस्तो प्रस्ताव गरिएको छ। मुलुक संघीय संरचनामा गएको करिब एक दशकपछि जलस्रोतको अधिकार बाँडफाँट गर्न लागिएको हो। त्यसमा चौथो स्ट्रिम अर्डर वा सोभन्दा ठुला नदी संघीय सरकारको क्षेत्राधिकारभित्र पर्ने प्रस्ताव गरिएको छ।

यस्तै, नेपालका सीमा नदी, प्रदेश सीमा नदी र सबै हिमनदी तथा हिमताल पनि संघ सरकारको क्षेत्राधिकारमा पर्ने प्रस्ताव गरिएको छ। ठुला तालतलैया तथा सिमसार क्षेत्र, अन्तर्राष्ट्रिय सन्धि-सम्झौताबमोजिम घोषित जल पर्यावरण क्षेत्र र संघको संरक्षित जल क्षेत्र पनि संघ सरकारको मातहतमा हुने गरी प्रस्ताव गरिएको छ।

■ प्रदेशलाई तेस्रो स्ट्रिमका मझौला नदी

विधेयकमार्फत प्रदेशको क्षेत्र अधिकारभित्र स्ट्रिम अर्डर तेस्रो तह भएका मझौला नदी दिने प्रस्ताव गरिएको छ। यस्तै, जलाशय क्षेत्र ६ सय हेक्टरदेखि १२ सय हेक्टरसम्म क्षेत्रफल भएका मझौला तालतलैया र स्थानीय सीमा नदी पनि प्रदेशको क्षेत्राधिकारभित्र हुने प्रस्ताव गरिएको छ। प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेको संरक्षित जल क्षेत्र पनि प्रदेशकै मातहतमा हुनेछ।

■ स्ट्रिम अर्डर पहिलो र दोस्रो तहका नदीमा स्थानीय तहको अधिकार

प्रस्तावित व्यवस्थाअनुसार स्थानीय तहलाई भने स्ट्रिम अर्डर पहिलो र दोस्रो तह भएका नदीमा क्षेत्राधिकार हुनेछ। यसैगरी, जलाशय क्षेत्र ६ सय हेक्टरभन्दा कम क्षेत्रफल भएका साना तालतलैयामा पनि स्थानीय तहको अधिकार हुनेछ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव डा. महेश्वर श्रेष्ठले नदीमा तीनै तहको अधिकार बाँडफाँट गर्ने प्रयास गरिएको बताए। 'हाल मस्यौदामा सरोकारवालाको सुझाव संकलन गर्ने काम भइरहेको छ। त्यसपछि कानुन मन्त्रालयबाट सहमति लिएर मन्त्रिपरिषद्मा पेस गर्नेछौं,' उनले भने, 'स्ट्रिम अर्डर चौथो तहभन्दा बढी भएको नदी संघको क्षेत्राधिकारमा हुनेछ। तेस्रो स्ट्रिम अर्डर भएको नदी प्रदेश र पहिलो तथा दोस्रो स्ट्रिम अर्डर भएको नदी स्थानीय तहको क्षेत्राधिकारमा हुने प्रस्ताव गरिएको छ,' उनले भने।

■ सिँचाइमा पनि क्षेत्राधिकार बाँडफाँट

विधेयकमार्फत सिँचाइमा पनि क्षेत्राधिकार बाँडफाँट गरिएको छ। विधेयकअनुसार हिमाली र पहाडी क्षेत्रमा दुई सय हेक्टरभन्दा बढी क्षमताका सिँचाइ आयोजना केन्द्रीय सरकारको मातहतमा हुनेछ। त्यस्तै, तराई, मधेश तथा भित्री मधेश क्षेत्रमा पाँच हजार हेक्टरभन्दा बढी सिञ्चित क्षेत्र भएको सिञ्चाइ आयोजनामा संघको अधिकार हुनेछ।

यस्तै, एकभन्दा बढी प्रदेशमा सञ्चालन हुने सिँचाइ आयोजना, क्लस्टर तथा ठुला नदी बेसिनअन्तर्गतका भूमिगत वा लिफ्ट सिँचाइ आयोजना, पाँच हजार वर्ग मिटरभन्दा बढी पहिरो नियन्त्रण आयोजना, नदीको एकातर्फ वा दुवैतर्फ गरी १० किलोमिटरभन्दा बढी लम्बाइको तटबन्धन वा नियन्त्रण कार्य र नदी तटबन्ध वा स्थान विशेषमा परम्परागत प्रविधि र प्रकृतिमा आधारित नदी नियन्त्रण तथा पहिरो व्यवस्थापन आयोजनामा संघको अधिकार हुनेछ।

यस्तै, प्रदेश सरकारलाई हिमाली र पहाडी क्षेत्रमा दुई सय हेक्टरसम्मका सिँचाइ आयोजनामा क्षेत्र अधिकार हुनेछ। तराई, मधेश तथा भित्री मधेश क्षेत्रमा पाँच हजार हेक्टरसम्म सिञ्चित क्षेत्र भएको सिँचाइ आयोजनामा पनि प्रदेशलाई अधिकार हुनेछ।

यस्तै, डिप ट्युबेल तथा लिफ्ट सिचाइ आयोजना, एकभन्दा बढी स्थानीय तहमा सञ्चालन हुने सिँचाइ आयोजना, एक हजार वर्गमिटरदेखि पाँच हजार वर्गमिटरसम्मका पहिरो नियन्त्रण आयोजना, नदीको एकातर्फ वा दुवैतर्फ गरी १० किलोमिटरसम्म लम्बाइ तटबन्धन वा नियन्त्रण कार्यमा प्रदेशको अधिकार हुनेछ।

यस्तै, हिमाली र पहाडी क्षेत्रमा पाँच हेक्टरभन्दा कम र तराई, मधेश तथा भित्री मधेश क्षेत्रमा एक सय हेक्टरभन्दा कम सिञ्चित क्षेत्र भएको सिँचाइ आयोजना स्थानीय तहको अधिकार हुनेछ। यसैगरी, स्यालो ट्युबेलबाट गरिने सिँचाइ आयोजना र एक हजार वर्गमिटर क्षेत्रफलभन्दा साना पहिरो नियन्त्रण तथा व्यवस्थापनसम्बन्धी कार्य स्थानीय तहको अधिकार हुनेछ।

■ तीनै तहका सरकारबिच सहकार्य अपरिहार्य : ऊर्जामन्त्री श्रेष्ठ



ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रको दिगो विकासका लागि संघ, प्रदेश र स्थानीय तहबिच प्रभावकारी समन्वय, साझा स्वामित्व र परिणाममुखी सहकार्य अपरिहार्य रहेको बताए।

मंगलबार ऊर्जा मन्त्रालयद्वारा आयोजित सातै प्रदेशका ऊर्जामन्त्री तथा ऊर्जासचिवहरू सहभागी विषयगत समितिको बैठकलाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले संविधानले परिकल्पना गरेको समृद्ध नेपालको लक्ष्य तीनै तहका सरकारबिचको सहकार्यबाट मात्रै हासिल गर्न सकिने बताए।

उनले बैठकलाई केवल छलफलमा सीमित नराखी संयुक्त कार्ययोजना, स्पष्ट जिम्मेवारी, समयबद्ध कार्यान्वयन र नियमित अनुगमनको आधार तयार गर्ने अवसरका रूपमा उपयोग गर्न आग्रह गरे। मन्त्री श्रेष्ठले सरकारले नदीलाई केवल जलस्रोतका रूपमा मात्र नभई सभ्यता, संस्कृति, जैविक विविधता, वातावरणीय सन्तुलन तथा मानव अस्तित्वको आधारका रूपमा संरक्षण गर्ने नीति अवलम्बन गरेको बताए।

■ पाँच मेगावाटसम्मको विद्युत् आयोजनामा स्थानीय तहको अधिकार

जलस्रोत विधेयकमार्फत विद्युत् आयोजनामा पनि क्षेत्राधिकार बाँडफाँट गरिएको छ। संघीय सरकारको क्षेत्राधिकारमा दुई वा दुईभन्दा बढी प्रदेशको सिमानामा पर्ने विद्युत् उत्पादन आयोजना पर्नेछ। प्रदेश सरकार र स्थानीय तहको अधिकार क्षेत्रबाहेकका विद्युत् उत्पादन आयोजनामा पनि संघकै क्षेत्राधिकार हुने प्रस्ताव गरिएको छ। प्रदेशलाई भने पाँच मेगावाटदेखि २५ मेगावाटसम्म जडित क्षमताको विद्युत् उत्पादन आयोजनामा अधिकार हुने प्रस्ताव गरिएको छ। पाँच मेगावाटसम्मका आयोजनामा भने स्थानीय सरकारको अधिकार हुनेछ।

वैदेशिक रोजगार पीडितले अनलाइनबाटै उजुरी दिन मिल्ने

काठमाडौं/ युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले वैदेशिक रोजगार विभागमा गुनासो तथा उजुरी व्यवस्थापन अनलाइन प्रणालीको उद्घाटन गरेका छन्। वैदेशिक रोजगारीमा लैजाने भनेर प्रलोभन देखाई ठगी गरेका विरुद्ध अनलाइनमार्फत नै उजुरी दिन मिल्ने व्यवस्था गरेको मन्त्री यादवले बताए। मुद्दा तथा अनुसन्धान साथै राहत तथा उद्धारलगायतका संस्थागत उजुरीका लागि अनलाइन प्रणालीको सुरुवात र विभागले पुराना फाइल डिजिटल गरिरहेको कार्यको निरीक्षण गर्दै मन्त्री यादवले अब पीडितहरूले गुनासो तथा उजुरीका लागि काठमाडौंको विभाग धाउनुनपर्ने र विदेशबाटै पनि उजुरी दर्ता गरी कारबाहीबारे बुझ्न सकिने बताए। वैदेशिक रोजगारमा हुने ठगी नियन्त्रण गरी श्रमिकलाई सहजै सेवा दिनका लागि सरकार लागिपरेको मन्त्री यादवको दाबी थियो।

प्रधानमन्त्रीले गरे तयारी पोसाक उद्योगीसँग छलफल

उद्योग र निर्यात प्रवर्द्धन गर्न काउन्सिल गठन गरिने



काठमाडौं/ सरकारले पोसाक तथा कपडा उद्योगको उत्पादन तथा निर्यात प्रवर्द्धन गर्न काउन्सिल गठन गर्ने भएको छ। प्रधानमन्त्री बालेन्द्र शाहले सम्बन्धित क्षेत्रका उद्योगी-व्यवसायीको मागबमोजिम काउन्सिल गठन गर्ने प्रतिबद्धता गरेका हुन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार नेपाल तयारी पोसाक उद्योग संघका पदाधिकारीसँग छलफल गर्दै प्रधानमन्त्री शाहले तयारी पोसाक उद्योगको विकास र विस्तारका निम्ति सरकार सबै किसिमको सहजीकरणका लागि तयार रहेको प्रतिबद्धता जनाए। स्वदेशमा उत्पादित कच्चा पदार्थमा आधारित गुणस्तरीय तयारी पोसाक उद्योग (टेक्सटाइल)को विकास र प्रवर्द्धनमा सरकारले जोड दिइरहेको उनले बताए।

छलफलमा संघका पदाधिकारीको मागबमोजिम उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा रहने गरी 'टेक्सटाइल एन्ड क्लोदिङ डेभलपमेन्ट काउन्सिल' गठन गर्ने काम तत्काल अघि बढाउन प्रधानमन्त्री शाहले सम्बन्धित मन्त्रीलाई निर्देशन दिए। काउन्सिल गठनले स्वदेशमा उपलब्ध कच्चा पदार्थमा आधारित तयारी पोसाकको निर्यात प्रवर्द्धन र आयात व्यवस्थापन गर्न सहज हुने अपेक्षा पदाधिकारीले गरेका छन्। छलफलमा संघका अध्यक्ष पशुपतिदेव पाण्डे, प्रथम उपाध्यक्ष वसन्तराज अधिकारी, महासचिव भीमकुमार गिरी, प्रमुख कार्यकारी अधिकृत सुयश खनाल र प्राविधिक सल्लाहकार प्रकाशकुमार झा रहेका थिए।

पदाधिकारीले राखेको मागबमोजिम प्रधानमन्त्री शाहले निजी क्षेत्रका तयारी पोसाकका रुग्ण उद्योगहरूलाई समेत तुरुन्तै सुचारु गर्न उद्योग मन्त्रालयलाई थप निर्देशन दिए। त्यस्तै, उनले स्वतन्त्र व्यापार सम्झौता (एफटिए) र वैदेशिक लगानी (एफडिआई) ल्याउन तत्कालै काम गर्ने, अमेरिकामा तयारी पोसाकलगायतका वस्तु रोकिएको र 'टेस्टिङ सर्टिफिकेसन' नभएकाले अब त्यसको बाटो खुलाउन परराष्ट्र मन्त्रालयलाई निर्देशन दिए। 'फार्म टु फाइबर', 'फाइबर टु फेब्रिक', 'फेब्रिक टु फेसन' र 'फेसन टु एक्सपोर्ट' उद्देश्य पूरा गर्नका लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गरिने पनि उनले प्रतिबद्धता जनाए।

इपिएस प्रणालीमार्फत यो वर्ष कोरियाले ७२ सय नेपाली श्रमिक लैजाने

अजित अधिकारी/नयाँ पत्रिका

यो वर्ष इपिएस प्रणालीमार्फत कोरियाले सात हजार दुई सय नेपाली श्रमिकका लागि कोटा निर्धारण गरेको छ। इपिएस शाखाका अनुसार सबैभन्दा बढी उत्पादनमूलक क्षेत्रमा पाँच हजार नेपाली श्रमिकका लागि कोटा निर्धारण भएको छ। त्यस्तै, कृषि तथा पशुपालन क्षेत्रमा दुई हजार र सेवा तथा वन क्षेत्रमा समान एक-एक सय नेपाली श्रमिकका लागि कोटा निर्धारण भएको छ।

तुलनात्मक रूपमा यो वर्ष धेरै कोटा निर्धारण भएको हो। गत वर्ष ५३ सय श्रमिकका लागि कोटा खुलेको थियो। जिटुजी प्रक्रियाबाट नेपाली श्रमिक आपूर्ति हुने भएका कारण कोरियाको रोजगारी तुलनात्मक रूपमा सुरक्षित र आकर्षक मानिने गरेको छ। त्यसैले बर्सेनि एक लाखभन्दा बढी युवा कोरियाली रोजगारीको सपना देखेर भाषा परीक्षामा सामेल हुने गरेका छन्। गत वर्ष ५३ सयका लागि आवेदन खुल्दा एक लाख तीन हजार युवा परीक्षामा सामेल भएका थिए।

> १८ वर्ष पूरा भई ३९ वर्ष ननाघेका युवाले ११ देखि १७ साउनसम्म अनलाइन आवेदन दिन सक्ने

भाषा परीक्षा उत्तीर्ण गरेका सबै परीक्षार्थीलाई कोरियाले रोजगारीको ग्यारेन्टी भने गर्दैन। त्यसैले आवेदनको सूचना प्रकाशित गर्दा नै इपिएस नेपालले 'कोरियन भाषा परीक्षा उत्तीर्ण गर्नु कोरियामा रोजगारीको सुनिश्चितता होइन' भने उल्लेख गरेको छ। यद्यपि, तोकिएको कोटाअनुसार बर्सेनी भाषा परीक्षा उत्तीर्ण गराएर परीक्षार्थीलाई पालो कुराउने गरिएको छ।

यसपटक तोकिएको कोटाअनुसार ११ देखि १७ साउनसम्म आवेदन दिन सक्ने म्याद राखिएको छ। तोकिएको प्रक्रिया पूरा गरी अनलाइनमार्फत आवेदिन दिनुपर्ने इपिएस शाखाले जनाएको छ। स्वीकृति आवेदकहरूको नामावली प्रकाशन गरेपछि दैनिक पाँच सिफ्टका दरले पहिलो चरणको परीक्षा सचालन गरिने भएको छ। परीक्षार्थीले कुनै एउटा क्षेत्रमा आवेदन दिएर उत्तीर्ण गरेपछि क्षेत्र परिवर्तन गर्न नपाइने व्यवस्थासमेत राखिएको छ।

'एउटा व्यक्तिले एउट क्षेत्रमा मात्र दरखास्त फाराम भर्न पाउनेछ। प्रथम चरण उत्तीर्ण गरेपछि छनोट गरिएको क्षेत्र परिवर्तन गर्न पाइनेछैन,' सूचनामा भनिएको छ। पहिलो चरणमा लिखित परीक्षा भएपछि दोस्रो चरणमा सिप परीक्षण र कार्यक्षमता मूल्यांकन हुने सूचनामा उल्लेख छ। दुवै परीक्षा पास भएकामध्येबाट अन्तिम रोस्टर सार्वजनिक हुने भएको छ।

१८ वर्ष पूरा भई ३९ वर्ष ननाघेका युवालाई आवेदनका लागि योग्यता तोकिएको छ। त्यस्तै, यसअघि कोरियामा रोजगारीका लागि गएर पाँच वर्ष काम गरेकाहरूले भने भाषा परीक्षामा सहभागी हुन नपाउने व्यवस्था गरिएको छ। एकपटक भाषा परीक्षा उत्तीर्ण गरकाहरूको समयावधि दुई वर्ष रहने व्यवस्था छ। दुई वर्षसम्म रोस्टरमा बस्दा पनि पालो नआए पुनः सुरुवातदेखि नै भाषा परीक्षामा सामेल हुनुपर्ने व्यवस्था छ।

■ परीक्षा पास गरेर कोरिया जान नपाएका युवाको संख्या १५ हजार

विगतमा तोकिएको कोटाअनुसार विभिन्न वर्षमा भाषा परीक्षा उत्तीर्ण गरेर पनि रोजगारका लागि कोरिया जान नपाएका युवाको संख्या करिब १५ हजार पुगेको छ। यी युवाले भाषा परीक्षा पास भएर बसेकालाई पहिले पठाएर मात्र नयाँ आवेदन खुलाउन माग गरे पनि सरकारले सुनुवाइ गरेको छैन। भाषा परीक्षा उत्तीर्ण गरे पनि कोरिया जान नपाएकामध्ये सबैभन्दा बढी उत्पादनतर्फ आठ हजार युवा छन्। त्यस्तै, कृषितर्फ तीन हजार, पानी जहाजतर्फ दुई हजार र पुन कोरिया जानका लागि करिब दुई हजार युवा रोस्टरमा छन्। यी युवाले कोरिया जान पाउनुपर्ने माग राखेर पटक-पटक आन्दोलन गरे पनि सुनुवाइ भएको छैन।

■ एक लाख २० हजार पुगे कोरिया

सन् २००८ देखी सुरु भएको इपिएस प्रणालीमार्फत हालसम्म एक लाख २० हजार युवाले कोरियामा रोजगारीका लागि प्रवेश पाइसकेका छन्। अहिले पनि त्यहाँ ६५ हजार युवा कार्यरत रहेको सियोलस्थित नेपाली दूतावासले जनाएको छ। जिटुजी प्रणालीमार्फत कोरियाले नेपालसहित १७ देशबाट श्रमिक आपूर्ति गर्दै आएको छ। १७ देशमध्ये नेपालबाट मात्रै सबैभन्दा बढी ४४ प्रतिशत कामदार आपूर्ति गरेको एचआरडी, कोरियाको तथ्यांक छ।

लक्ष्मी सन्राइज, डब्लुडब्लुएफ र काम्दी सिएफसिसीबिच सम्झौता

Laxmi Sunrise × काम्दी बाँके २०६१ × CONSERVATION PARTNER WWF

काठमाडौं/ वातावरण संरक्षण तथा जलवायु परिवर्तनका चुनौती सामना गर्ने प्रतिबद्धताअनुरूप लक्ष्मी सन्राइज बैंकले प्रमुख वातावरणीय अभियान 'द गोल इज ग्रिन' कार्यान्वयनका लागि डब्लुडब्लुएफ नेपाललाई प्राविधिक संरक्षण साझेदारका रूपमा आबद्ध गरेको छ।

बैंकले फिफा वर्ल्डकप २०२६ का सम्पूर्ण खेलमा हुने प्रत्येक गोलबराबर एक रुख रोप्ने प्रतिबद्धता गरेको थियो। विश्वकप फुटबलको उत्साहलाई वातावरण संरक्षणसँग जोड्दै बैंकले नेपालमा दीर्घकालीन सकारात्मक प्रभाव सिर्जना गर्ने उद्देश्यसहित यो अभियान सञ्चालन गरेको बताएको छ। यस सहकार्यअन्तर्गत डब्लुडब्लुएफ नेपालले अभियानको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनेछ। संरक्षण क्षेत्रमा हासिल गरेको लामो अनुभव र विशेषज्ञताका आधारमा डब्लुडब्लुएफ नेपालले बैंकलाई आफ्नो स्थानीय संरक्षण साझेदार काम्दी सिएफसिसीसँग जोडेको हो।

काम्दी सिएफसिसीले उपयुक्त स्थानमा स्थानीय जैविक विविधताअनुकूल रैथाने प्रजातिका बिरुवा रोप्नुका साथै तिनको दीर्घकालीन संरक्षण र व्यवस्थापन गर्नेछ भने डब्लुडब्लुएफ नेपालले प्रजाति छनोट, रोपाइँका लागि उपयुक्त क्षेत्रको पहिचान तथा पारिस्थितिअनुकूल पुनर्स्थापनासम्बन्धी प्राविधिक मार्गदर्शन प्रदान गर्नेछ।

बैंकको दिगोपनप्रतिको प्रतिबद्धता डब्लुडब्लुएफ नेपालको प्राविधिक दक्षता तथा काम्दी सिएफसिसीको समुदायमा आधारित संरक्षण अनुभवलाई एकीकृत गर्दै 'द गोल इज ग्रिन' अभियानले विद्यमान संरक्षणका प्रयासलाई थप सशक्त बनाउने, जैविक विविधताको संरक्षणमा योगदान पुऱ्याउने तथा वन संरक्षणमा समुदायको दीर्घकालीन सहभागिता अभिवृद्धि गर्ने लक्ष्य लिएको छ।

एनएमबिको प्रदेश बचत खाता सुरु



काठमाडौं/ एनएमबि बैंक लिमिटेडले सातवटै प्रदेशका लागि 'प्रदेश बचत खाता' योजना सुरु गरेको छ। देशका विभिन्न भागमा रहेका ग्राहकको स्थानीय पहिचान र वित्तीय आवश्यकतालाई ध्यानमा राख्दै बैंकले यो नयाँ बचत योजना ल्याएको बताइएको हो।

बैंकले सात प्रदेशका लागि सातवटा विशेष खाता योजना सुरुवात गरेको छ। जसमा कोशीका लागि 'कोशी बचत खाता', मधेशका लागि 'मिथिला बचत खाता', बागमतीका लागि 'बागमती बचत खाता', गण्डकीका लागि 'फेवा बचत खाता', लुम्बिनीका लागि 'बुद्ध भूमि बचत खाता', कर्णालीका लागि 'रारा बचत खाता' र सुदूरपश्चिमका लागि 'खप्तड बचत खाता' रहेका छन्।

डिजिटल बैंकिङ र बचतलाई प्रोत्साहन गर्न यस योजनामा धेरै आकर्षक सुविधा समावेश गरिएको बैंकले जनाएको छ। ग्राहकले पहिलो वर्षका लागि मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ र भिसा डेबिट कार्ड सेवा निःशुल्क प्रयोग गर्न पाउनेछन्। बैंकका अनुसार पहिलो वर्षका लागि निःशुल्क डिम्याट र मेरो सेयर खाता दर्ता सुविधा रहेको बताइएको छ।

बचत खाताको सुरुवातमार्फत बैंकले देशका सबै भागमा सजिलो, आधुनिक र डिजिटल बैंकिङ सेवा पुऱ्याउने आफ्नो लक्ष्यलाई अझ अगाडि बढाएको बताएको छ। बैंकले देशभर एक सय ९८ शाखा, एक सय ७६ एटिएम र नौवटा एक्सटेन्सन काउन्टरमार्फत बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ।

पोखरामा खुल्यो सिजीको मल्टिब्रान्ड आउटलेट



कास्की/ सिजी मोटर्सले पोखरामा मल्टिब्रान्ड आउटलेट सञ्चालनमा ल्याएको छ। आयोन, एक्सपेङ र डायुन विद्युतीय सवारीसाधनको नेपालका लागि आधिकारिक विक्रेता सिजीले पोखरामा नयाँ आउटलेट सञ्चालनमा ल्याएको हो। इभी अवलोकन, टेस्ट ड्राइभ, परामर्श, बिक्रीपछिको सेवासँगै ग्राहक सेवा एकै स्थानबाट उपलब्ध गराउने उद्देश्यसहित सिजीले पोखरा र आसपासका क्षेत्रका ग्राहकलाई लक्षित गर्दै आउटलेट सञ्चालनमा ल्याएको कम्पनीले जनाएको छ।

आउटलेटको उद्घाटन गण्डकी प्रदेश सरकारका कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री भीमबहादुर कार्कीले गरेका थिए। उद्घाटनपछि मन्त्री कार्कीले इभी विस्तारले वातावरण संरक्षण, प्रदूषण न्यूनीकरणसँगै दिगो र आधुनिक यातायात प्रणाली निर्माणमा महत्त्वपूर्ण योगदान पुग्ने बताएका थिए। कार्यक्रमका विशेष अथिति पश्चिमाञ्चल अटोमोबाइल्स डिलर्स एसोसिएसनका अध्यक्ष दीपेन्द्र कोइरालाले सिजीले उपत्यकाबाट बाहिर इभीको विस्तारमा योगदान पुऱ्याएको बताउँदै यस्ता आउटलेटले नेपालमा स्मार्ट, दिगो र प्रभावकारी मोबिलिटी समाधानतर्फ बढिरहेको यात्राको महत्त्वपूर्ण कदमका रूपमा लिएको बताए।

आउटलेटले इभीप्रतिको बढ्दो आकर्षणलाई थप प्रोत्साहन गर्ने अपेक्षा कम्पनीको छ। नयाँ आउटलेट सञ्चालनसँगै पोखरामा विद्युतीय सवारीसाधनको पहुँच विस्तार हुनुका साथै हरित यातायात प्रवर्द्धनमा थप टेवा पुग्ने विश्वास कम्पनीको छ। देशैभर रहेका आफ्ना दुई सय ६० भन्दा बढी चार्जिङ स्टेसनमार्फत सेवा दिइरहेको र यसले ग्राहकको विश्वासलाई अझ मजबुत बनाउँदै सहजता, पहुँच र भरपर्दो चार्जिङ सुविधा सुनिश्चितता प्रदान गर्दै आइरहेको कम्पनीले जनाएको छ।

विद्यालयलाई एनआइसीको सहयोग

काठमाडौं/ एनआइसी एसिया बैंकले दाङ र सुर्खेतका विद्यालयलाई शैक्षिक सामग्री सहयोग गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत वीरेन्द्रनगर- ८, सुर्खेतस्थित श्री सिद्ध बहिरा बालकको स्कुल र घोराही उपमहानगरपालिका- १८, दाङस्थित श्री आधारभूत विद्यालय, गिठेपानीका गरिब तथा विपन्न विद्यार्थीलाई विद्यालय पोसाक, झोला र शैक्षिक सामग्री प्रदान गरेको हो।

बैंकका कर्णाली सर्कल हेड जीवन शाहीले सिद्ध बहिरा विद्यालयका प्रधानाध्यापक चिन्तामणि कँडेललाई एक सय १५ थान विद्यालय पोसाक हस्तान्तरण गरेका हुन्। उक्त विद्यालयमा एक सय १५ जना विद्यार्थी अध्ययनरत छन्।

त्यसैगरी, बैंकका घोराही सर्कल हेड विनोदप्रसाद जैसीले आधारभूत विद्यालयका प्रधानाध्यापक गिरीप्रसाद भट्टराईलाई विद्यालय पोसाक, झोला र विभिन्न शैक्षिक सामग्री हस्तान्तरण गरे। सो विद्यालयमा दुई सय ६६ विद्यार्थीले पठनपाठन गर्दै आएका छन्।

दियालो टेक्नोलोजिजले भित्र्यायो जेन-४ नानो-बायो प्रविधि



काठमाडौं/ दियालो टेक्नोलोजिजले जलस्रोत, माटो र वातावरणीय संरक्षणका लागि अत्याधुनिक जेन-४ नानो-बायो प्रविधि नेपालमा भित्र्याएको छ। नेपालको सफ्टवेयर तथा डिजिटल प्रविधि क्षेत्रमा काम गर्दै आएको कम्पनीले भारतको बायोरिजेन बायोसाइन्सेज प्रालिसँगको साझेदारीमा यो प्रविधि नेपाल भित्र्याएको हो।

कम्पनीका अनुसार यो प्रविधि भित्रिएसँगै नेपालमा पहिलोपटक जलाशय पुनर्जीवन, औद्योगिक फोहोर पानी व्यवस्थापन तथा माटो सुधारका लागि अन्तर्राष्ट्रियस्तरको अत्याधुनिक जैविक प्रविधि व्यावसायिक रूपमा उपलब्ध हुनेछ। साझेदारीअनुसार बायोरिजेन बायोसाइन्सेजले आफ्ना जेन-४ जैविक उत्पादनहरू नेपालमा उपलब्ध गराउनेछ भने दियालो टेक्नोलोजिजले बजार विस्तार, प्रविधि कार्यान्वयन, डिजिटल मनिटरिङ र समग्र परियोजना व्यवस्थापनको जिम्मेवारी सम्हाल्नेछ।

दुई कम्पनीको समझदारीअनुसार जलाशयहरूको पुनर्जीवनका लागि एक्वारिगेटिन र बायोरिगेटिन नामक फाइकोरमिडिएसन प्रविधि नेपालमा प्रयोग गरिनेछ। यो प्रकृतिमा आधारित नानो न्युट्रिएन्ट प्रणाली हो, जसले पानीको पारिस्थितिक प्रणालीलाई प्राकृतिक रूपमै सन्तुलनमा ल्याउँछ।

कम्पनीकाअनुसार यो नवीन प्रविधिले पानीमा प्राकृतिक रूपमा रहेका लाभदायक सूक्ष्म जीवहरू, विशेषगरी डायटम्स तथा उपयोगी लेउलाई सूर्यको प्रकाश र कार्बनडाइअक्साइडको सहयोगमा सक्रिय बनाउँछ। यसले पानीमा प्राकृतिक रूपमै अक्सिजनको मात्रा बढाउनुका साथै पानीमा रहेका जैविक प्रदूषणका सूचकहरू बिओडी र सिओडीलाई उल्लेखनीय रूपमा घटाउने बताइएको छ। यसबाट पानीमा जम्मा भएका अतिरिक्त नाइट्रोजन र फस्फोरसको मात्रा कम गर्ने र दुर्गन्ध नियन्त्रण गर्न सकिन्छ।

हाम्रा जलस्रोत, माटो र समग्र प्राकृतिक पर्यावरणलाई नै पुनर्जीवन दिनु आफूहरूको लक्ष्य भएको दियालो टेक्नोलोजिजकी प्रोजेक्ट म्यानेजर मेलिना खनालले बताइन्। यस साझेदारीले नेपालको वातावरण संरक्षणको क्षेत्रमा नयाँ र सकारात्मक सम्भावनाहरूको सिर्जना गर्ने उनले बताइन्।

स्मार्ट शिक्षा प्रवर्द्धन गर्दै एडिबी र हुवावे

काठमाडौं/ एसियाली विकास बैंक (एडिबी) र हुवावे नेपालले स्मार्ट कक्षा तथा विद्यार्थी वैज्ञानिक अनुसन्धान सिप विकास कार्यशाला सञ्चालन गर्ने भएका छन्। यस पहलले डिजिटल प्रविधिमार्फत शिक्षण-सिकाइ प्रक्रियामा रूपान्तरण ल्याउँदै नेपालभरका विद्यार्थीका लागि गुणस्तरीय शिक्षामा पहुँच विस्तार गर्ने बताइएको छ। यी दुई संस्थाले विश्व निकेतन माविसँग मिलेर सिप विकास सञ्चालन गरेका हुन्।

शैक्षिक उत्कृष्टता र नवीन शिक्षण अभ्यासको लामो इतिहास बोकेको यस विद्यालयसँगको सहकार्यमार्फत नेपालभर स्मार्ट शिक्षाको विस्तारका लागि प्रेरणादायी नमुना विकास गर्ने लक्ष्य राखिएको छ।

यस कार्यक्रमले काठमाडौं उपत्यकाभित्रका विद्यालयलाई उपत्यकाबाहिरका विद्यालयसँग जोड्दै नेपालको पहिलो सहकार्यात्मक स्मार्ट शिक्षा प्लाटफर्म निर्माण गर्ने बताइएको छ। यस प्लाटफर्ममार्फत विद्यार्थी तथा शिक्षकले प्रत्यक्ष वैज्ञानिक अनुसन्धान सत्र, अन्तर्क्रियात्मक कक्षा तथा वास्तविक समयमै ज्ञान आदान-प्रदान गर्दै संयुक्त रूपमा सिकाइ गर्ने अवसर प्राप्त गर्नेछन्।

बिमालेख हराएको सूचना

मिति २०८३/०३/०५ गते कोहलपुर देखि नेपालगञ्ज सम्म जाँदा मेरो निम्न बिमालेख हराएको हुँदा फेला पार्नुभएका महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित सम्पर्क स्थानमा जानकारी गराईदिनुहुन हार्दिक अनुरोध गर्दछु।

नाम : **Maheshwor parajuli**
बिमा लेख नं.: **PLI 1810002185**
सम्पर्क नं.: **9848023440**
कम्पनी: **Himalayan Life Insurance Ltd.**

अधिकतम खुद्रा मूल्य प्रकाशन सूचना

इभोक नेपाल प्रा.लि. ले चाइनाबाट पैठारी गरेको निम्न बस्तुहरु अधिकतम खुद्रा मूल्य बमोजिम भएको व्यहोरा जानकारीको लागि प्रकाशन गरिएको छ।

सि. न.	मालवस्तुहरुको नाम	आकार/ प्रकार	ब्रान्ड	मोडेल	क्षमता	इकाई	अधिकतम खुद्रा बिक्रि मूल्य
1	Electric Scooter	EV	Keren	SRT 7 Lite	74V40Ah / 4000W	NOS	3,70,000
2	Electric Scooter	EV	Keren	Blaze Pro	72v50Ah / 4000W	NOS	2,80,000
3	Electric Scooter	EV	Keren	Blaze Lite	74v30Ah / 3000W	NOS	2,43,000
4	Electric Scooter	EV	Keren	Nova	72v50Ah / 4000W	NOS	2,98,000

इभोक नेपाल प्रा.लि.
एक्जीम कोड नं: ६२१२६८७७७०१३०NP
ठेगाना : उत्तरढोका, काठमाडौं
सम्पर्क : ०१-४५१३४५६

कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिनेबारे कृषि विकास बैंक लि.,लुम्बिनी प्रदेश कार्यालय भैरहवा, रूपन्देहीको ३५ दिने सूचना

(सूचना प्रकाशन मिति : २०८३।०४।०६ गते)

यस बैंकको शाखा कार्यालय रामपुर पाल्पाबाट तपशिलबमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउनबारेको २१ (एक्काइस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याजलगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूचीसम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधिबमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरू तथा बैंकबाट कर्जा लिन धितो मञ्जुरीनामा/व्यक्तिगत जमानत दिनेहरू समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानुनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

सम्बन्धित कार्यालय : रामपुर शाखा **जिल्ला : पाल्पा**

तपशिल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	उद्देश्य	भा.ना. तथा बाँकी साँवा रकम रु.	मिति २०८३।०४।०४ सम्मको ब्याज र किस्ता	जम्मा तिर्नुपर्ने रकम
१	जयमाता काष्ठ फर्निचर उद्योग (प्रो. खगनाथ न्यौपाने) (मि.नं. २४७०) (ग्राहक नम्बर : ९३९१३९)	रामपुर ३, रजघरा पाल्पा	व्यापार	८,५०,०००.००	८९,३७३.२१	९,३९,३७३.२१

फर्मको दर्ता नं. : १९७०/०६८
दर्ता भएको कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, तानसेन, पाल्पा दर्ता मिति : २०६८/०८/१९
पान नं. : ३०२४६३८२४

प्रोप्राइटर/साझेदार/सञ्चालकहरूको नाम

नाम	ठेगाना	नागरिकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
खगनाथ न्यौपाने	रामपुर ३, रजघरा पाल्पा	३९१०२८/१०४	२०६३/१०/११, पाल्पा	चुरामणि न्यौपाने	नन्दलाल

कृषि विकास बैंक लिमिटेड
लुम्बिनी प्रदेश कार्यालय, भैरहवा

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेवसाइट: www.nimb.com.np

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैकमा धितो राखेको अचल सम्पत्तिहरू लिलाम बिक्री गन सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८३/०४/०६)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीले बैकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य देदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैक तथा वित्तीय संस्थाहरुलाई जारी एककृत निर्देशन, बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैकलाई धितोवन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गर्नेलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बन्धित सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८३/०४/२० **तपसिल** **बोलपत्र खोलिने मिति २०८३/०४/२१ दिउसो ३ बजे**

क्र. सं	ऋणी/प्रोप्राइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१.	**ऋणी : इन्दिरा सुगर एण्ड एग्रो इन्डष्ट्रिज प्रा.लि.(विविध कर्जा)** प्रा.लि.नम्बर : ९८०१/०५५/५६, ठेगाना : प्रतापुर ५, नवलपरासी **ऋण प्रवाह गर्ने शाखा : केन्द्रिय कार्यालय कर्पोरेट** **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१.राकेश कुमार अग्रवाल-शेयरधनी/जमानीकर्ता,** (ना.प्र.नं. १४४४/४/१३/५०३५३, मिति २०३४/०९/२२ मा जि.प्र.का. कपिलवस्तुबाट जारी भएको), बाबु : किसन देव अग्रवाल, बाजे : सरदार मल अग्रवाल **२.प्रभा अग्रवाल-जमानीकर्ता** (ना.प्र.नं.२८१, मिति २०५०/०१/२० मा जि.प्र.का.कपिलवस्तुबाट जारी भएको) पति : राकेश कुमार अग्रवाल, ससुरा : किसन देव अग्रवाल	१. प्रभा अग्रवालको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय परासी, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, प्रतापपुर गा.वि.स./न.पा. वडा नं. ५(ख) स्थित कि.नं. ८४२(०-५-०-० विगाहा), कि.नं. ६१०(०-१-७-० विगाहा), कि.नं. ८४०(०-१-०-० विगाहा), कि.नं. ५३३ (०-०-४-० विगाहा), कि.नं. ४५७(०-६-०-० विगाहा), कि.नं. ६१२(०-०-७-० विगाहा), कि.नं. ६१३ (०-०-७-० विगाहा) र कि.नं. ६११(०-१-७-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । २.इन्दिरा सुगर एण्ड एग्रो इन्डष्ट्रिज प्रा.लि.को नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय परासी, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला,प्रतापपुर गा.वि.स./न.पा. वडा नं. ५(ख) स्थित कि.नं. २१०(०-१-११ विगाहा), कि.नं. २२३(०-१-१० विगाहा), कि.नं. ६२३(०-३-० विगाहा), कि.नं. ४७०(०-४-० विगाहा), कि.नं. ६२४(०-२-० विगाहा), कि.नं. ५.०२(०-३-० विगाहा), कि.नं. २२४(०-३-२ विगाहा), कि.नं. ५३२(०-२-२ विगाहा), कि.नं. ५३५(०-०-११ विगाहा), कि.नं. ४५८(०-८-० विगाहा) तथा ऐ.ऐ. वडा नं. ५(ग) स्थित कि.नं. ४५८(०-६-० विगाहा), कि.नं. २५३(०-३-० विगाहा), कि.नं. ८७ (०-१४-१० विगाहा), कि.नं. ४१९(०-२-१७ विगाहा), कि.नं. ४१६(०-३-७$^{१/२}$ विगाहा), कि.नं. २५५(०-१०-० विगाहा), कि.नं.१०५(०-५-० विगाहा), कि.नं. १०२(०-५-१० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । ३.प्रभा अग्रवालको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय परासी, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, प्रतापपुर गा.वि.स./न.पा. वडा नं. ५(ख) स्थित कि.नं. ५३३(०-०-४-० विगाहा), कि.नं. ४५७(०-६-०-० विगाहा), कि.नं. ६१०(०-१-७-० विगाहा), कि.नं. ६१२ (०-०-७-० विगाहा), कि.नं. ८४२(०-५-०-० विगाहा), कि.नं. ८४०(०-१-०-० विगाहा), कि.नं. ६१३ (०-०-७-० विगाहा), कि.नं. ६११(०-१-७-० विगाहा) क्षेत्रफल भएको जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । ४. इन्दिरा सुगर एण्ड एग्रो इन्डष्ट्रिज प्रा.लिको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय परासी, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, प्रतापपुर गा.वि.स./न.पा. वडा नं.५(ख) स्थित कि.नं. ३९८ (०-१-१७ $^{१/२}$ विगाहा), कि.नं. ४००(०-१-१४ विगाहा), कि.नं. ४१९(०-१२-९ विगाहा), कि.नं.४०९(०-०-१० विगाहा), कि.नं २३३(०-३-८ विगाहा), कि.नं. २२९ (०-३-१५ विगाहा), कि.नं. २३२(०-२-१३ विगाहा), कि.नं. १८४(०-१३-० विगाहा), कि.नं. २२०(०-६-११ विगाहा), कि.नं.२३१(०-२-१३ विगाहा), कि.नं. ४१८ (०-६-० विगाहा), कि.नं. ६०६(०-१-८ विगाहा), कि.नं. ३८२(०-३-० विगाहा), कि.नं.३८१(०-१२-१० विगाहा), कि.नं. ३९१(०-०-१७$^{१/२}$ विगाहा), कि.नं. ३९२ (०-०-१७$^{१/२}$ विगाहा), कि.नं. ३९७(०-०-१७$^{१/२}$ विगाहा), कि.नं. ३९९(०-१-१४ विगाहा) ऐ.ऐ. वडा नं. ५(ग) स्थित कि.नं. २२५(०-२-७ विगाहा), कि.नं. ९९ ०-७-१० विगाहा), कि.नं. ९७(०-३-० विगाहा), कि.नं. ९६(०-८-१० विगाहा), कि.नं. ९८(०-६-१५ विगाहा), कि.नं. १०४(०-२-१६ विगाहा), कि.नं. २८४ (०-३-० विगाहा) कि.नं. २८६(०-२-१० विगाहा), कि.नं. ४५०(०-५-० विगाहा), कि.नं.२८७(०-२-१० विगाहा) र कि.नं. २८५(०-१-१० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । ४. ऋणीले बैकको नाममा हाइपोथिकेशन पारित गरिदिएको ऋणीको मालसामान, स्टक मौज्दात (चिनी तथा मोलासिस, सम्पूर्ण प्लान्ट, मेशिनरी तथा औजार) जन्य विविध खाद्यान्न तथा सामानहरु । **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय परासी, नवलपरासी/सम्बन्धीत मालपोत नजिकको शाखा

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैक आफैले सकार गर्दा समेत सार्विकमा बैकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

नोट :

क) बोलपत्र फारम यस बैकको कर्जा असुली विभाग राईजङ्ग मल कमलादी काठमाडौं वा बैकको सम्बन्धित शाखाबाट दस्तुर रु १०००/- तिरी लिन सकिनेछ।

ख) बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। सो सूचना प्राप्त भएपश्चात स्वीकृत बोलपत्रदाताले बैकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम (धरौटी बापत जम्मा गरेको रकम घटाई बाँकी) तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकममध्ये धरौटी राखेको रकम घटाई बाँकी रकम दाखिला नगरेमा/गर्न नसकेमा धरौटी बापत राखिएको रकम बैकले जफत गर्न सक्नेछ।

ग) उल्लेखित सम्पत्तिहरुमध्ये अचल सम्पत्तिको हकमा सम्बन्धित निकायमा हालसम्मको तिर्न बाँकी अचल सम्पत्ति (घर-जग्गा) कर, राजस्व, मालपोत, अचल सम्पत्ति नामसारी बापत तिर्नुपर्ने रजिष्ट्रेशन दस्तुर तथा पूजीँगत लाभकर लगायतका सम्पूर्ण राजस्व, कर एवं खर्च तथा सवारी साधनको हकमा सम्बन्धित निकायमा हालसम्म तिर्न बाँकी सवारी साधन कर, प्रदुषण कर, राजस्व, सवारी साधन नामसारी बापत तिर्नु पर्ने नामसारी दस्तुर लगायतका सम्पूर्ण राजस्व एवं सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण खर्च/दस्तुर बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ।

घ) कुनै अड्डा, अदालत वा संवैधानिक निकायबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम फिर्ता दिईनेछ , तर सो मा कुनै व्याज प्रदान गरिने छैन।

ङ) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि नि : शर्त लागु हुनेछ।

■ आइसिसी विश्वकप लिग-२

नामिबियासँग नेपाल आठ विकेटले पराजित

नयाँ पत्रिका

आइसिसी विश्वकप लिग २ मा नेपाली राष्ट्रिय पुरुष टोली मंगलबार नामिबियासँग आठ विकेटले पराजित भएको छ। लिग २ अन्तर्गत ११५औँ खेलमा नेपालले नेदरल्यान्ड्सको उट्रेच मैदानमा पहिलो ब्याटिङ गरेको थियो। ५० ओभर ब्याटिङ गर्न नसकेको नेपाल ४६.५ ओभरमा १५७ रनको झिनो योगफलमा अलआउट भयो। प्रत्युत्तरमा नामिबियाले ३७.४ ओभरमा दुई विकेट गुमाएर १६० रन जोड्दै सानदार जित निकाल्यो।

नामिबियाले खेल सकिनु ७४ बलअघि प्राप्त सफलता हात पारेको हो। जितसँगै नामिबियाले अंकतालिकामा नेपालसँग बराबरी गरेको छ। उसले रनरेटमा पनि सुधार गरेको छ। हारका बाबजुद नेपाल २४ अंकका साथ पाँचौँ स्थानमै छ। नामिबिया २४ अंक जोडेर सातौँ स्थानमा झरेको छ। नामिबिया र नेपालले समान २९ खेलमा ११ जित र १६ हारको सामना गरेको छ। रनरेटमा राम्रो भएको क्यानडा छैटौँमा उक्लियो। उसको २४ अंक छ।

क्यानडाले नामिबिया र नेपालभन्दा एक खेल कम खेलेको छ। शीर्ष स्थानमा अमेरिकाले ४३ अंक बटुलेर एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताको ग्लोबल स्थान सुरक्षित गरिसक्यो। दोस्रो स्थानमा रहेको स्कटल्यान्डले ३२ खेलमा ३८ अंक जोडेको छ। नेदरल्यान्ड्सले ३२ खेलमा १४ जितका साथ ३२ अंक हात पारेको छ।

दुई महिनाअघि त्रिवि क्रिकेट मैदानमा नेपालले विश्वकप लिग २ अन्तर्गत दुई सिरिज आयोजना गरेको थियो। जसमा नेपालले १६ मध्ये १२ अंक बटुलेर अंकतालिकामा सुधार गरेको थियो। दुई महिनापछि अन्तर्राष्ट्रिय क्रिकेटमा फर्किएको नेपालले नामिबियाविरुद्ध ब्याटिङ र बलिङमा फितलो प्रदर्शन गऱ्यो।

नेपालविरुद्ध स्मिटको घातक बलिङ

नेपालको ब्याटिङ धराशयी हुनु पछाडि नामिबियाका बायाँहाते फास्ट बलर जोन्सन जोनाथन स्मिटले घातक बलिङ गरेका थिए। खेलका म्यान अफ दी म्याचसमेत भएका स्मिटले ९.५ ओभरमा एक मेडन राखी २७ रन खर्चेर सर्वाधिक ६ विकेट लिएका थिए। उनले आफ्नो करिअरमा उत्कृष्ट बलिङ स्पेल नेपालविरुद्ध गरेका हुन्। स्मिटले इनिङ्सको ०.२ ओभरमा ओपनर कुशल भुर्तेलको विकेट लिएका थिए। उनले ईशान पाण्डे, सोमपाल कामी, गुल्सन झा, करण केसी तथा नन्दन यादवको विकेट लिँदा नेपालले विदेशी भूमिमा कमजोर ब्याटिङ प्रदर्शन गऱ्यो। स्मिटले इनिङ्सको ४६.३ र ४६.५ ओभरमा दुई विकेट लिएका थिए। उनले नेपालका अन्तिम विकेटका रूपमा यादवलाई आउट पारेका थिए। उनले ६ मध्ये दुई विकेट बोल्डका रूपमा लिए। स्मिटले नेपालका चार खेलाडीलाई क्याच आउट पारेका थिए।

कप्तान र उपकप्तानको अर्धशतकीय साझेदारी

नेपालले पहिलो तीन विकेट गुमाउँदा स्कोर बोर्डमा ४० रन जोडेको थियो। इनिङ्सको १५.२ ओभरमा आसिफ बंगलादेशविरुद्ध खेल्नेछ। तेस्रो खेल आयोजक पाकिस्तान र श्रीलंकाबिच हुनेछ। ६ टोली सहभागी च्याम्पियनसिपमा एकल राउन्ड रोविनका आधारमा खेल हुनेछ। शीर्ष चारमा रहने टोलीले सेमिफाइनल खेल्नेछन्। पाँचौँ र छैटौँ स्थानमा रहने टोलीले पाँचौँ स्थानका लागि प्रतिस्पर्धा गर्नेछन्।

प्रतियोगिताको सेमिफाइनल १२ साउन र फाइनल खेल १३ साउनमा हुने आयोजकले जनाएको छ। पहिलो सेमिफाइनलमा शीर्ष स्थान र चौथो स्थानमा रहने टोली भिड्नेछन्। दोस्रो सेमिफाइनलमा दोस्रो र तेस्रो स्थानमा रहने टोलीले प्रतिस्पर्धा गर्नेछन्। सुरुमा अफगानिस्तानले पनि खेल्ने भनिएकोमा अन्तिम समयमा सहभागी नहुने जानकारी दियो। त्यसपछि अफगानिस्तानको स्थानमा उज्बेकिस्तानले अन्तिम समयमा सहभागिता पक्का गरेको हो।



अंकतालिका

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
अमेरिका	३२	२१	१०	४३	०.६९
स्कटल्यान्ड	३२	१६	१०	३८	०.६३
नेदरल्यान्ड्स	२८	१४	१०	३२	०.१६
ओमान	२८	१४	११	३१	०.०१
नेपाल	२९	११	१६	२४	-०.०२
क्यानडा	२८	१०	१४	२४	-०.२०
नामिबिया	२९	११	१६	२४	-०.४२
युएई	२४	७	१७	१४	-१.०१

दुई महिनापछि अन्तर्राष्ट्रिय क्रिकेटमा प्रतिस्पर्धा गरेको नेपालको नामिबियाविरुद्ध फितलो ब्याटिङ प्रदर्शन

सेखलाई गुमाएको थियो। त्यसपछि कप्तान रोहितकुमार पौडेल र उपकप्तान दीपेन्द्रसिंह ऐरी चौथो विकेटका लागि गतिलो साझेदारी गरेका थिए। दुवैले चौथो विकेटका लागि ८९ बलमा ५३ रनको साझेदारी गर्दै नेपाललाई ३०.१ ओभरमा ९३-४ को स्थितिमा राखे। दुवैले प्रतिओभरमा दुई रनरेटभन्दा माथि ब्याटिङ गरेका थिए।

क्रिजमा सेट हुन लाग्दा उपकप्तान दीपेन्द्रसिंहले आफ्नो विकेट स्कोल्ट्जलाई दिए। उनले ५१ बलको सामना गरी दुई चौकाको सहयोगमा ३० रन जोडे। रोहितले आफ्नो विकेट ३३.१ ओभरमा गुमाए। उनी ब्रासेलको ओभरमा आउट भएका हुन्। उनी विकेटपछाडि ग्रिनबाट क्याचआउट भए। रोहितले ६० बलमा ३१ रन जोडे। उनले आफ्नो इनिङ्समा कुनै बाउन्ड्री लगाएनन्। रोहितले क्रिज छाड्दा नेपाल ९९-६ को नाजुक स्थितिमा रहेको थियो।

पुछारका खेलाडीले सम्हाले

शीर्ष तथा मध्यक्रमका खेलाडीले गतिलो योगदान दिन नसकेको क्रिजमा भने गुल्सन, सोमपाल र करणले सुदृढ ब्याटिङ गरेका थिए। गुल्सनले १८ बलमा २० रन बनाउन समान एक चौका र छक्का प्रहार गरेका थिए। सोमपालले ३० बलमा एक चौकाको सहयोगमा १५ रन बनाए। करण केसीले १५ बलमा समान एक चौका र छक्का प्रहार गरी १८ रन बटुले। नेपालको ब्याटिङमा गुल्सन र करणले मात्र छक्का प्रहार गरेका थिए। सोमपाल र गुल्सनबिच ५० बलमा ३२ रनको साझेदारी भएको थियो। यसैगरी, करण र नन्दनबिच नवौँ विकेटका लागि १७ बलमा १६ रनको साझेदारी भएको थियो।

नामिबियाको इनिङ दुई बलियो साझेदारी

सहज लक्ष्य पछ्याएको नामिबियाको ब्याटिङमा दुईवटा बलियो साझेदारी भएको थियो। उसका लागि फयालिंक र भान लिंगेनले दोस्रो विकेटका लागि १२० बलमा ८७ रनको साझेदारी भएको थियो। फयालिंक र लोफटिए ईटनले तेस्रो विकेटका लागि अविजित ६७ बलमा ५२ रनको साझेदारी गर्दै टोलीलाई सानदार जित दिलाए। ओनपर माइकल भान लिंगेनले ७९ बलमा चार चौकाको सहयोगमा ५१ रन बनाए। फयालिंकले ८९ बलमा आठ चौका र एक छक्का प्रहार गरी ७८ रन जोडेका थिए। इटोनले ३९ बलमा १७ रन बनाए। नेपालबाट १२ अतिरिक्त रन दिएको थियो। बलिङमा कप्तान रोहितले सात बलर प्रयोग गरे। नन्दनले तीन ओभरमा १७ रन खर्चेर एक विकेट लिए। रोहितले ५.४ ओभरमा २१ रन खर्चेर एक विकेट हात पारे।

विश्वकप फाइनलमा खेलाडीबिचका झडपको अनुसन्धान सुरु



फिफाले अनुशासन आचारसंहिताको धारा ३६ अनुसार घटनामा दोषी ठहरिएका खेलाडीमाथि कडा कारबाही हुने जनाएको छ

एजेन्सी

फिफाले विश्वकप २०२६ को फाइनलपछि स्पेन र अर्जेन्टिनाका खेलाडीबिच भएको झडपबारे औपचारिक छानबिन सुरु गरेको छ। स्पेनसँग १-० ले पराजित भएपछि साबिक विजेता अर्जेन्टिनी खेलाडीहरू झडपमा उत्रिएका थिए। घटनामा संलग्न अर्जेन्टिनाका केही खेलाडीमाथि प्रतिबन्धमा पर्न सक्ने बिबिसीले जनाएको छ।

'स्पेन र अर्जेन्टिनाबिच भएको विश्वकप फाइनलको खेल प्रतिवेदनको अध्ययनपछि तथा फिफा अनुशासन संहिताको धारा ३६ अनुसार सम्भावित अनुशासन उल्लंघनको छानबिन गर्न अनुशासन तथा आचारसंहिता अभियोजक नियुक्त गरिएको छ,' फिफाले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

उपाधि रक्षा गर्न नसक्दा अमेरिकाको मेटलाइफ रंगशालामा तनावपूर्ण अवस्था सिर्जना भएको थियो। अर्जेन्टिनाका नाहुएल मोलिनाले स्पेनका कप्तान रोड्रीको पेटमा प्रहार गरेको भिडियो फुटेज सार्वजनिक भएको छ। त्यसपछि मैदानको मध्य भागमा अर्जेन्टिना र स्पेनका खेलाडीबिच झडप भएको थियो। अर्जेन्टिनाका लिएन्ड्रो परेडेसले स्पेनका एरिक ग्रार्सियाको घाँटी समातेका थिए। त्यसपछि परेडेसले ग्रासियालाई भुइँमा लडाए। झडप नियन्त्रणमा लिन रेफ्री स्लाभ्कोले भिन्चिचले खेल सकिए पछि पनि परेडेसलाई रातो कार्ड देखाएका थिए।

रेफ्री स्लाभ्कोले निर्धारित ९० मिनेटका खेल सकिनलाग्दा अर्जेन्टिनाका एन्जो फर्नान्डेजलाई दोस्रो पहेँलो कार्डपछि मैदानबाट बाहिर पठाएका थिए। रेफ्री स्लाभ्कोले अर्जेन्टिनाका अन्य तीनजना खेलाडी र मुख्य प्रशिक्षक लियोनल स्कालोनीलाई पनि पहेँलो कार्ड देखाए। फिफाले यसअघि नै अर्जेन्टिना फुटबल संघ तथा खेलाडीमाथि मैदानमा राजनीतिक सन्देशसहितको व्यानर प्रदर्शनको सम्बन्धमा पनि छानबिन गरिरहेको छ।

विश्वकपको सेमिफाइनलमा इंग्ल्यान्डलाई २-१ ले हराएपछि अर्जेन्टिनाका खेलाडीले मैदानमा फकल्यान्ड हाम्रो भनी ब्यानर प्रदर्शन गरेका थिए। अर्जेन्टिनाका खेलाडीले 'लास माल्भिनास सोन अर्जेन्टिनास' (फकल्यान्ड द्वीपसमूह अर्जेन्टिनाकै हो) लेखिएको ब्यानर प्रदर्शन गरेका थिए। जुन समर्थकहरूले एटलान्टा रंगशालाभित्र ल्याएका थिए।

खेलाडी प्रतिबन्धमा पर्न सक्ने

फिफाको नियमअनुसार खेलाडी वा टोलीले मैदानमा राजनीतिक सन्देश दिन मिल्दैन। नियम उल्लंघन भएको प्रमाणित हुँदा खेलाडी वा अधिकारीमाथि प्रतिबन्धसहित अनुशासनात्मक कारबाही हुन सक्ने फिफाले जनाएको छ। विश्वकप फाइनलमा झड्प गरेका अर्जेन्टिनाका मिडफिल्डर लियान्द्रो पारेदेस, डिफेन्डर नह्युएल मोलिना, रोबर्टो आयाला र थियागो अल्माडलगायत खेलाडीले स्पेनिस खेलाडीसँग झडपमा उत्रिएका थिए। उनीहरूमाथि कारबाही हुन सक्ने फिफाले जनाएको छ।

स्पेनिस खेलाडीले उपविजेता अर्जेन्टिनी खेलाडीलाई पदक लिन जाँदा 'गार्ड अफ अनर' दिएर सम्मान दिएका थिए। विजेता स्पेनिस टोली ट्रफी उचाल्न मञ्चमा पुग्दा अर्जेन्टिनाका खेलाडी मञ्चतर्फ पीठ फर्काएर आफ्ना समर्थकतिर उभिएका थिए। नयाँ विश्व विजेताप्रति दर्साएको अर्जेन्टिनाको यो व्यवहारलाई धेरैले खेल भावनाविपरीत भएको मानेका छन्। अर्जेन्टिनी प्रशिक्षक स्कालोनीले खेलपछि घटनालाई साम्य पार्ने प्रयास गर्दै जितमा जस्तै हारमा पनि टोली संयमित हुन नसकेको स्विकारेका थिए।

यसअघि फिफाले स्पेनिस फुटबल महासंघका तत्कालीन अध्यक्ष लुइस रुबियालेसलाई तीन वर्षको प्रतिबन्ध र सन् २०१४ को विश्वकपमा इटालियन डिफेन्डरलाई टोकेबापत उरुग्वेका लुइस सुआरेजलाई चार महिनाको पूर्ण प्रतिबन्ध लगाएको थियो।

नेपालको पहिलो खेल कजकस्तानसँग

नयाँ पत्रिका

पाकिस्तानमा आयोजना हुने काभा पुरुष भलिबल च्याम्पियनसिपमा नेपालले बुधबार आफ्नो पहिलो खेलमा कजकस्तानको सामना गर्नेछ। हरिहजुर थापाको कप्तानीमा रहेको १२ सदस्यीय नेपाली टोली प्रतियोगितामा सहभागी हुन पाकिस्तान पुगिसकेको नेपाल भलिबल महासंघले जनाएको छ।

नेपाली पुरुष भलिबल टोलीले पहिलोपटक एफआईभिबीको विश्व वरीयताको मान्यताप्राप्त प्रतियोगिता खेल्न लागेको हो।

यस प्रतियोगितापछि विश्व भलिबलको मानचित्रमा नेपालको नाम समावेश हुनेछ। सेन्टूल एसियन भलिबल एसोसियसनले मंगलबार खेल तालिका सार्वजनिक गरेको हो। 'ड्र'अनुसार दोस्रो खेलमा उज्बेकिस्तानले

जिदान बने फ्रान्सका नयाँ प्रशिक्षक

एजेन्सी

फ्रेन्च फुटबल संघले पूर्वकप्तान जिनेदिन जिदानलाई पुरुष राष्ट्रिय फुटबल टोलीको मुख्य प्रशिक्षकमा नियुक्त गरेको छ। फिफा विश्वकप २०२६ मा फ्रान्सलाई चौथो स्थान दिलाएका प्रशिक्षक डिडिएर डेसच्याम्पले सोमबार पदबाट राजीनामा दिएका थिए। डिडिएरको राजीनामा स्वीकृत गर्दै संघले जिदानसँग ६ वर्षको सम्झौता गरेको बिबिसीले जनाएको छ। जिदान सन् २०२१ पछि प्रशिक्षण जिम्मेवारीमा फर्किन थालेका हुन्।

डिडिएरले १४ वर्ष फ्रान्सको राष्ट्रिय टोली सम्हाले। यसक्रममा उनले फ्रान्सलाई एकपटक विश्वकप विजेता तथा उपविजेता बनाए। यसैगरी, सन् २०१६ को युरोकपमा समेत उनले फ्रान्सलाई उपविजेता ट्रफी दिलाएका थिए। आइतबार बिहान अमेरिकाको मेटलाइफ रंगशालामा इंग्ल्यान्डसँग तेस्रो स्थानका लागि भएको खेलमा ६-२ ले पराजित भएपछि डिडिएर प्रशिक्षकका रूपमा आफ्नो अन्तिम खेल घोषणा गरेका थिए।

जिदानले भने आफ्नो प्रशिक्षक करिअरमा स्पेनिस क्लब रियल म्याड्रिड चार सिजन बिताएका थिए। यसक्रममा उनले रियललाई युरोपियन च्याम्पियनसिप तीनपटक दिलाएका थिए। खेलाडीका रूपमा उनी विश्वकप तथा युरोकप विजेता हुन्। सन् १९९८ मा घरमै आयोजना भएको विश्वकपमा उनकै उत्कृष्ट खेल प्रदर्शनमा फ्रान्सले ब्राजिललाई ३-० ले हराउँदै विश्व च्याम्पियन ट्रफी उचालेका थिए। त्यसवेला फ्रान्सका कप्तान डिडिएर थिए। सन् २००६ मा फ्रान्सले उनको कप्तानीमा विश्वकप खेलेको थियो। त्यसवेला फ्रान्स उपविजेतामा सीमित भयो। जर्मनीमा भएको फाइनलमा जिदानले इटालीका खेलाडीलाई टाउको हिर्काएपछि सिधै रातो कार्ड पाएका थिए। उनी मैदानबाट बाहिरिएपछि



सन् १९९८ को विश्वकप तथा सन् २००० को युरोकप विजेता जिदान र फ्रेन्च फुटबल संघबिच ६ वर्षको सम्झौता

फ्रान्समाथि इटालीले पकड बनाउँदै विश्वकप नै जित्यो।

जिदानले यसअघि स्पेनिस क्लब रियल म्याड्रिडको टचलाइन सम्हालिसकेका छन्। सन् २०१६ देखि २०१८ सम्म आफ्नो पहिलो स्पेलमा उनले रियललाई लगातार तीन युइएफए च्याम्पियन्स लिग तथा एक स्पेनिस ला लिगाको उपाधि दिलाएका थिए। रियलमा उनको पहिलो कार्यकालमा क्लबले च्याम्पियन्स लिगसँगै दुईपटक ला लिगा तथा क्लब फिफा विश्वकप जितेको थियो।

६ वर्षको सम्झौता

जिदानले प्रो-लाइसेन्स लिएका छन्। रियल म्याड्रिडमा प्रशिक्षकका रूपमा रहँदा उनले प्रो-लाइसेन्स लिएका थिए। पहिलोको तुलनामा दोस्रो कार्यकाल उनले रियललाई गतिलो नतिजा दिलाउने सकेनन्। फ्रान्सका नयाँ प्रशिक्षक नियुक्त भएका जिदानलाई संघले केही दिनपछि सार्वजनिक गरिने जनाएको छ। 'फ्रेन्च फुटबल संघले केही दिनमै जिदानलाई आधिकारिक रूपमा सार्वजनिक गर्नेछ,' संघले भनेको छ, 'हामीले उनीसँग ६ वर्षको सम्झौता गरेका छौं।' फ्रान्सले आगामी सन् २०३० जुनसम्मका लागि टोलीको मुख्य प्रशिक्षकमा निदानलाई नियुक्त गरेको हो। जिदानको काँधमा अब ठुलो जिम्मेवारी छ।

उनले यो ६ वर्षभित्रमा प्रमुख अन्तर्राष्ट्रिय फुटबल प्रतियोगितामा फ्रान्सलाई राम्रो नतिजा दिलाउनु पर्नेछ। जिदानले अब सन् २०२७ को नेसन्स लिग, २०२८ को युरो र २०३० को विश्वकपसम्म मुख्य प्रशिक्षक भएर काम गर्नेछन्। यसैगरी, फ्रान्सबाट प्रकाशित हुने एल इक्विपीले जिदानको नियुक्तबारेमा फिफालाई जानकारी गराएको उल्लेख गरेको छ। फुटबल जगत्मा जिजो उपनामले प्रख्यात जिदानले करिअरमा सिरी 'ए' लिग दुईपटक जितेका थिए। उनले यो सफलता युभेन्टसबाट हात पारेका थिए।

१५औँ साफ च्याम्पियनसिप नोभेम्बरमा

नयाँ पत्रिका

दक्षिण एसियाली फुटबल महासंघले १५औँ साफ पुरुष च्याम्पियनसिपको आगामी संस्करण ४ देखि १७ नोभेम्बरसम्म बंगलादेशको ढाकामा आयोजना हुने निर्णय गरेको छ। साफ च्याम्पियनसिपको मिति र आयोजक घोषणा हुँदा नेपालको सहभागिता भने अनिश्चित बनेको छ। गत महिना फिफाले नेपालको फुटबल संघमाथि प्रतिबन्ध लगाएको थियो। फिफाको निलम्बनमा रहेको नेपालले प्रतियोगिता खेल्न पाउने वा नपाउने विषयमा अझै अन्योल कायम रहेको छ।

प्रतियोगिता सुरु हुनुअघि निलम्बन फुकुवा भएमा मात्र नेपालले साफ च्याम्पियनसिपमा सहभागिता जनाउन पाउनेछ। फिफाले निलम्बन फुकुवा नगरेको खण्डमा नेपाल साफ च्याम्पियसिप सहभागी हुन पाउनेछैन। पटक-पटक स्थगित हुँदै आएको प्रतियोगिताको मिति महासंघले तय गरेको हो।

साफ कार्यसमितिको बैठकले मंगलबार प्रतियोगिता बंगलादेशमा गर्ने निर्णय गरेको हो। साफ च्याम्पियनसिप सन् २०२५ मै 'होम एन्ड अवे' ढाँचामा सञ्चालन गर्ने योजना बनाइएको थियो। तर प्रायोजक, बजेट तथा प्राविधिक व्यवस्थापन नमिल्दा बंगलादेशले प्रतियोगिता एक वर्षपछि सारिएको थियो।

बंगलादेशले प्रतियोगिता गर्न नसक्ने अवस्था आउँदा श्रीलंकाले साफले प्रतियोगिता गर्ने प्रस्ताव पठाएको थियो। श्रीलंकाली फुटबल संघले केन्द्रीय प्रतियोगिताका रूपमा आयोजना गर्ने प्रस्ताव अघि सारेको थियो। तर, प्राविधिक तथा व्यवस्थापकीय कठिनाइ देखाउँदै श्रीलंकाले पछि आयोजक बन्न नसक्ने जनायो।

फिफाको निलम्बनमा रहेको नेपालको ढाकामा हुने साफ च्याम्पियनसिपमा सहभागिता अनिश्चित



■ ११ अगस्टमा 'ड्र' हुने

महासंघले प्रतियोगिताको अफिसियल लोगो २५ जुलाईमा सार्वजनिक गर्नेछ। अफिसियल 'ड्र' अगस्ट १ मा भुटानको थिम्पुमा हुनेछ। साफ च्याम्पियनसिप २०२६ को मिति र आयोजनास्थल घोषणा गर्न हर्षित रहेको साफका महासचिव पुरुषोत्तम कट्टेलले बताए। क्षेत्रीय फुटबलको प्रमुख प्रतियोगितामा सबै सदस्य संघहरूले सहभागिता जनाउने अपेक्षा उनले लिएका छन्। फिफा विश्वकप २०२६ सकिएकाले साफ च्याम्पियनसिपले थप नयाँ उत्साह थप्ने विश्वास साफले लिएको छ। बंगलादेशले यसअघि सन् २०१८ मा साफ आयोजना गरेको थियो।

Invitation for Bid Notice

Date of Bid publication: July 22, 2026

1. Nepal Eye Program, Tilganga Institute of Ophthalmology (NEP/TIO) invites sealed bids from eligible and qualified suppliers/contractors for the 'Renovation work of Dechen Dongala Memorial Eye Care Center at Phungling, Taplejung' as detailed below. Bid ID: NEP/TIO/Renov._TPG-01/2083/84.

S. N.	Description of Works	Bid bond (120 days validity)	Bid document fee	Last date of Bid Purchase	Last date of Bid Submission	Bid Opening Date
1	Renovation work of Dechen Dongala Memorial Eye Care Center, Phungling-6, Taplejung	55,500.00	3,000	6 August 2026, 5:00 p.m.	7 August 2026, 12:00 Noon	7 August 2026, 12:30 p.m.

2. A complete set of the Bidding Documents may be purchased, and further information may be obtained, from the Procurement Department of Nepal Eye Program, Tilganga Institute of Ophthalmology (NEP/TIO) by eligible bidders.
3. The non-refundable bid document fee shall be deposited in the account of '**Nepal Eye Program, Surgi Center**' maintained at Prabhu Bank Ltd., **Account No.: 0010079046500441**.
4. The outer envelope shall be clearly marked with submitted by, submitted to, and the project name.
5. NEP/TIO reserves the right to accept or reject, in whole or in part, any or all bids without assigning any reason whatsoever.

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com